# भीरकोट दर्पण

अङ्क-२








भीरकोट-पोखरा सामीप्य सदन

# भीरकोट पोखरा सामीप्य सदनका वर्तमान कार्यसमिति


अध्यक्ष
श्री श्यामप्रसाद रेग्मी


उपाध्यक्ष
श्री शुक्रराज काफ्ले


महासचिव
श्री टोलप्रसाद अर्याल


सचिव
श्री प्रभा रेग्मी लम्साल


कोषाध्यक्ष
श्री उषा के.सी


सदस्य
श्री देवी अर्याल


सदस्य
श्री शारदा अर्याल


सदस्य
श्री सीता रेग्मी


सदस्य
श्री लक्ष्मी के.सी अधिकारी


सदस्य
श्री विष्णु खनाल


सदस्य
श्री निरज गुरुङ


सल्लाहकार
श्री लीलाप्रसाद पंगेनी


सल्लाहकार
श्री रामप्रसाद श्रेष्ठ


सल्लाहकार
श्री कृष्ण के.सी


सल्लाहकार
देवीप्रसाद अर्याल


सल्लाहकार
एकनारायण अर्याल


सल्लाहकार
लालबहादुर गुरुङ

# हार्दिक शुभकामना

विजया दशमी, शुभ– दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण बुबा,आमा, दाजु भाई, दिदी, बहिनी, शुभ–चिन्तक महानुभावज्यूहरुमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**रोहितराज बाँस्तोला**

**अध्यक्ष एवम्**

**उच्च अदालत बार एसोसियसन पोखरा परिवार**

संस्थाको बैठकमा सहभागीहरु



हाल विदेशमा रहनु हुने हाम्रा सहयोगी व्यक्तित्वहरु क्रमशः सुमन रेग्मी, राजनकुमार अधिकारी, नरबहादुर थापा र विष्णु खनालका तस्बिर





मुक्तिनाथ
जीवन वरदान
योजना
भविष्य आफ्नै हातमा
जीवन सुरक्षा मुक्तिनाथमा
लकर सुविधामा
50%
छुट
नि:शुल्क
VISA
डेबिट कार्ड
नेपालको जुनसुकै
VISA Network ATM बाट
नि:शुल्क रकम
निकाल्न सकिने
सर्वाधिक
बार्षिक ब्याजदर
(मासिक भुक्तानी)
रु ५ लाखको
क्यान्सर
विरुद्ध सुरक्षा
शर्तहरु लागु हुनेछन्।
रु १० लाखको
दुर्घटना
मृत्यु बीमा
FREE
ASBA, ABBS सुविधा, Mobile बैकिङ्ग, Internet बैकिङ्ग
Balance Certificate, चेक बुक
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"
Toll free
1660-014-9999




आधुनिक प्रविधि मार्फत नेपालमा उत्पादित
कृषक
अर्गानिक मल
ENVIRONMENT FRIENDLY
100% ORGANIC
NO HARM TO NATURE
Khilung Kalika
Agro Farm Pvt. Ltd.
खिलुङ्ग कालिका एग्रो फार्म प्रा. लि.
An enterprise of
KK AGRO
कृषक मल प्रयोग गरौं
माटोको उर्वराशक्ति बढाऔं




Khilung Kalika
Agro Farm Pvt. Ltd.
खिलुङ्ग कालिका एग्रो फार्म प्रा. लि.
हाम्रो विश्वसनीयता
स्वस्थ अण्डा तथा कुखुरा उत्पादनको प्रतिबद्धता

# भीरकोट दर्पण


**अङ्क-२, आश्विन २०७६**

*भीरकोट-पोखरा सामीप्य सदन, पोखराको प्रकाशन*

**संरक्षक:**

*छायाराम खनाल*

**प्रमुख**

**भीरकोट नगरपालिका**

**प्रधान सम्पादक :**

*श्यामप्रसाद रेग्मी*

**कार्यकारी सम्पादक:**

*नवराज रेग्मी*

**सम्पादकहरु:**

*लिलाप्रसाद पंगेनी*

*टोलप्रसाद अर्याल*

*प्रभा लम्साल रेग्मी*

*विष्णु खनाल*

*रेशमप्रसाद रेग्मी*

*वेदप्रसाद अर्याल*

*चोलाकान्त काफ्ले*

*अमृत अर्याल*

*जगदीश कोइराला*

**प्रकाशक**

*भीरकोट-पोखरा सामीप्य सदन*

मुद्रण: बन्धु अफसेट प्रेस
पोखरा-८, नयाँबजार
फोन नं.: ०६१-५३२३४४
ईमेल : bandhupress@gmail.com

यस प्रकाशनमा प्रकाशित लेखरचनाहरूमा व्यक्त धारणा र तथ्याङ्कहरू लेखकका निजी धारणा र खोजका प्राप्ति हुन । यसमा प्रकाशक तथा सम्पादक मण्डलको जवाफदेहीता रहने छैन । संम्पादक मण्डल ।

प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा, नेपाल

## शुभकामना

भीरकोट-पोखरा सामीप्य सदन पोखराले **'भीरकोट दर्पण'** को दोश्रो अंक प्रकाशन गर्न लागेको खबर पाउँदा मलाई खुसी लागेको छ ।

भीरकोटको समग्र धर्म, संस्कृती, पुरातात्विक महत्वका विषय तथा अन्य विषयवस्तु समेटी स्मारिका प्रकाशन गरेर आफ्नो जन्मभूमीप्रति थोरै भए पनि भार उठाउनु सह्रानीय काम हो । आफ्ना गतिविधि, अभिलेखहरु समावेश गरी प्रकाशित गर्ने स्मारिका **'भीरकोट दर्पण'** भीरकोट-पोखरा सामीप्य सदनको काम कारवाही बारे जानकारी लिन चाहाने व्यक्ति तथा संस्थाका लागि उपयुक्त सन्दर्भ सामाग्री श्रोत बन्ने छ भन्ने मैले विश्वास लिएको छु ।

**'भीरकोट दर्पण'** स्मारिका आगामी वर्षहरूमा परिमार्जित र अझ परिस्कृत प्रकाशन निरन्तरताको शुभकामना व्यक्त गर्दछु ।

...............

(बाबु राम कुँवर)

प्रदेश प्रमख

**प्रदेश प्रमुख**

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# शुभकामना



"भीरकोट - पोखरा सामीप्य सदन" पोखराले भिरकोट नगरपालिकाको ऐतिहासिक, सामाजिक, धार्मिक, सांस्कृतिक अवस्था र सम्भावनाको विविध पक्षहरुको संग्रहको रुपमा **भीरकोट दर्पण** दोश्रो अङ्क प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

आफ्नो स्थापना देखिनै कास्की जिल्लाका विभिन्न भागमा बस्ने भीरकोटेहरुका बिचमा चिनजान र पारस्परिक सहयोगका माध्यमबाट पारिवारिक स्तरको सम्बन्ध स्थापनामा पुलको काम गर्दै आएको छ । प्रकाशोन्मुख **भीरकोट दर्पण** दोश्रो अङ्कले आम पाठक, सम्पूर्ण भीरकोटबासी, सरोकारवाला र शुभचिन्तकलाई भीरकोटको बहुआयामिक सुचना संप्रेषणमा सहयोग पुऱ्याउनेछ भन्ने विश्वासकासाथ **भीरकोट दर्पण** अङ्कको निरन्तरताको कामना सहित "भीरकोट - पोखरा सामीप्य सदन" पोखराको उत्तरोत्तर प्रगतिको शुभकामना दिन चाहन्छु ।

२०७६ भाद्र

पृथ्वीसुब्बा गुरुङ
मुख्यमन्त्री

# शुभकामना



भीरकोट- पोखरा सामीप्य सदन, पोखराले *भीरकोट दर्पण*को दोश्रो अंक प्रकाशित गर्न लागेकोमा म लगायत भीरकोट नगरपालिका परिवारलाई अत्यन्तै खुशी र हर्ष लागेको छ ।

भीरकोट- पोखरा सामीप्य सदनले आफ्नो स्थापनादेखि नै भीरकोट नगरपालिकाको इतिहास, नगरपालिकाको आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्था, पर्यटन विकासका सम्भावनाहरूको सम्बन्धमा विभिन्न लेख-रचनामार्फत् पाठक वर्गहरूमा जानकारी गराएको तथा भीरकोट नगरपालिकाका निर्वाचित पदाधिकारीहरू र भीरकोट नगरपालिका क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरूको नामनामेशी र ठेगाना समेत समावेश गरी प्रकाशन गर्न लागेको भीरकोट दर्पणले स्वदेश तथा विदेशमा रहेका नगरपालिकाका शुभचिन्तकहरूलाई नगरपालिकाको समग्र विषयमा जानकारी राख्न, जान्न तथा बुझ्नका लागि ठूलो सहयोग पुग्ने भन्ने आशा र विश्वास लिएको छु ।

भीरकोट- पोखरा सामीप्य सदन, पोखराले आफ्नो स्थापनाको छोटो समयमा गरेको प्रयासले यसका आम पाठक तथा नगरपालिकामा बसोबास गर्ने नगरवासी र स्वदेश तथा विदेशमा रहेका नगरपालिकाका सहयोगी तथा शुभचिन्तकहरूलाई नगरपालिकाको विषयमा थप सूचना र जानकारी उपलब्ध गराउने कार्यमा निरन्तर लागिरहने कुरामा विश्वस्त हुँदै आगामी दिनमा यसको निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु । *भीरकोट दर्पण*को दोश्रो अंक प्रकाशन गर्ने कार्यमा संलग्न भीरकोट- पोखरा सामीप्य सदनमा आवद्ध पदाधिकारीहरू, सदस्यहरू, दर्पण प्रकाशनका लागि आफ्नो अमूल्य लेख - रचना उपलब्ध गराउने स्रष्टा तथा विद्वत वर्गहरू, दर्पण प्रकाशित गर्ने कार्यमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने संघसंस्थाहरू तथा महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै प्रकाशित दर्पणको सफलता र निरन्तरताको समेत शुभकामना व्यक्त गर्दछु ।

छायाराम खनाल<br>
नगर प्रमुख<br>
भीरकोट नगरपालिका

# सम्पादकको तर्फबाट

हाम्रो प्रिय नगरी भीरकोटलाई चियाउने सानो आँखीझ्यालका रूपमा प्रकाशनारम्भ गरिएको भीरकोट दर्पणको दोस्रो श्रृङ्खला **भीरकोट दर्पण-२** लाई सौगातका रूपमा लिएर हाम्रा श्रद्धेय शुभेच्छुक तथा प्रबुद्ध पाठकहरूसामु यसरी उपस्थिति जनाउन पाउँदा हामीलाई निकै हर्ष लागेको छ । निसन्देह यो निरन्तरता नै हो तापनि **निरन्तरतामा नयाँ** खोज्ने सानो प्रयास पनि हो भनेर निवेदन गर्दा बढी नहोला कि भन्ने लाग्दछ । यो श्रृङ्खलामा पनि हामीले हाम्रो काँचोपनलाई पकाउन सकेनौं कि भन्ने संकोच त छँदैछ, यद्यपि जे जति गर्‍यौं र भयो, त्यसमा हाम्रो इमान्दार प्रयास थियो भन्ने कुरालाई हाम्रा प्रबुद्ध पाठक/अध्येताहरूको विवेकले नधिक्कार्ला भन्नेमा हामी विश्वस्त छौं । सिर्जनाले सकिएँ, खोजले थाकें र परिष्कारले पुग्यो कहिल्यै भन्दैन भन्ने शास्वत सत्यलाई सम्झने हो भने हाम्रो अपूर्णता पनि स्वाभाविकै हो भन्ने हामीलाई लागेको छ। निश्चय नै सोचेजसरी कर्म गर्न सकिएन, सम्झेजसरी रङ्ग भर्न सकिएन। कहिलेकाहीं काम सकिएपछि कमजोरी कराउँदोरहेछ भन्ने सूक्ष्म अनुभूति यसपालि पनि हामीलाई भएकै छ । यो सानो आँखीझ्यालबाट हामीले भीरकोटको सम्पूर्णतालाई नियाल्यौं, त्यसको विराटतालाई छाम्यौं र गहिराइलाई नाप्यौं भन्ने वृथाभिमान र असत्य-अहम्‌बाट हामी सचेत मुक्त छौं, तैपनि शून्यमा एकांशै भए पनि एउटा सुनौलो टुसो उमार्न सकियो कि भन्नेमा भने हामीलाई निकै सन्तोष लागेको छ । भीरकोट केवल भूगोलमात्रै होइन, यो बहुविध धर्म, संस्कृति, प्रकृति, भाषा, जाति, इतिहास आदि सबैको समग्र-समुच्चय विराटता हो, जसलाई नाप्न प्रकाशनका यस्तै धेरै श्रृङ्खलाहरूले निरन्तरता पाउनुपर्छ भन्ने मा कुनै दुईमत हुन सक्तैन । गागरमा सागर अटाउँछु भन्ने दुस्साहस नगर्नु नै उचित हुन्छ भन्ने बोध हामी सबैलाई छ, त्यसैले जति देख्न सकियो त्यति लेखियो, जति खोज्न सकियो त्यति पाइयो र जति हिँड्न सकियो त्यति यात्रा सम्पन्न गरियो भनेर इमान्दार स्वीकृति जनाउनु नै विवेकोचित होला भन्ने लागेको छ । सामर्थ्यले आफ्नो सीमा निर्धारण गर्छ भन्नेमा हामी सबै जानकार छौं नै ।

यसलाई यस्तै र यत्तिकै अवस्थामा ल्याउन पनि जिम्मेवारीको यात्रा सहज थिएन नै । धेरै भीरकोटे मनहरूको सामूहिक सत्प्रयासको सत्परिणाम हो यो दोस्रो श्रृङ्खला भन्दा अधर्म नठहर्ला । यसका लागि जुटेका कर्मशील हातहरू र सफा मनहरू सबै प्रति स-सम्मान साधुवाद टक्र्याउनु हाम्रो पहिलो कर्तव्य हुनेमा कुनै शङ्का छैन । यसमा विशेष गरेर यसका श्रद्धेय संरक्षक भीरकोट नगरप्रमुख छायाराम खनालज्यू, वहाँको नगरपरिवार, विभिन्न विद्यालयका प्रधानाध्यापकज्यूहरू, लेख-रचना उपलब्ध गराउने आदरणीय लेखकहरू, आर्थिक सहजताका लागि विज्ञापन दिने विज्ञापनदाताहरू,

आवश्यक तथ्याङ्क-सूचना तथा फोटाहरू संप्रेषण गर्ने स्रोत व्यक्तिहरू, उद्योग वाणिज्य संघका पदाधिकारीहरू सबै-सबै यो सम्मान र साधुवादका लागि पहिलो दावेदार हुनुहुन्छ भन्दा हामीलाई पनि गर्व लागेको छ । यसका साथै लण्डन प्रवासमा रहेर पनि हाम्रो यो प्रयासमा आर्थिक र मानसिक रूपमा जोडिँदै हाम्रो संस्थालाई अमूल्य आर्थिक सहयोग पुऱ्याउने श्री सुमन रेग्मी, श्री विष्णु खनाल, श्री नरबहादुर थापा र श्री राजन अधिकारीप्रति पनि हामी विशेष आदरका साथ हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । यसै सिलसिलामा यस दर्पणको प्रकाशनका क्रममा मुद्रणको कार्य समयमै सम्पन्न गर्ने **बन्धु अफसेट प्रेस**का सञ्चालक आत्मीय मित्र श्री गोबिन्दप्रसाद रेग्मीज्यूलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं ।

सम्पादनको कर्म र धर्मअनुसार तथा परिष्कार-प्रेमका कारण हामीलाई प्राप्त कतिपय लेखरचनाहरूलाई काँटछाँट गर्नु परेको भए पनि लेखीय र लेखकीय आत्मालाई मारेका छैनौं भन्ने लागेको छ र यसमा आदरणीय लेखकहरूले अन्यथा ठान्नुहुने छैन भन्नेमा हामी विश्वस्त छौं । कतैकतै सिकारू-सम्पादनको गन्ध आएमा क्षमा मिल्ने नै छ भन्ने आशा पनि हामीलाई लागेको छ । यो यात्राको थालनी चरण हो, बिसौनी कहाँ छ हामीलाई थाहा छैन । हाम्रो यो सहयात्रा अझ समावेशी हुनुपर्दछ भन्नेमा पनि कुनै द्विविधा छैन । भीरकोटलाई चिनाउने यो प्रयासमा आगामी दिनहरूमा **भीरकोट दर्पण विशेषाङ्क** पनि निकाल्ने हाम्रो सोचले कत्तिको सार्थकता प्राप्त गर्ला त्यो प्रतीक्षाकै विषय हो । यो थालनीले हाम्रो अनुज-पुस्तालाई पनि अलि सचेत र उत्तरदायी बनाउन सके हाम्रो कर्मले पनि थोरै ऐतिहासिक मूल्य प्राप्त गर्न सक्थ्यो कि भन्ने अनुभूति भएको छ ।

यो भेट अहिलेलाई यस्तै भयो भनेर उम्कन पाइने ठाउँ त छैन नै तैपनि नभनी सुखै छैन- अहिलेलाई यस्तै भयो । हाम्रा प्रबुद्ध पाठकहरूबाट हामी सिर्जनात्मक सुझावको व्यग्र प्रतीक्षामा रहनेछौं र आगामी श्रृङ्खलाहरूमा त्यसले हामीलाई परिष्कार को अर्को सिँढी चढाउनेछ भन्ने लागेको छ । अन्तमा पुन ः यसलाई यस अवस्थासम्म ल्याउने सत्प्रयासमा जोडिनुभएका सबै दृश्य-अदृश्य हात र न्याना साथहरूप्रति हार्दिक नमन व्यक्त गर्दै विजया दशमी, शुभ-दीपावली, छठ र इद-२०७६ जस्ता राष्ट्रिय, जातीय पर्वहरूको पावन अवसरमा भीरकोटवासीलगायत देश-विदेशका नेपाली बुवाआमा, दाजुभाइ तथा दिदीबहिनीहरू सबैमा न्यानो र मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

**जय भीरकोट ।**

**सम्पादक मण्डल**

# विषय सूची


| | | |
|---|---|---|
| भीरकोट–पोखरा सामीप्य सदन : हिजो, आज र भोलि | –श्यामप्रसाद रेग्मी | १ |
| भीरकोटमा पर्यटकीय विकासको संभावना, ... | –ध्रुवप्रसाद अर्याल | ११ |
| धार्मिक पर्यटनका दृष्टिले छाङ्छाङ्दी क्षेत्र | –छायाराम खनाल | २३ |
| मेरो आँधीखोला | – नवराज रेग्मी | २७ |
| हाम्रो सनातन संस्कृति | –डा. नारायणप्रसाद अधिकारी | २९ |
| भीरकोटमा सम्भाव्य कृषि र मासिक कृषि ... | – लिलाप्रसाद पंगेनी | ३३ |
| भीरकोटले जन्माएका एक नक्षत्रः ऋषिकेश शाह | –राजेन्द्र रेग्मी | ३९ |
| भीरकोटको वन : एक झलक | – प्रभा लम्साल रेग्मी | ४१ |
| भीरकोटका शक्तिपीठहरू | –टोलप्रसाद अर्याल | ४७ |
| भीरकोटको भौतिक भूगोल | –वेदप्रसाद अर्याल | ५३ |
| सम्पदाहरूको आँखीझ्यालबाट बास्तरालाई चियाउँदा | –श्री बाबुराम श्रेष्ठलगायत | ५५ |
| रहस्यमै रहेको गडहरे गुफा | –भीमबहादुर गुरुङ | ५९ |
| आस्थाकी देवीः पतलादेवी | –अमृत अर्याल | ६१ |
| भीरकोट मौलाकालिका मन्दिर : एक चिनारी | – स्थानीय र मन्दिरका पूजारी | ६५ |
| बिर्सिएको ऐतिहासिक सम्पदाः भीरकोट दरबार | –श्यामप्रसाद रेग्मी | ६९ |
| सूचना प्रविधि–मैत्री भीरकोट नगर | – कमल रेग्मी | ७३ |
| प्रजातन्त्र | –आरती वि.क | ७५ |
| भीरकोट–पोखरा सामीप्य सदनका आजीवन सदस्यहरूको नामावली | | ७९ |
| भीरकोट नगरपालिकाभरका संस्था तथा संस्था प्रमुखहरूको विवरण | | ११९ |
| नेपाल टेलिकमद्वारा बयरघारी बजारमा वितरित टेलिफोन नम्बरहरू | | १२६ |

# भीरकोट–पोखरा सामीप्य सदन : हिजो, आज र भोलि



**श्यामप्रसाद रेग्मी**
**अध्यक्ष, भीरकोट–पोखरा सामीप्य सदन**

हाम्रो भीरकोट नगरी, गण्डकी प्रदेश, स्याङ्जा जिल्लाको बीच भागबाट बहने प्रसिद्ध आँधीखोलाले दायाँ र बायाँ दुवैतर्फ काखी च्यापेको र विभिन्न विशेषताले भरिएको ऐतिहासिक भूमि हो । नेपालमा लामो समय शासन सञ्चालन गरेका शाहवंशीय शासकका पूर्वज भारतबाट रिडीको बाटो हुँदै भीरकोट आई बसेका थिए भन्ने इतिहास पाइन्छ । भूपाल खान (पछि थर शाहमा परिवर्तन) का दुई छोरा खान्चा खान र मिचा खानमध्ये जेठा खान्चा खान (हरिहर खान) ले भीरकोटमा शासन गरेजस्तै भाइ मिचा खानका सन्तान स्याङ्जा, नुवाकोट, कास्की, लमजुङ, तनहुँ, गोरखा हुँदै नेपाल उपत्यकामा प्रवेश गरी उनकै वंशज पृथ्वीनारायण शाहले नेपाल एकीकरणको शुरूवात गरी विशाल नेपालको निर्माण गरेको इतिहास साक्षी छ ।

नेपाल राज्यको एकीकरणको बेला चौबिसी राज्यमध्ये भीरकोटले शक्तिशाली राज्यका रूपमा आफ्नो प्रभाव जमाएको पाइन्छ । राजा राजेन्द्रको पालामा वि.सं. १९०३ मा जंगबहादुर राणाले कोतपर्वको माध्यमबाट १०४ वर्षसम्मको जहानियाँ राणा शासनको शुरूवात गरका थिए । राणाकालका अन्तिम प्रधानमन्त्री मोहन शमशेर भए । यिनैको पालामा वि.सं. २००७ सालमा राणाकाल समाप्त भयो । यो एकतन्त्रीय जहानियाँ राणाशासन कालसम्म पनि भीरकोटले कुनै न कुनै रूपमा आफ्नो अस्तित्व कायम गरिरह्यो । वि.सं. २००७ सालमा राणाशासन समाप्त भै वि.सं. २०१७ सालसम्म पनि जनबोलीमा भीरकोट भूमिले श्रद्धा पाइरह्यो । वि.सं. २०१७ सालपछि पञ्चायती व्यवस्थाको थालनी पश्चात् यस भीरकोट क्षेत्रमा विभिन्न गाउँ पञ्चायत र गाउँ विकास समितिका नाउँमा शासन सञ्चालन भयो । वि.सं. २०७२ आश्विन १ गते यस क्षेत्रलाई भीरकोट नगरपालिकाका रूपमा परिवर्तन गरियो भने स्थानीय तह पुनः संरचना अनुरूप पनि यसलाई भीरकोट नगरपालिकाकै रूपमा स्वीकार गरियो । साविक दारसिंह दहथुम, खिलुङ देउराली, ढापुक, सिमल भञ्ज्याङ र बानेथोक देउरालीका सबै क्षेत्र र छाङछाङ्दी, स्वरेक तथा कालिकाकोटका केही भागहरू यसै भीरकोटमा मिली भीरकोट नगरपालिका निर्माण भयो ।

मानव विकासको क्रमसँगै ठाउँ-ठाउँमा बस्ती विकास भएको पाइन्छ । संसारका

पूराना सभ्यतामा जमिनको बनोट, हावापानी, उत्पादन, वस्तुभाउलाई चरन बढी मात्रामा जुन ठाउँमा प्रयाप्त पाइन्छ, सो ठाउँमा बस्ती बढ्न थाल्यो । अर्थात् मानिस जुन ठाउँमा विकासका पूर्वाधार बढी मात्रामा हुन्छ, सोही ठाउँमा बस्न चाहन्छ । सायद शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, खानेपानी, बजार आदि सबै भीरकोटमा भन्दा पोखरामा बढी भएर होला भीरकोटबाट पोखरा आउने क्रम बढ्दै गरेको यो क्रम घट्दो रूपमा छैन, बढ्दो रूपमा देखिन्छ ।

सामीप्यको अर्थ हुन्छ - नजिक हुने काम । हाल गण्डकी प्रदेश, स्याङ्जा जिल्ला भीरकोट नगरपालिकाका सबै क्षेत्रबाट कास्की जिल्लाका विभिन्न ठाउँमा आई बस्नेहरूको संख्या धेरै भैसकेको छ । एक भीरकोटे र अर्को भीरकोटेबीच चिनजानसम्म पनि नहुनु राम्रो होइन । यसरी पोखराका विभिन्न ठाउँमा बस्दै आएका एक भीरकोटे र अर्को भीरकोटेबीच चिनजान, आपसी सद्भाव, सहयोग गर्ने वातावरण बनाउने तथा भीरकोट र पोखराको बीचमा पुलको काम गर्ने संस्थाको नाम नै भीरकोट पोखरा सामीप्य सदन हो ।

पोखराका भिन्न-भिन्न स्थानमा भिन्न-भिन्न पेशा व्यवसायमा संलग्न वा बसोबास गर्ने व्यक्तिहरूको साझा संस्था नहुँदाको अवस्थामा हामी आफूलाई असहज र एक्लो महसुस गर्दैथ्यौं । “संघौ शक्ति कलौ युगे” यस अवस्थामा मानिस कुनै न कुनै संस्थामा आवद्ध हुनुपर्छ । कुनै सामाजिक संस्थामा आवद्ध नहुनु नै एक्लोपन हो । एक्लो मानिसले आफ्नो जीवननिर्वाह गर्न पनि गाह्रो पर्छ । मानिस आफ्नो व्यक्तिगत वा सामाजिक विकास गर्न कुनै न कुनै सामाजिक संस्थामा आवद्ध हुनै पर्दछ ।

माथिका तथ्यलाई दृष्टिगत गरी मिति २०७४/०६/१८ का दिन पो.म.न.पा.-१७, विरौटास्थित सनफ्लावर क्याटरिङ एण्ड पार्टी प्यालेसमा श्री राम प्रसाद श्रेष्ठको अध्यक्षतामा भएको ६७ जनाको पहिलो भेलाले ‘भीरकोट पोखरा सामीप्य सदन’ नामक संस्थाको जन्म दियो ।

## तदर्थ समिति र विधान मसौदा समिति

उक्त प्रथम भेलाले तपसिल अनुसार तदर्थ समिति तथा विधान मसौदा समिति गठन गऱ्यो । जुन यसप्रकार छ :

**तदर्थ समिति :**

| | | |
|---|---|---|
| संयोजक | - | श्री श्यामप्रसाद रेग्मी |
| सह-संयोजक | - | श्री लीलाप्रसाद पंगेनी |
| महासचिव | - | श्री टोलप्रसाद अर्याल |
| सचिव | - | श्री प्रभा लम्साल रेग्मी |
| सदस्य | - | श्री युरिका श्रेष्ठ |

| | | |
|---|---|---|
| सदस्य | - | श्री शुक्रराज काफ्ले |
| सदस्य | - | श्री लोकनाथ ढुंगाना |
| सदस्य | - | श्री शारदा अर्याल |
| सदस्य | - | श्री दुर्गादेवी अर्याल |
| सदस्य | - | सीता रेग्मी |

**विधान मसौदा समिति**

| | | |
|---|---|---|
| संयोजक | - | श्री एकनारायण अर्याल |
| सदस्य | - | श्री कृष्ण कुमार श्रेष्ठ |
| सदस्य | - | श्री याम बहादुर खत्री |
| सदस्य | - | श्री इन्द्र प्रसाद ढुंगाना |
| सदस्य | - | श्री देवी प्रसाद अर्याल |

उक्त तदर्थ समिति र विधान मसौदा समितिको सकृयतामा विधान तयार गरी मिति २०७४/०७/२० का दिन जिल्ला प्रशासन कार्यलय कास्कीमा संस्था दर्ता भै समाज कल्याण परिषद्, लैनचौर काठमाण्डौबाट आवद्धता समेत प्राप्त गऱ्यो । यसपछि संस्था आफ्नै विधान अनुरूप चल्न शुरू गरेको ।

**संस्थाका उद्देश्यहरू :**

भीरकोट पोखरा सामीप्य सदन एक विशुद्ध गैरसरकारी र गैरनाफामूलक सामाजिक संस्था हो । कुनै पनि संस्था स्थापना हुनुमा केही न केही उद्देश्य रहन्छ । बिना उद्देश्य कुनै पनि काम गरिन्न । यो संस्था स्थापनामा पनि तपसिल अनुसारका उद्देश्यहरू छन् :

१. भीरकोट नगरपालिकाका कुनै पनि क्षेत्र र कास्की पोखराका कुनै पनि क्षेत्रमा बस्ने भीरकोटे समुदायबीच पुलको काम गर्ने ।

२. भीरकोट नगरपालिका पर्यटन, धार्मिक पर्यटन र उत्पादनको दृष्टिले महत्वपूर्ण क्षेत्र हो भन्ने कुरा अन्य समुदायलाई चिनाउने ।

३. कास्की पोखरामा बस्ने भीरकोटेले विवाह, ब्रतवन्ध, पूजा, काजक्रिया आदि विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्ने गरी पोखरामा कुनै एक बहुउद्देश्यीय भवन निर्माण गर्ने ।

४. पोखरामा बस्ने भीरकोटेहरूको सक्रियतामा एक सहकारी स्थापना गर्ने ।

५. भीरकोटमा सञ्चालित नेपाल सरकारबाट अनुमति प्राप्त विद्यालयहरूमा अध्ययन गर्ने गरीब तथा जेहेन्दार छात्रछात्रालाई छात्रवृत्ति प्रदान गर्न एक अक्षयकोष स्थापना गर्ने ।

६. सम्भव भएसम्म यस संस्थालाई अन्य संस्था तथा अन्तर्राष्ट्रिय संस्थासँग सौहार्दपूर्ण सम्बन्धमा (Tuning) लैजाने ।

७. पोखरामा आइ बसेका भीरकोटेहरूको बीचमा आपसी चिनजान र पारस्परिक सहयोग प्रदान हुने वातावरण सिर्जना गर्ने ।
८. भीरकोटबाट पोखरा आइबस्ने भीरकोटेबीच दुःख-सुखमा साथ दिने प्रवन्ध मिलाउने ।
९. भीरकोटेहरूको आर्थिक स्तरोन्नति गर्न संयुक्त लगानीका सम्भावना पहिचान गरी लगानी गर्ने ।
१०. पोखरा आई बस्ने सम्पूर्ण भीरकोटे परिवारबीचमा पारिवारिक स्तरको सम्बन्ध स्थापित गर्ने ।

**प्रथम साधारण सभा तथा प्रथम अधिवेशन**

मिति २०७५/०१/२२ का दिन राष्ट्रबैंक चोक पोखरास्थित घनश्याम ढकाल स्मृति हलमा यस संस्थाको प्रथम साधारण सभा तथा प्रथम अधिवेशनको काम सम्पन्न भयो । उक्त अधिवेशनले विधान अनुरूप नयाँ कार्यसमिति निर्माण गऱ्यो । श्री रामप्रसाद श्रेष्ठको अध्यक्षतामा श्री यामबहादुर खत्री तथा श्री देवीप्रसाद अर्याल समेत सदस्यको रूपमा सम्मिलित निर्वाचन समितिले तपसिल अनुरूप नयाँ कार्यसमितिको निर्माण गऱ्यो । कार्यसमिति निर्माण गर्दा छलफलबाट नै टुंगोमा पुग्ने परिपाटी बसाउन खोजिएको छ । कार्यसमितिको विवरण यसप्रकार छ :

**कार्यसमितिको विवरण** :

| | | |
|---|---|---|
| अध्यक्ष | - | श्री श्यामप्रसाद रेग्मी |
| उपाध्यक्ष | - | श्री लीलाप्रसाद पंगेनी |
| महासचिव | - | श्री टोलप्रसाद अर्याल |
| सचिव | - | श्री प्रभा लम्साल रेग्मी |
| कोषाध्यक्ष | - | श्री शुक्रराज शर्मा |
| सदस्य | - | श्री सीता रेग्मी |
| सदस्य | - | श्री दुर्गादेवी अर्याल |
| सदस्य | - | श्री उषा के.सी. |
| सदस्य | - | श्री शारदा अर्याल |
| सदस्य | - | श्री लक्ष्मी अधिकारी |
| सदस्य | - | श्री विष्णुप्रसाद खनाल |
| सदस्य | - | श्री चुडामणि तिवारी |

मिति २०७५/०२/०५ मा ५ सदस्यीय सल्लाहकार समिति पनि गठन भयो । यसैबीच कार्यसमितिका सदस्य श्री चुडामणि तिवारीको मिति २०७५/०४/१५ का दिन देहावसान भयो । सल्लाहकार समितिमा रहनुहुनेहरूको नाम यसप्रकार छ :

**सल्लाहकार समिति :**

श्री रामप्रसाद श्रेष्ठ

डा. श्री कृष्ण के.सी.

श्री देवीप्रसाद अर्याल

श्री एकनारायण अर्याल

श्री लालबहादुर गुरूङ

यस संस्थाका उपाध्यक्ष श्री लीलाप्रसाद पंगेनीले आफू स्याङ्जाली सम्पर्क सदनको अध्यक्ष भएको कारण जनाई दिनुभएको राजीनामा मिति २०७६/०१/१८ मा बसेको संस्थाको बैठकले स्वीकृत गरी निजलाई यस संस्थाको सल्लाहकारमा, कोषाध्यक्ष श्री शुक्रराज काफ्लेलाई उपाध्यक्षमा, सदस्य श्री उषा के.सी.लाई कोषाध्यक्षमा र श्री निरज गुरूङलाई बाँकी अवधिका लागि सदस्य पदमा राख्ने गरी निर्णय गरियो ।

**संस्थाले गर्दै आएका कार्यहरू :**

**१. बैठक सम्बन्धी कार्य**

क. हालसम्म यस संस्थाको औपचारिक बैठक २०७६ श्रावणसम्म २८ पटक बसेको छ ।

ख. बैठक प्रायः घुम्ती रूपमा कार्यसमितिका पदाधिकारीहरूको घरमा गर्ने परिपाटी बसालिएको छ । जसले गर्दा कार्यसमितिका पदाधिकारी हरूका सबै परिवारबीच सामीप्य बढेको छ र आर्थिक बोझ कम हुने गरेको छ ।

ग. धेरै पटक अनौपचारिक बैठक सञ्चालन गरिएको छ ।

**२. वनभोज सम्बन्धी कार्य**

क. भीरकोटेको बीचमा २ पटकसम्म पोखरामा बृहत् वनभोज कार्यक्रम गरिएको छ । वनभोजमा इच्छुक भीरकोटे चेलीलाई पनि समावेश गरिएको छ ।

**३.सामाजिक कार्य**

क. मुस्ताङ चोकमा स्याङ्जाली सम्पर्क सदनद्वारा निर्मित प्रतीक्षालयमा पेन्ट तथा बोर्ड लेखनको कार्य भएको छ ।

**४. शैक्षिक कार्य**

क. २०७५ भाद्र महिनामा भीरकोट नगरपालिकाकाले आयेजना गरेको शिक्षा दिवसमा उत्कृष्ट छात्रछात्राहरूलाई थोरै संख्यामा भए पनि पुरस्कार वितरण गरिएको छ ।

ख. भीरकोट न.पा. वडा नं. ५ स्थित श्री तिलाहर नेटा आधारभूत

विद्यालयका ३१ जना विद्यार्थीलाई स्वीटर वितरण गरिएको छ ।

ग. भीरकोट न.पा. वडा नं. ९ का श्री ठूलीभञ्ज्याङ मा.वि.,श्री सिर्कोट मा.वि. र श्री साउन्दी मा.वि. का १८ जना गरीब तथा जेहेन्दार छात्रछात्रालाई ड्रेस र एक वर्षका लागि पुग्ने स्टेशनरी वितरणको कार्य भएको छ ।

**५. देशदर्शनको कार्य**

क. एक दिनमा जान आउन सकिने पोखरानिकटका ठाउँहरूमा भ्रमण गराई बैठक सञ्चालन गर्ने परम्परा बसालिएको छ ।

ख. संस्थाको तर्फबाट आफ्नै खर्चमा भए पनि २०७५ कार्तिक महिनामा रारासम्मको भ्रमण सम्पन्न गरिएको छ ।

**६. स्वास्थ्य सम्बन्धी कार्य**

क. यथासम्भव अस्पताल भर्ना भएका भीरकोटे बिरामीलाई भेट्ने काम भएको छ ।

**७. अक्षयकोषको स्थापना**

यस संस्थामा जम्मा भएको रकमलाई आवश्यकता अनुरूप अक्षय कोषको रूपमा राख्ने काम गरिएको छ ।

**८. संस्थालाई अन्य संस्थासँग आबद्ध (Tuning) गर्ने कार्य**

**९. विविध**

क. सबैको सहयोगमा भीरकोट दर्पणको पहिलो र दोस्रो संस्करण प्रकाशन गरिएको छ ।

ख. पोखरामा भएका कुनै पनि भीरकोटे परिवारका सदस्यको मृत्यु भएमा जानकारी भएसम्म मृत्यु संस्कारमा सरिक हुने कार्य गरिएको छ ।

ग. पोखरामा रहेका संस्थाका सदस्य परिवार क्रियामा परेका बेला यथासम्भव ब्यानरसहित समवेदना प्रकट गर्ने कार्य भएको छ ।

**शीघ्र सम्पन्न गर्न योजना गरिएका कार्यहरू :**

यस संस्थाले तत्कालै सम्पन्न गर्न प्रयत्न गर्ने केही कार्यहरू यसप्रकार छन् :

१. प्रत्येक ३/३ वर्षमा भीरकोट न.पा. लगायत अन्य व्यक्ति तथा संस्थाको सहयोगमा भीरकोट दर्पण प्रकाशनमा निरन्तरता दिइने छ । यस अवसरमा भीरकोटका शिक्षित वर्गबाट आवश्यक सहयोग लिइनेछ ।

२. आवश्यकता अनुरूप भित्ते पात्रो (Calendar) प्रकाशन गरिने ।

३. विभिन्न संस्थासँगको सहकार्यमा भीरकोटमा स्वास्थ्य शिविर सञ्चालन गरिने । यस्ता कार्यक्रम सञ्चालन गर्दा विभिन्न स्थानमा कार्यरत भीरकोट न.पा. घर हुने

डाक्टरहरूलाई पनि जानकारी गराइने र सहयोग लिइनेछ ।

४. सहकारी सञ्चालन गरी भीरकोटे परिवारको आर्थिक स्तरोन्नतिको पहल गरिने ।

५. संस्थाको आफ्नै Website निर्माण गर्ने

**दीर्घकालीन योजना :**

भीरकोट पोखरा सामीप्य सदनले लामो समयमा अन्य संस्थाको आर्थिक सहयोग तथा सहकार्यमा सम्पन्न गर्न सकिने केही योजनाहरू सोचेको छ जुन यसप्रकार छन् :

१. बहुउद्देश्यीय भवनका लागि जग्गाको प्रबन्ध गर्ने ।

२. एक्लै वा अन्य समाजसँग मिली समाजका लागि बहुउद्देश्यीय भवन निर्माण गरी सो भवनबाटै संस्था सञ्चालन गर्ने ।

३. नेपाल सरकारबाट अनुमति प्राप्त विद्यालयहरूमा अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्रछात्रालाई छात्रवृत्ति पद्रान गर्न एक कोषको व्यवस्था गर्ने ।

हालसम्म यस संस्थामा १६१ जना आजीवन सदस्य र १५ जना साधारण सदस्य गरी १७६ जना यसमा आवद्ध हुनुहुन्छ। यस मध्ये प्रथम साधारण सभा (२०७५/१/२२) भन्दा अगाडिका संस्थापक आजीवन सदस्य सङ्ख्या १०४ र त्यस पछिका ५७ जना आजीवन सदस्य हुनुहुन्छ । करीब ३० जनाले संस्थाको सदस्यताका लागि फाराम लानुभएको छ। छोटो समयमा यतिका व्यक्तिहरू यसका सदस्य बन्नु र सदस्य बन्ने इच्छा गर्नुबाट यस संस्थाको लोकप्रियता बढेको छ भन्ने देखिन्छ।

४. मिति २०७५/०५/१९ मा बिरौटामा भएको भीरकोटेको एक भेलाले एक सहकारी स्थापना गर्न तात्कालीन यस संस्थाका उपाध्यक्ष श्री लीलाप्रसाद पंगेनीको अध्यक्षतामा एक समिति गठन गरेको छ । उक्त समितिले संस्थागत आधारमा सहकारी स्थापना गर्ने पहल गऱ्यो तर संस्थागत आधारमा सहकारी स्थापना गर्ने नियम नभएको र सहकारीहरू पनि मर्ज गर्ने हल्ला चलेकाले सो कार्य अन्योलमा रहेका बेला मिति २०७६ आषाढ २१ गते काहुँडाँडामा बसेको संस्थाको २८ औं बैठकले एक कोष भए पनि खडा गरी कार्य अगाडि बढाउने निर्णय गरेको छ। यो निर्णयलाई मुतरूप दिन महासचिव श्री टोलप्रसाद अर्यालको अध्यक्षतामा एक समिति निर्माण गरिएको र कार्य समेत प्रारम्भ भइसकेको छ। यस कार्यका लागि युवा, दाजुभाइ र दिदीबहिनीहरूको सक्रिय सहभागिताको आशा गरिएको छ ।

**भीरकोट-पोखरा बचतकोष संचालन कार्य समिति**

**बचत कोष संचालन कार्यसमिति यस प्रकार रहेको छः**

१. संरक्षक श्री श्यामप्रसाद रेग्मी

२. अध्यक्ष श्री टोलप्रसाद अर्याल

३.	उपाध्यक्ष श्री लेखनाथ तिवारी
४.	सचिव श्री प्रभा रेग्मी
५.	कोषाध्यक्ष श्री शेरजंग अधिकारी क्षत्री
६.	सहसचिव श्री अर्चना बस्नेत रोकाहा
७.	सदस्य श्री दुर्गादेवी अर्याल
८.	सदस्य श्री अशोक अधिकारी क्षत्री
९.	सदस्य श्री सीता रेग्मी
१०.	सदस्य श्री प्रयागराज रेग्मी
११.	सल्लाहकार श्री लिलाप्रसाद पंगेनी

**आय व्यय विवरणः**

यस संस्थाको आ.व. २०७४/२०७५ को लेखापरीक्षणको काम श्री निमराज एण्ड एसोसिएट् शान्तिमार्ग पोखरा-८, कास्कीका रजिष्टर्ड अडिटर श्री  ले निःशुल्क गरिदिनुभएको थियो । आ.व. २०७५/२०७६ का लागि पनि उक्त कम्पनीलाई नै जिम्मा दिने कुरा संस्थाको २८ औं बैठकले पास गरेको छ । संस्थाको २०७६ आषाढ ३१ सम्मको आय व्यय यसप्रकार छ :

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| आजीवन सदस्यताको रकम | १,३३,१००.००/- | मसलन्द तथा स्टेशनरी | २,१०४.००/- |
| साधारण सदस्यता नवीकरण रकम | ६,३००.००/- | संस्था दर्ता शुल्क तथा नवीकरण | १,२२५.००/- |
| शुभकामना आम्दानी | १,५००.००/- | सहकारी भेला | ८५५.००/- |
| बैंक ब्याज प्राप्त | ५६,८८१.२१/- | फ्लेक्स प्रिन्ट | २५०.००/- |
| सहयोग | ३,६५०.००/- | संस्थागत सदस्यता | ५,०००.००/- |
| जम्मा आम्दानी | २,०१,४३१.२१/- | लेखापरीक्षण खर्च | ३,०००.००/- |
| गत वर्षको मुद्दती खाताको बैंक मौज्दात | ४,००,०००.००/- | पुरस्कार | ८००.००/- |
| गर्त वर्षको बचत खाताको बैंक मौज्दात | ५२,१७६.०२/- | ड्रेस खर्च | ४,५००.००/- |
| भुक्तानी दिन बाँकी | ३,०००.००/- | वनभोज नपुग | १६,३५०.००/- |
| | | प्रमाणपत्र छपाइ | ४,९३०.००/- |
| | | विविध खर्च | ६,५४०.००/- |
| | | व्याज कर | १,०१५.९८/- |

| | | | |
|---|---|---|---|
| | | जम्मा खर्च | ४६५६९.९८/- |
| | | मुद्दती खाता | ६,००,०००.००/- |
| | | बचत खाता | १०,०३७.२५/- |
| जम्मा | ६,५६,६०७.२३/- | जम्मा | ६,५६,६०७.२३/- |

आर्थिक वर्ष २०७६/०७७ का लागि अनुमानित :

| **आय** | **रकम** | **व्याय** | **रकम** |
|---|---|---|---|
| आ.ल्या. मुद्दती | ६,००,०००/- | मसलन्द | ५,०००.९४/- |
| आजीवन सदस्य वापत (३१०० X२०) | ६२,०००/- | भीरकोट दर्पण प्रकाशन | ७५,०००/- |
| साधारण सदस्य वापत (६००X१०) | ६,०००/- | संस्था नवीकरण | १,२२५/- |
| ब्याज प्राप्त | ६०,०००/- | विविध | १०,०००/- |
| बेलायत निवासी (सुमन, विष्णु, राजन र नर) बाट | १,००,०००/- | मुद्दती | ८,६०,०००/- |
| भीरकोट न.पा. बाट | ७५,०००/- | बचतमा | २१,९७६/- |
| शुभकामना/विज्ञापन | ८०,०००/- | साधारण सभा | २०,०००/- |
| नवीकरण शुल्क | ८,०००/- | सम्मान | ५,०००/- |
| विविध | ५,०००/- | | |
| जम्मा | ९,९८,२०१.९४/- | जम्मा | ९,९८,२०१.९४/- |

अन्त्यमा, भीरकोटबाट पोखरा आई बस्नेहरूको संख्या दिन-प्रतिदिन बढ्दो छ । यसरी बढ्दो संख्यामा आउने भीरकोटेहरूको उज्जवल भविष्यका लागि आपसमा चिनजानी र आपसी सहयोग हुनु अति आवश्यक छ । यो कुरा नयाँ पिँढीहरूले अरू बुझ्नु नितान्त जरूरी छ। भविष्यकै लागि संगठन मजबुत बनाउन आवश्यक छ। संगठन मजबुत बनाउन महिला तथा पुरूष दुवै लाग्नुपर्ने हालको परम आवश्यकता हो । यसमा युवाशक्तिको अझ ठूलो भुमिका हुने कुरामा कुनै द्विविधा छैन । हामी सबै पोखरावासी भीरकोटेहरूले यस संस्थालाई आफ्नै भनेर माया मानिदिएमा यो संस्थाले अनन्त जीवन प्राप्त गर्नेछ भन्नेमा पनि कुनै शंका छैन । यसमा हामी सबैको आत्मीयता र सहयोग चाहन्छौं ।

(अध्यक्ष-भीरकोट न.पा.६ र १ का निवासी हुनुहुन्छ । सं.मण्डल)

जय भीरकोट

✡✡✡✡

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक एमव् शुभ चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# नारायण फर्निचर उद्योग

पोखरा–१७, पाल्पालीमार्ग,विरौटा

फोन नं. ०६१–४६५१६१

मो. ९८४६११८८६९

## हाम्रा सेवाहरू

यहाँ अर्डर अनुसारका फर्निचर, झ्याल, ढोका सुपथ मुल्यमा तयार गरिन्छ

प्रो.श्री नारायणप्रसाद अर्याल

# भीरकोटमा पर्यटकीय विकासको संभावना, समस्या र समाधानका उपायहरू



**धु्वप्रसाद अर्याल**
**सह–प्रशासक**
**पोखरा विश्वविद्यालय**

**पृष्ठभूमि**

मध्य पहाडी भागमा अवस्थित स्याङ्जा जिल्लाको मध्य भागमा समुन्द्री सतहबाट ८०० देखि १६०० मीटरसम्मको उचाइमा फैलिएको भीरकोट नगरपालिकाको कुल क्षेत्रफल ७८.२३ वर्ग किलोमीटर छ । नेपालको नक्सा झैं पूर्व पश्चिम फैलिएको यस नगरपालिकाको कुल जनसंख्या २०६८ को जनगणना अनुसार २५८३६ रहेको पाइन्छ । जम्मा ९ वडामा विभाजित यस नगरपालिकाको बीचबाट सिद्धार्थ राजमार्ग गएको छ भने नगरपालिकाको सबै वडाहरूमा समेत यातायातको सुविधा पुगेको छ । भीरकोट नगरपालिकाको नामाकरण तत्कालीन बाईसे चौबीसे राज्य मध्येको शक्तिशाली राज्य भीर कोटको नामबाट भएको मानिन्छ ।

भीरकोटको नामाकरण सम्बन्धमा धेरै मानिसहरूका धेरैथरीका विचारहरू पाइए पनि भिरालो जमिन भन्ने अर्थ दिने **भीर** र खरखजाना राख्ने ठाँउ भन्ने अर्थ दिने **कोत**को संयोजित रूप **भीरकोत** को अपभ्रंस रूप नै भीरकोट हो भन्ने भनाइ विशेष र आधिकारिक देखिन्छ । यस क्षेत्रमा हालसम्म पनि प्रशस्त राँगा पाठा काटिने र काट्ने सामान सुरक्षित रूपमा राखिने प्रबन्ध भएबाट यस तर्कले पुष्टि पाएको देखिन्छ ।

साविकका वानेथोक देउराली, दार्सिङ्ग दहथुम, ढापुक सिमल भन्ज्याङ्ग, खिलुङ्ग देउराली गाउँ विकास समितिहरू र छाङ्छाङ्दी गाउँ विकास समितिका केही वडाहरू मिलाएर २०७२ साल असोज १ गते गठन भएको भीरकोट नगरपालिका विविध प्राकृतिक एवं साँस्कृतिक सम्पदाले भरिपूर्ण छ । स्याङ्जा जिल्लाकै सबैभन्दा ठूलो आँधीखोला किनारका फराकिला फाँटहरू, घना वनजंगल, सुन्दर ग्रामीण बस्तीहरू, मनोरम उच्च समस्थलीहरूका साथै परम्परागत कला र संस्कृति, ऐतिहासिक एवं पुरातात्विक सम्पदा, थरीथरीका वन्यजन्तु तथा कलकलाउँदा नदी नालाहरूले भरिपूर्ण यस नगरपालिकाको विकासका थुप्रै संभावित क्षेत्रहरूमध्ये सबैभन्दा बलियो क्षेत्र पर्यटन रहेको छ भन्न सकिन्छ ।

सुन्दर पर्यटकीय शहर पोखराको नजिक हुनु र भीरकोट नगरपालिकाको मध्य

भाग भएर सिद्धार्थ राजमार्गले पोखरा र लुम्बिनीलाई जोड्नुले यस क्षेत्रको पर्यटन विकासका लागि प्रशस्त संभावनाहरू सृजना गरेको पाइन्छ । प्राकृतिक रूपमा यहाँ पाइने अनेकन जडीबुटी, वन्यजन्तु, चराचुरूङ्गी , पशुपंछी र जलसम्पदा अन्तर्गतका विभिन्न खोला, छाँगा, छहराका साथै  साँस्कृतिक धरोहरका रूपमा रहेका देवीदेवताका मठमन्दिरहरू, ऐतिहासिक दरवारहरू, नाचगान, भेषभूषा, संस्कृति, जातजाति, भाषा साहित्य, आदिको सङ्गम यस नगरपालिकामा देख्न पाइन्छ । यसका साथै यस क्षेत्रमा प्रचलित पारस्परिक श्रमदान, भूमिदान, मुठी, चेलीबेटी पेवा, अर्मपर्म, दाईँबराजो जस्ता सामजिक-आर्थिक परम्पराहरू र दोहोरी गीत, भजनजस्ता अद्धित्तीय सांगीतिक परम्पराहरूले पनि यस भीरकोट नगरपालिकाको पर्यटन क्षेत्रको विकासलाई बलियो टेवा पुऱ्याउन सक्ने देखिन्छ ।

**पर्यटन र पर्यटक शब्दको अर्थ**

पर्यटन शब्दको अर्थ यात्रा वा भ्रमण भन्ने हुन्छ । Tourism शब्द Latin भाषाको Tornus भन्ने शब्दबाट व्युत्पन्न शब्द हो र यसको अर्थ कुनै काम बिशेष वा मनोरञ्जनका हिसाबले देशभित्र वा बाहिर घुम्ने काम भन्ने बुझिन्छ । विश्व व्यापार संगठनका अनुसार- स्वदेशमा वा अर्को देशमा रिक्रियशन, होली डे, स्टडी एण्ड बिजनेश र फेमिली एण्ड मिशन लगायतका उद्देश्यले २४ घण्टा देखी ९९ दिनसम्मको भ्रमण गर्ने व्यक्तिलाई पर्यटक भनिन्छ । हामीले पर्यटक भन्नासाथ कुनै मनोरञ्जनात्मक दृश्यावलोकन गर्ने, साथीभाइ-इष्टमित्र भेटघाट गर्ने, बिदालाई र माइलोसँग व्यतीत गर्ने, विभिन्न खेलकुदजन्य क्रियाकलापमा संलग्न हुने, सवार गर्ने, गीत संगीत सुन्ने, नाच्ने गाउने, विभिन्न पुस्तकहरू अध्ययन गर्ने जस्ता कार्य गर्ने मानिसहरू बुझ्ने गरिन्छ । साँचो अर्थमा पर्यटन यतिमात्र नभई यो एक व्यवसाय, उद्योग र आर्थिक क्रियाकलाय पनि हो ।

**राष्ट्रिय योजना र बार्षिक बजेटमा पर्यटन विकास सम्बन्धमा भएका व्यवस्था**

पर्यटन पर्वद्धनबाट आर्थिक विकास गर्न सकिन्छ भन्ने उद्घोषका साथ नेपाल सरकारले नेपालमा योजनाबद्ध विकासको सुरुवातसँगै पर्यटनलाई पनि लगभग सबै योजनाहरूमा समेट्दै आएको पाइन्छ । पर्यटन क्षेत्रको विकासका लागि यस सम्बन्धी सोच, लक्ष्य, उद्देश्य, कार्यनीति, रणनीति स्पष्ट गर्दै विभिन्न प्रर्वद्धनात्मक क्रियाकलापमा ठूलो धनराशी  खर्चनुका  साथै  लक्ष्यअनुसार पर्यटन विकासलाई देशको आर्थिक विकाससँग आवद्ध गर्ने काम पनि नेपाल सरकारबाट प्रभावकारी रूपमा हुँदै आएको पाइन्छ । पन्ध्रौ योजनाले योजना अवधिमा पर्यटक आवागमन सङ्ख्या ३५ लाख पुऱ्याउने, विदेशी पर्यटकको सरदर बसाइँ १५ दिन र विदेशी पर्यटकको सरदर दैनिक खर्च १०० अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिएको देखिन्छ । यसका साथै  यो योजना अवधिमा पर्यटन क्षेत्रमै ४ लाख ९० हजार प्रत्यक्ष रोजगारीका अवसरहरू सृजना

गर्ने र कुल गार्हस्थ उत्पादनमा पर्यटन यस क्षेत्रको योगदानलाई १० प्रतिशत पुऱ्याउने लक्ष्य समेत लिएको देखिन्छ ।

यसै गरी नेपाल सरकारले सन् २०२० सम्ममा २० लाख अन्तर्राष्ट्रिय पर्यटक नेपालमा भित्र्याउने र पर्यटन क्षेत्रमा १० लाख रोजगारी सिर्जना गर्ने लक्ष्य सहित Tourism for Peace, People and Prosperity नाराका साथ Tourism Vision 2020 लक्ष्य पूरा गर्न काम गरिरहेको छ ।

**भीरकोट नगरपालिकाको बजेट तथा कार्यक्रममा पर्यटन**

भीरकोट नगरपालिकाको चौथो नगरसभा समक्ष पेश भएको आ.ब. २०७६/०७७ को बजेट तथा कार्यक्रमले यस नगरपालिकाको आर्थिक, समाजिक, पर्यटकीय लगायतका क्षेत्रहरूको पूर्वाधार विकास गर्ने भनी राखेको उद्देश्य अनुरूप यस नगरपालिकाभित्रका धार्मिक तथा पर्यटकीय विकासका सम्भावना रहेका भीरकोट कालिका, छाङ्छाङ्दी, स्वरेक मैदान, केघा भञ्ज्याङ्ग, गडहरे गुफा, मुल्का बराहा, कोखेको झरना, देउपूजा ढुङ्गा, खिलुङ्ग कालिका, ओकादी लगायतका क्षेत्रहरूको विकास र प्रवर्द्धनका लागि बजेट व्यवस्था समेत गरेको पाइन्छ ।

**भीरकोट नगरपालिकाले पर्यटन विकासका लागि स्थापित गर्नुपर्ने मूल मन्त्र**

यसका लागि सर्वप्रथम हामीले हाम्रो सोचाइमा परिवर्तन ल्याउनु जरूरी छ । आफू र आफ्नो देशलाई पहिले चिनौं र देशको भ्रमण गरी आन्तरिक पर्यटनलाई सघाउ पुऱ्याऊँ भन्ने सोचकाक साथ अगाडि बढ्नु जरूरी छ । विदेशको गुनगान हैन, आफ्नै देशको गुनगान गाऔं । एक व्यक्तिले ल्याएको विचारको परिवर्तनले समग्र परिवार, समाज अनि राष्ट्रलाई परिवर्तन गर्न सक्छ भन्ने भावनाको विकास गर्दै विदेशमा गएर खर्च गर्ने रकम आफ्नै देशमा खर्च गरी हरेकले रोजगारी सृजनामा टेवा पुऱ्याउनु पर्छ भन्ने मूल मन्त्रका साथ हामी लाग्ने हो भने र यस नगरपालकाले पनि पर्यटन प्रवर्द्धनका क्षेत्रमा विशेष कार्यक्रमहरू कार्यान्वयन गर्न सकेमा अत्यधिक लाभ लिन सकिने कुरामा द्विविधा देखिँदैन ।

**भीरकोट नगरपालिकामा सम्भावित पर्यटकीय गतिविधि**

पर्यटनका विभिन्न प्रकारहरूमा साहसिक पर्यटन, धार्मिक पर्यटन, जातीय पर्यटन, खेलकूद पर्यटन, पर्वतीय पर्यटन आदि महत्त्वपूर्ण मानिन्छन् । धार्मिक दृष्टिले विभिन्न महत्त्व बोकेका मठमन्दिर, देवालयहरू, सांस्कृतिक सम्पदाहरूको खोज अनुसन्धान र प्रचलित विभिन्न जात्राहरू, जाति विशेष अनुरूपका धार्मिक चाडपर्वहरू, नाचगान आदिको जगेर्ना गरी यस नगरपालिकालाई पनि आन्तरिक तथा बाह्य पर्यटकहरूको आर्कषणको थलो बनाउन सकिने सम्भावनाहरू रहेका छन् ।

मुक्तिनाथ मन्दिरमा दर्शन गर्न जाने भारतीय पर्यटकहरू भैरहवा नाका हुँदै

पोखरा आउने क्रममा सबभन्दा छोटो दूरी सिद्धार्थ राजमार्गको बीच भागमा भीरकोट नगरपालिका पर्ने भएकाले पनि यस क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि सम्भावनाका धैरै ढोकाहरू खुल्ला रहेको देख्न सकिन्छ। स्याङ्गजा जिल्लालाई बीचमा पर्ने गरी पोखरा र भैरहवामा बन्दै गरेका अन्तर्राष्ट्रिय विमानस्थलहरूको संचालनपश्चात् स्याङ्गजा जिल्लाले पनि पर्यटन प्रवर्द्धनबाट मनग्गे फाइदा लिन सक्नेछ। यसका लागि स्याङ्गजा जिल्ला स्वयं र भीरकोट नगरपालिकाले विभिन्न पूर्वाधार तयार गर्नु जरूरी छ।

**भीरकोट नगरपालिकाका पर्यटकीय महत्वका प्राकृतिक र धार्मिक स्थलहरूको परिचय**

**(१) गडहरे गुफा (प्राकृतिक सम्पदा)**

भीरकोट नगरपालिका वडा नम्बर ९, सिद्धार्थ राजमार्गको बयरघारी बजारबाट करीब १५ किलोमीटरको दूरीमा यो गुफा पर्दछ । अध्ययन, खोज तथा अन्वेषणको कमीले ओझेलमा परेको यस गुफा संभवतः नेपालकै उच्च स्थानमा  रहेको गुफा भएको अनुमान गरिएको छ । बिहान ८ बजे पसेर साँझ ५ बजे फर्कंदा समेत यसको अन्त्य नभेटिएको भनी गुफा प्रवेश गर्नेहरूको भनाइ छ। यस गुफाभित्रको वातावरण अत्यन्त स्वस्थ्य र प्रशस्त अक्सिजन भएको पाइएको छ। यस गुफाभित्र प्रवेश गरी निस्कनेहरूको भनाइअनुसार गुफाभित्र ठाउँ-ठाउँमा साना-साना पानीका पोखरीहरू भएको र अन्य आश्चर्यजनक प्राकृतिक आकृतिहरू पनि रहेको देख्न सकिन्छ। साँझको समयमा यस गुफाबाट हजारौंको संख्यामा खैरो रङ्गका चमेराहरू निस्केको दृश्य अत्यन्त मनमोहक देखिन्छ। यस गुफाको अवलोकन गर्न आएका पर्यटकहरू ओकादी होम स्टेमा बास बस्न सक्तछन् । सिद्धार्थ राजमार्गको बयरघारी बजारबाट मोटरमा करीब १ घन्टा १५ मिनेटमा पुग्न सकिने यस गुफाको विकास, विस्तार र प्रवर्द्धनका साथै प्रचार-प्रसार गर्न सकेमा आन्तरिक पर्यटकका साथै बाहय पर्यटकका लागि पनि यो गुफालाई आर्कषणको केन्द्र बनाउन सकिने प्रचुर संभावना रहेको पाइन्छ।

**(२) स्वरेक मैदान बहुउद्धेश्यीय पर्यटन पार्क**

भीरकोट नगरपालिकाको वडा नम्बर ५ मा अवस्थित सिद्धार्थ राजमार्गको बयरघारी बजारबाट करीब ९ किलोमीटरको दूरीमा स्वरेक मैदान रहेको छ । सिद्धार्थ राजमार्गको बयरघारीबाट करीब ४५ मिनेटको मोटरको यात्रामा पुग्न सकिने यो ठाउँ करिब ३०० रोपनी क्षेत्रफलमा फैलिएको उच्च समस्थली भू-भाग हो। समुन्द्र सतहदेखि १५०० मीटरको उचाइमा पर्ने यस समस्थलीबाट मनासलु हिमालदेखि  सुदूरपश्चिमको काञ्जिरोवा हिमालसम्मका मनोरम रमणीय बस्तीहरूको दृश्यावलोकन गरी एकै साथ मनोरञ्जन लिन सकिन्छ। स्वरेक मैदान नेपालकै उत्कृष्ट प्याराग्लाईडिङ्ग स्थलसमेत रहेको छ । हालै सम्पन्न अन्तर्राष्ट्रिय स्तरको प्याराग्लाइडिङ्ग प्रतियोगिता र आगामी सन् २०२० मा हुने विश्व प्याराग्लाइडिङ्ग प्रतियोगिताका कारण पनि स्वरेक मैदान साहसी

खेल प्याराग्लाइडिङ्गका लागि प्रमुख गन्तब्य स्थल हुँदैछ । यो मैदान प्याराग्लाइडिङ्गका अतिरिक्त वनभोज स्थल, पौडी, पोखरी, बालउद्यान, दृश्यावलोकन केन्द्र, खेल मैदान लगायत विविध पर्यटकीय गतिविधि प्रर्वद्धनका लागि अति नै संभावना रहेको छ । स्वरेक मैदानमा सन २०१८ नोभेम्बर १ देखि ४ सम्म Nepal Paragliding Accuracy World Cup - 2018 आयोजना गरिएको थियो । यो ठाउमाँ दक्षिण एसियाकै पहिलो प्याराग्लाइडिङ्ग स्कुल पनि रहेको छ ।

**(३) खिलुङ्ग कालिका मन्दिर**

भीरकोट नगरपालिकाको वडा नम्बर ७, सिद्धार्थ राजमार्गको उत्तरपश्चिम अग्लो धरातलमा रहेको खिलुङ्ग कालिका मन्दिर सिद्धार्थ राजमार्गबाट करीब ८ किलोमीटरको दूरीमा रहेको छ । यो स्थल ऐतिहासिक दृष्टिले पनि अत्यन्त महत्वपूर्ण मानिन्छ । बाईसे चौबीसे राजाहरूको समयमा भीरकोटे राजाको गृष्म महल रहेको यस ठाउँमा प्रख्यात धार्मिक पीठको रूपमा खिलुङ्ग कालिका मन्दिर रहेको छ । वरिपरि गुरूङ्ग बस्ती र चिसो हावापानीसहितको लालीगुराँससमेत पाइने यस धार्मिक स्थलबाट ७ जिल्लाको दृश्यावलोन गर्न सकिन्छ । डाँडाको टुप्पोमा अवस्थित र शक्तिशाली शक्तिपीठका रूपमा रहेको यस खिलुङ्ग कालिका मन्दिरमा खासगरी चैतेदशैं र ठूलो दशैंमा हजारौको संख्यामा भक्तालुहरू पूजाका लागि आउने गर्दछन् । यस मन्दिर रहेको स्थानबाट देखिने दृश्य अति नै मनमोहक रहेकाले सिद्धार्थ राजमार्गबाट यहाँसम्म पुग्ने पदमार्गको निर्माण गर्न सकेमा दृश्यावलोकनलगायत अन्य प्रयोजनका लागि पनि यस स्थललाई पर्यटकहरूको आकर्षण स्थल बनाउन सकिने देखिन्छ ।

**४) छाङ्छाङ्गदी (छायाँक्षेत्र) पवित्र धार्मिक स्थल**

भीरकोट नगरपालिका वडा.न. ४ मा अवस्थित छाङ्छाङदी यस क्षेत्रकै एक पवित्र धार्मिक स्थल हो । यस ठाउँको नामाकरण मगर भाषाबाट भएको भन्ने भनाइहरू पाइने गरेको छ । मगर भाषामा छाङ्गछाङ्ग को अर्थ पानीबाट निस्कने आवाज र दी को अर्थ पानी हो । यहाँ पहाडबाट छाङ्गछाङ्ग गर्दै पानी आइरहने भएकाले यस पवित्र ठाउँको नाम छाङ्छाङ्दी रहन गएको भन्ने भनाइ पाइन्छ । पौराणिक, धार्मिक पुस्तक स्वस्थानी व्रत कथाका अनुसार सत्यवतीको मृत्युपछि भगवान् शिवले सत्यवतीको मृत शरीरलाई बोकेर हिँडने क्रममा सत्यवतीको शरीरको अन्तिम भाग पतन भएको क्षेत्रका रूपमा यस धार्मिक क्षेत्रको महत्व गाँसिएको पाइन्छ । अहिले बगिरहेको पानी भगवान शिवले आफ्नो तिर्खा मेट्न चुच्चो परेको बाँडले पहाडमा हानेर निकालेको पानी हो भन्ने समेतको पौराणिक कथा यसमा जोडिएको पाइन्छ । देख्दा पत्यार नै नलाग्ने र कुनै भगवानको शक्तिबिना त कल्पना पनि गर्न नसकिने खालको ठूलो कडा चट्टानको बीचबाट छङ्छङ गर्दै पानी आइरहने यस धार्मिक स्थलमा बिशेष गरी तीज, शिवरात्री,

बालाचतुर्दशी र एकादशी पर्वहरूमा अत्यधिक भक्तजनहरू आउने गरेको पाइन्छ । यो धार्मिक स्थानलाई शिवधामका रूपमा पनि हेरिन्छ, जहाँ छिमेकी मुलुक भारतबाट समेत ठूलो संख्यामा तीर्थालुहरू आउने गर्दछन् । यो पवित्र स्थल सिद्धार्थ राजमार्गसँग जोडिएको र यसको अगाडिबाट आँधीखोला बगिरहेको दृश्यसमेत देख्न पाइन्छ ।

यो मन्दिर सिद्धार्थ राजमार्गसँगै जोडिएकोले भैरहवा नाकाबाट प्रवेश गरी पोखरा हुँदै मुक्तिनाथको भ्रमणका लागि जाने पर्यटकहरू र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल हुँदै सिधै लुम्बिनी आउने पर्यटकहरूको लागि समेत धार्मिक गन्तव्य बन्न सक्ने देखिन्छ ।

**५) सुन्दर चौर (बोटानिकल गार्डेन)**

भीरकोट नगरपालिका वडा नम्बर ६ मा अवस्थित सिद्धार्थ राजमार्गको बयरघारी बजारबाट करीब ३ किलोमिटरको दूरीमा रहेको सुन्दरचौर, भीरकोट नगरपालिकाको केन्द्र बयरघारी बजारबाट सबभन्दा नजिकको अत्यन्त सुन्दर, रमणीय र प्रशस्त पर्यटकीय संभावना भएको ठाउँ हो । यो ठाउँमा बयरघारी बजारबाट करीब १ घण्टाको उकालो पैदल यात्रापछि पुग्न सकिन्छ । डाँडोमा बसेको समथर भूभाग, चारैतिर सल्लोको अति रमणीय जङ्गल, आँधीफाँट, पकानफाँट, बयरघारी बजार, वालिङ बजार र स्वरेक मैदान लगायतको ठाउँहरूको दृश्यावलोकन गर्न सकिने कारण यो ठाउँ पर्यटन विकासका दृष्टिले निकै महत्वपूर्ण देखिन्छ । यस चौरमा पानीपोखरी, पानीको फोहोरा, दृश्यावलोकनका लागि टावर, पिङ्ग, चिप्लेटीहरूको समेत निर्माण गरिएको पाइन्छ । यो चौर प्याराग्लाइडिङ्गको लागि पनि अति सम्भावना भएको ठाउँ हो । यस ठाउँलाई वनस्पति सूचना केन्द्रको रूपमा विकास गरिएकाले यहाँ विभिन्न प्रकारका वनस्पतिहरू समेत पाइन्छन् । यस ठाउँलाई वोटानिकल गार्डेनको रूपमा विकास गर्नका लागि स्थानीय सरकारले योजनाबद्ध रूपमा कामहरू गरिरहेको छ । यस चौरलाई दृश्यावलोकनका लागि, पिकनिक स्थलका लागि र नजिकै रहेको देउराली मन्दिर दर्शन गर्नका लागि समेत आन्तकि पर्यटकहरूलाई आर्कषण गर्न सकिने सम्भावना भएको ठाउँ मानिन्छ ।

**६) मुल्का वराह पवित्र धार्मिक क्षेत्र**

भीरकोट नगरपालिका वार्डन. ३ मा अवस्थित मुल्का वराह एक पवित्र धार्मिक क्षेत्र हो । यस धार्मिक स्थलमा आई देवीको दर्शन गरेमा आफ्नो मनोकांक्षा पूरा हुने धार्मिक विश्वास रहेको पाइन्छ । यहाँ पहाडको फेदीमा रहेको ढुङ्गाको अन्तरबाट निस्केको पानीबाट नुहाउनका लागि १०८ धारा बनाइएको छ । मुल्का बराहको भाकल गरी पूजा गर्न टाढा टाढाबाट भक्तजनहरू आउने गर्दछन् । यो एक प्रसिद्ध धार्मिक आस्थाको केन्द्र हो । यस धार्मिक स्थलको सूधार गरी विकास गर्न तत्काल कम्पाउण्ड वाल निर्माण, भक्तजन विश्राम गृह, टहरा निर्माण, सार्वजनिक शौचालय निर्माण, फोहोर मैला व्यवस्थापन जस्ता पूर्वाधारहरू बनाउनु अत्यावश्यक देखिन्छ ।

**७) कोखे छहरा आरोहण योजना**

भीरकोट नगरपालिका वडा नम्बर ३ मा पर्ने यो छहरा क्यानोइङ अर्थात छहरा आरोहणको लागि उपयुक्त पर्यटन आर्कषणको केन्द्र बन्न सक्दछ। प्राकृतिक सुन्दरताको बीचमा रहेको यो छहरा करिब १५० मीटर अग्लो छ।

**घरबास पर्यटन गाउँ (होमस्टे) भीरकोट नगरपालिकामा पर्यटन आर्कषकको केन्द्र हुन सक्ने**

ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना गरी आम्दानी वृद्धिको माध्यमबाट उनीहरूको जीवनस्तरमा सुधार ल्याउन सकिने प्रकृतिका र ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकाससँग सम्बन्धित रही विपन्न, महिला, आदिवासी जनजाति र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने सकिने सम्भाव्यता रहेका यस नगरभित्रका गाउँहरूको संक्षिप्त परिचय यस प्रकार रहेको छ ः

**(१) ओकादी घरबास पर्यटन गाउँ (होमस्टे)**

ओकादी घरवास पर्यटन गाउँ भीरकोट नगरपालिका वडा नम्बर ८ मा पर्दछ। बयरघारी बजारबाट करीब १५ किलोमीटरको दूरीमा पर्ने ओकादी उच्च समस्थलीमा रहेको सानो गुरूङ्ग गाउँ हो। यो गाउँ सास्कृतिक एवं प्राकतिक सुन्दरताले भरिएको छ। करीब ७५ गुरूङ्ग घरहरू भएको यो ठाउँ गुरूङ्ग संस्कृतिको धनी मानिन्छ। यस गाउँमा स्थानीय सालैजो र लैमाया भन्ने भाका अति प्रख्यात छन् र यिनै भाकाका गीतहरूबाट यहाँ आउने पाहुनाहरूलाई भरपुर मनोरञ्जन दिने गरिन्छ। यस गाउँमा स्थानीय जनप्रतिनिधिको सक्रियतामा होमस्टे पर्यटक भित्र्याउनका लागि विभिन्न कार्यहरू भैरहेका छन्। यस गाउँबाट बिहानको समयमा अत्यन्त मनमोहक सप्तरङ्गी सूर्योदयको दृश्यावलोन गर्न सकिन्छ। यस गाउँबाट ४ वटा जिल्ला गुल्मी, पाल्पा, म्याग्दी र पर्वतको अवलोकन गर्न सकिन्छ। यहाँ खरायो, मृग, कालिज प्रशस्तै देख्न पाइन्छ। कर ीब १७०० मीटरको उचाइमा अवस्थित चिसो हावापानी पाइने ओकादी गाउँलाई घरबास पर्यटकका लागि अत्यन्त आर्कषक र संभावना भएको गाउँको रूपमा विकास गर्न सकिने देखिन्छ। यस ओकादी गाउँलाईं पनि अन्तर्राष्ट्रिय प्याराग्लाइडिङ्ग स्कुलको रूपमा विकास गर्न लागिएको छ। स्वरेक मैदानको नजिक भएको हुँदा पनि यो गाउँलाई सफल घरवास पर्यटन गाउँका (Home Stay Tourism Village) रूपमा विकास गर्नु आवश्यक छ। हाल यस गाउँमा करिब १०० जना जति सजिलै बस्न सक्ने गरी हो मस्टेहरूको विकास भैसकको छ। यसको नामाकरण ओकादी सनराइज होमस्टे भिलेज (Okadi Sunrise Home Stay Village) गरी आवश्यक पूर्वाधारहरू निर्माण

गर्ने हो भने आन्तरिक एवं वाह्य पर्यटनको आकर्षक गन्तव्यका रूपमा यसको विकास हुने संभावना देखिन्छ ।

**(२) केघा घरबास पर्यटन गाउँ (होमस्टे)**

भीरकोट नगरपालिका वडा नम्बर २ मा बयरघारी बजारबाट करीब ६ किलो मीटरको दूरीमा र समुन्द्री सतहबाट करबि १६०० मीटरको उचाइमा पर्ने केघा उच्च समस्थलीमा रहेको सानो गुरूङ्ग गाउँ हो । करीब ६५ गुरूङ्ग घरहरू भएको यस गाउँ गुरूङ्ग- संस्कृतिको निकै धनी मानिन्छ । यस गाउँमा घन्कने स्थानीय सालैजो, सोरठी भाका, घाटुनाच, जस्ता गुरूङ्ग संस्कृति अति प्रख्यात छन् । यस गाउँबाट पाल्पा, पर्वत, तनहुँ जिल्ला, माछापुच्छ्रे हिमाल, दरौं सिरूवारी लगायतका ठाउँहरूको अत्यन्त मनोरम दृश्यहरूको दृश्यावलोकन गर्न सकिन्छ । हाल यस गाउँमा करिब ३० जना जति सजिलै बस्न सक्ने गरी होमस्टेहरूको विकास भैसकको छ । यो ठाउँ प्याराग्लाइडिङ्गका लागि पनि निकै सम्भावना भएको गाउँ हो । यस गाउँमा घुम्न आउने पर्यटकहरूले बयरघारीबाट यस गाउँमा जाने बाटोमा पर्ने भीरकोट दरवारको अवलोकन र देवी देउरालीको दर्शन समेत गर्न सक्तछन् । तनहुँको दुलेगौंडादेखि स्याङ्गजा जिल्लाको वालिङ्ग नगरपालिकामा पने रामबाच्छासम्मको ७२ किलोमीटरको मिलेनियम ट्रेकमा एक दिनमा बास बस्न पुगिने केघा गाउँको घरवास पर्यटन विकासका लागि यहाँका जनप्रतिनिधि र स्थानीयवासीहरू उत्साहित भै लागेको देखिन्छ । गुरूङ संस्कृति, रहन -सहन र परम्पराले सजिएको यो गाउँलाई घरबास पर्यटन गाउँका रूपमा विकास गर्न सके स्थानीय स्तरमा आयआर्जनका अवसरहरू सिर्जना हुन सक्ने प्रशस्त सम्भावनासमेत रहेको पाइन्छ ।

**(३) हनिवल एकिकृत पर्यटन विकास योजना**

भीरकोट नगरपालिका वडा नं ७ पर्यटकीय दृष्टिकोणबाट महत्वपूर्ण वडा हो । यहाँ खिलुङ्ग हविल होमस्टे र प्याराग्लाइडिङ्गको उडान संचालनमा छन् । कालिका मन्दिर, चण्डीथान, रानीपोखरी, चाम्बाराजु लगायत पदयात्रा र दृश्यावलोकन यसको पर्यटन विकासका अति महत्वपूर्ण आधारहरू हुन् । प्रत्येक वर्ष ४/५ सय आन्तरिक एंव बाह्य पर्यटकहरू आउने खिलुङ्ग गाउँ भीरकोट नगरपालिकामा सञ्चालित पहिलो होमस्टे गाउँ हो । साथै प्याराग्लाइडिङ्गमा पनि खिलुङको भानेडाँडा उत्कृष्ट रहेको यस क्षेत्रका विज्ञहरूको भनाइ छ । भीरकोट नगरपालिका वडा न. ७ मा खिलुङ्ग गाउँ लगायतका सबै पक्षहरूलाई हनिवल एकीकृत पर्यटन विकास योजना कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ ।

**घरबास पर्यटन गाउँ (होमस्टे) को पर्यटन प्रवर्द्धन गर्न नगरपालिकाले गर्नुपर्ने कार्यहरु**

होमस्टेका लागि अति नै संभावना भएको भीरकोट नगरपालिकाले माथि पहिचान गरिएका गाउँहरूमा पर्यटकहरूको आर्कषणका लागि देहाय बमोजिमका उद्देश्य लिई सो

ही अनुसारका योजना तथा कार्यक्रमहरू बनाई कार्यान्वयन गर्न सकेमा भीरकोट नगर पालिकाले घरबास पर्यटनबाट पर्याप्त मात्रामा फाइदा लिन सक्ने देखिन्छ ।

हालै मात्र गण्डकी प्रदेश सरकारले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि प्रदेशमा कार्यरत कर्मचारीहरूलाई एक महिनाको तलब बराबरको रकम दिने र प्रदेशभित्र ३०० भन्दा बढी होमस्टेहरूको पहिचान गरी होमस्टेको सुधार र विकासका लागि रू.१० लाखसम्म अनुदान दिने घोषणा गरेको छ । यसै योजनाअनुसार भीरकोट नगरपालिकाले पहिचान भैसकेका होमस्टेहरूमा अझ सुधार, विकास र प्रवर्द्धनसहित नयाँ होमस्टे पहिचान गर्न देहाय बमोजिमका उद्धेश्य तथा क्रियाकलापहरू गर्नु आवश्यक छ :

**घरबास पर्यटन गाउँ (होमस्टे) पर्यटन पर्वद्धनका लागि नगरपालिकाले लिनुपर्ने उद्धेश्य**

१) होमस्टे संचालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुऱ्याउने
२) ग्रामीण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागी गराउने
३) होमस्टे संचालन गरी ग्रामीण समुदायको आयश्रोत बृद्धि गरी जीवनस्तर वृद्धि गर्ने
४) होमस्टे आवास सुविधा मात्र नभै पर्यटकलाई रीतिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने

**भीरकोट नगरपालिकाले घरबास पर्यटन गाउँ (होमस्टे) संचालन भएका ठाउँमा संचालन गर्नुपर्ने कार्यक्रमहरु**

१) स्थानीय सांस्कृतिक नाचगान तथा फूलमालाका साथ पर्यटकको स्वागत गर्ने
२) पर्यटकहरूलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरूको प्रस्तुति मेला, जात्रा जस्ता गतिविधिहरू आयोजना गरी सहभागी गराउने ।
३) सांस्कृतिक सम्पदा, संग्रालय, घरेलु तथा हस्तकला सामग्री उत्पादन केन्द्रस्थलको दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,
४) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता बीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,
५) पर्यटकहरूको बिदाइ गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फूलमाला पहिराउने

**घरबास पर्यटन गाउँ (होमस्टे) संचालन तथा व्यवस्थापन समितिले गर्नुपर्ने कार्यहरु**

१) पर्यटकीय क्रियाकलापहरू र पर्यटनहरूले पालना गर्नुपर्ने आचारसंहिताको बारे मा जानकारी गराउने
२) आगन्तुक र पर्यटकहरूको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने
३) पर्यटकको दर्ता व्यवस्था गर्ने

४) आयव्ययको श्रेस्ता व्यवस्थित र दुरूस्त राख्ने

५) प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने

६) स्थानीय भ्रमण प्याकेजहरूको निर्माण र प्रचार- प्रसार गर्ने

७) स्थानीय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने

८) सांस्कृतिक कार्यक्रमहरूको प्रदर्शन र व्यवस्थापन गर्ने

(९) पर्यटकहरूको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरूको व्यवस्थापन र समन्वय गर्ने

१०) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने

११) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेनु/मूल्य निर्धारणमा एकरूपता कायम गर्ने

१२) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैंतीस दिनभित्र पर्यटक संख्या, तिनका प्रमुख क्रियाकलाप, आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

**घरबास पर्यटन गाउँ (होमस्टे) संचालनलाई सफल बनाउनका लागि गर्नुपर्ने प्रचार प्रसार तथा बजारीकरण सम्बन्धि कार्यहरु**

१) होमस्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार- प्रसारका सामग्रीहरूको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरूलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा विक्री प्रबर्द्धन जस्ता काम कारवाई र कृयाकलाप गर्ने ।

२) होमस्टे संचालन कार्यविधि २०६७ मा उल्लेख भए बमोजिम होमस्टे संचालनका आधारभूत मापदण्डअनुसारका घर, कोठा, शैया, शौचालय, स्नानघर, भान्साकोठा खाना खाने व्यवस्था, स्वास्थ्य, सरसफाई र सुरक्षाको प्रबन्ध गर्नुपर्नेछ ।

**घरबास पर्यटन गाउँ (होमस्टे) मा आउने पर्यटक र आगन्तुकहरुको लागि पालना गर्नुपर्ने आचार संहिता**

१)होमस्टेमा नभएको खाना, मादक पदार्थ र अन्य सुविधको सम्बन्धमा दवाव दिन नपाइने ।

२)होमस्टेका घरका मानिस र बाहिरकालाई अनावश्यक डिस्टर्व गर्न पाइने छैन ।

३)स्थानीय सामजिक, सांस्कृतिक मूल्य मान्यताले अनुमति नदिने व्यवहारहरूमा सचेत रहनुपर्ने ।

४)स्थानीय संस्कार, रीत, परम्पराको सम्मान गर्नुपर्दछ ।

५)अनैतिक र गैरकानूनी काम गर्नका लागि होमस्टे मालिक र अन्य मानिसहरूलाई

प्रभावित गर्न पाइने छैन ।

**पर्यटन प्रवर्द्धनका लागि पहिचान भएका संभावित पर्यटकीय पदमार्ग तथा अन्य गतिविधिहरु**

१) माउन्टेन वाइकिङ हेलु-खिलुङ-लामडाँडा -सानो भञ्ज्याङ, ठूलो भञ्ज्याङ-स्वरेक मैदान -वालिङ हुँदै वयरघारीसम्म ।

२) पदयात्रा पर्यटन

क) खिलुङ-लामडाँडा-सानो भञ्ज्याङ्, ठूलो भञ्ज्याङ्,-गडहरे गुफा स्वरेक मैदान -भीरकोट भिल्ला (सुन्दर बजार )

ख) बयरघारी-राम्चे, डाँडाकोट-बानेथोक भञ्ज्याङ्ग-मुल्कावराह-देउराली -केघा-वायखोला -वयरघारी

३) राम्चे (दभुङकोट) भ्यू प्वाइन्ट -डे हाइक र विश्राम स्थलको राम्रो संभावना रहेको छ ।

४) राम भञ्ज्याङ -भ्यू प्वाइन्ट र विश्राम स्थल

५) मेला महोत्सव - स्थानीय उपज कृषिमेला आयोजना गर्ने

६) स्काईड्राइभिङ -आँधीखोला करिडोरको भीरकोटमा रहेको आँधीखोला बगरमा संभावना रहेको ।

७) अल्ट्रा एअर फ्लाईट -पोखरामा संचालनमा रहेको अल्ट्रा एअर (पुतली जहाज) को उडान । भीरकोट नगरपालिकाबाट संचालन गर्न आँधीखोलाको बगरमा एअर पोर्ट बनाई संचालन गर्न सकिन्छ ।

**भीरकोट नगरपालिकामा पर्यटन पवर्द्धनमा देखिएका समस्याहरु**

१) पहाडी धरातल बढी भएकाले पूर्वाधार विकासमा कठिनाइ हुनु ।

२) पर्यटकका लागि आवश्यक स्तरीय होटल, रिसोर्ट एर्व पार्कको कमी हुनु ।

३) पर्यटन क्षेत्रको प्रचार -प्रसार र विज्ञापनमा कमी हुनु ।

४) पर्यटकका लागि मनोरञ्जनको अभाव भएका कारणले पर्यटकहरूको बसाइँ अवधि बढाउन नसकिएको ।

५) पर्यटकहरूको लागि यथेष्ट भ्रमणस्थलको कमी हुनु ।

६) समय सापेक्ष नीति- नियम, कानून र प्रोत्साहनको कमी हुनु ।

७) मौलिक संरचनाअनुसार पर्यकटकीय स्थलमा सुधार एवं यातायातको असुविधा ।

८) आन्तरिक पर्यटकलाई बेवास्ता गरिनु ।

९) पर्यटकलाई अवश्यक पर्ने सेवा सुविधा पर्याप्त नहुनु ।

१०) बढ्दो फोहोरो मैला एवं वातावरणमा जनचाप हुनु ।

११) प्रचार -प्रसारमा कमी हुनु ।

१२) मौसमी किसिमको पर्यटनमा भर पर्नुपर्ने ।

**समस्या समाधानका उपायहरु र पर्यटन प्रवर्द्धनका लागि भीरकोट नगरपालिकाले गर्नुपर्ने महत्वपूर्ण कार्यहरु**

१) नयाँ पर्यटकीय स्थलहरूको खोजी गर्ने ।

२) पर्याप्त पूर्वाधार एवं होटेल संचालनका लागि सरकारी र निजी क्षेत्रको सहकार्य आवश्यक ।

३) व्यवसायीहरूलाई आर्कषक व्यवस्थित होटल, लज, रिसोर्ट संचालनका लागि वातारण तयार गरी प्रोत्साहन गर्नुपर्दछ ।

४) भीरकोटका विभिन्न ठाउँमा पर्यटन सूचना केन्द्रहरूको स्थापना गर्ने ।

५) पर्यटन क्षेत्रको पवर्द्धनका लागि यातायात र संचारको सेवा पर्याप्त बनाउनु ।

६) पर्यटकका लागि आर्कषक गर्ने पुस्तिका, पोष्टर चित्र नक्साको छपाइ गरी प्रचार प्रसार गर्नुपर्ने ।

७) पर्यटकहरूको जिउधनको सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने ।

८) पर्यटकीय वस्तुहरूको विकास, बजारीकरण तथा विज्ञापन र सरल पहुँचमा गम्भीर रूपले ध्यान दिनु आवश्यक छ ।

९) Travel Agency, Rafting Agency, Treking Agency हरू संचालनको व्यवस्था गर्ने ।

१०) पर्यटन प्रवर्द्धनको प्रचार -प्रसारका लागि आधुनिक सूचना प्रविधिका माध्यमहरूको उपयोग गर्नुपर्दछ ।

११) पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई जोड्ने सबभन्दा नजिकको Route भीरकोट नगरपालिकालाई करिब बीच पारेर आँधीखोलाको किनारैकिनार गएको सिद्धार्थ राजमार्ग हुँदै पोखरा -भैरहवा र भैरहवा -पोखरा गर्ने पर्यटकहरूलाई भीरकोटमा रहेका पर्यटकीय स्थलहरूको बारेमा जानकारी दिने उद्देश्यले सडक र बजार क्षेत्रहरूमा प्रचार -प्रसारका सामग्रीहरूको व्यापकता बढाउने ।

१२) भीरकोट नगरपालिकाले पोखरा अन्तर्राष्ट्रिय र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल संचालनसँगै सिद्धार्थ राजमार्ग हुँदै आवतजावत गर्ने पर्यटकलाई आर्कषक गर्ने खालका योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा संचालन गर्न सके मा पनि यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने देखिन्छ ।

(लेखक-भीरकोट नगरपालिका ६, गोदीखोला निवासी हुनुहुन्छ । सं.)

# धार्मिक पर्यटनका दृष्टिले छाङ्छाङ्दी क्षेत्र



**छायाराम खनाल**

**नगर प्रमुख , भीरकोट न.पा.स्याङ्जा**

पर्यटनका विभिन्न स्वरूपहरूमध्ये धार्मिक पर्यटन पनि एक हो । मानिसको मनोविज्ञानलाई प्रभाव पार्ने विभिन्न तत्वहरूमा धर्मलाई एक प्रमुख तत्वका रूपमा लिने गरिन्छ । धार्मिकता मानिसको स्वभाव पनि हो र आफ्नो यसै स्वभावलाई मुखरित गर्न, आत्म-शान्ति प्राप्त गर्न, लोक-परलोक सुधार्न मानिसहरू आ-आफ्ना धर्मसम्बद्ध तीर्थस्थलहरूको भ्रमण गर्ने गर्दछन्, जसलाई नै समग्रतामा धार्मिक पर्यटन भनिन्छ ,जुन राष्ट्रिय-अन्तर्राष्ट्रिय दुवै प्रकृतिको हुन सक्तछ ।




विश्वका अत्यन्त पुराना धर्महरूमध्ये एक मानिएको सनातनी हिन्दु धर्ममा आश्था राख्ने धर्मावलम्वीहरूका लागि पनि हजारौं तीर्थस्थलहरू विश्वभरि छरिएर रहेका पाइन्छन् र यसका लागि मूलतः भारतीय उपमहाद्वीपले विशेष ख्याति आर्जन गरेको कुरा जगजाहेरै छ । नेपाल पनि प्रसिद्ध ऋषिमुनिहरूको क्रीडास्थल र हिन्दुबहुल राष्ट्र भएकाले यसका विभिन्न ठाउँहरूमा उल्लेख्य धार्मिक क्षेत्रहरू स्थापित छन् र आन्तरिक तथा बाह्य दुवै धार्मिक पर्यटनका दृष्टिले ती अत्यन्त संभावना बोकेका र प्रसिद्ध समेत रहेका पाइन्छन् । मूलतः देवहरूका पनि देव महादेव र उनकी प्रेयसी सतीदेवीसँग सम्बन्धित मानिने तीर्थस्थलहरूमध्ये हालको गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, भीरकोट न.पा वार्ड नं ४ मा स्थित छायाक्षेत्र पनि एक महत्वपूर्ण र धार्मिक पर्यटनका दृष्टिले अत्यन्त संभावना बोकेका तीर्थस्थलहरूमध्ये एक मानिन्छ ।

माथि उल्लेखित स्थानमा स्याङ्जा जिल्लालाई वारपार गर्ने सिद्धार्थ राजमार्गको पूर्वतर्फ मूलद्वार रहेको अति पवित्र शिवमन्दिर स्थापित स्थल नै धार्मिक पर्यटकीय स्थल छाङ्छाङदी हो । राजमार्गबाट करिब २०० मी. को दूरीमा अवस्थित यस छायाक्षेत्र स्थल धार्मिक दृष्टिले मात्र नभई भौगोलिक-भौगर्भिक दृष्टिले पनि अत्यन्त मनमोहक मानिन्छ । हिन्दु पवित्र तीर्थस्थलका रूपमा तथा श्री महादेवको शक्तिपीठका रूपमा

चिरपरिचित यस स्थलको महिमा श्री स्वस्थानी व्रतकथामा पनि उल्लेख गरिएको पाइन्छ । उक्त पौराणिक कथाअनुसार सतीदेवीका पिता दक्ष प्रजापतिले श्री महादेवको घोर अपमान गरेको सहन नसकी सतीदेवी यज्ञकुण्डमा हामफाली आफ्नो देहत्याग गरेकी थिइन् । आफ्नी प्रेयसी सतीदेवीको कारूणिक देहत्यागको पीडाले बहुलाजस्ता भएका श्री महादेवले सतीदेवीको मृत देहलाई बोकी सारा पृथ्वी परिक्रमा गर्ने क्रममा सतीदेवीका विभिन्न अंगहरूको पतन हुँदै गएको र यस छाङ्छाङ्दी छायाक्षेत्रमा आइपुग्दा बाँकी अंगहरू पतन भएको भन्ने पौराणिक कथन यस तीर्थस्थलका सन्दर्भमा निकै चर्चित रहेको पाइन्छ । पत्नीवियोगबाट व्याकुल तथा थकित श्री महादेवले प्यास मेटाउन यस क्षेत्रको पहाडलाई आफ्नो त्रिशुल प्रहारबाट जल उत्पन्न गराई आफ्नो प्यास मेटाएको कुरा समेत श्री स्वस्थानीमा लेखिएको छ । यस पहाडबाट छङ्छङ गरी झर्ने पवित्र पानी नै हाम्रो यस क्षेत्रको गरिमाको प्रतीक मानिन्छ । छङछङ गरी बगेको वा झरेको पानी भएकाले छाङ्छाङदी भन्ने नाम दिइएको भन्ने जनश्रुतिसमेत बोकेको यस तीर्थस्थलको पवित्र जल हिउँद वर्षा कहिल्यै सुक्दैन । यो अति सफा र निर्मल छ । यसमा स्नान गर्नाले शरीरमा कुनै पनि रोग नलाग्ने र शिव भगवान्सँग यो काम पूरा होस् भनी वर मागेमा पूरा हुन्छ भन्ने जनविश्वास  समेत रहेको पाइन्छ ।

लामो समयसम्म उपेक्षित अवस्थामा रहेको भए पनि अहिले आएर यस क्षेत्रको प्रचारले केही तीव्रता पाएको देखिन्छ । हामी हिन्दुहरूका आराध्यदेव भगवान शिवसँग प्रत्यक्ष/परोक्ष रूपमा जोडिएको यस पवित्र तीर्थस्थललाई प्रसिद्ध धार्मिक पर्यटकीय स्थलका रूपमा विकसित गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारको खड्किएको अभावलाई पूर्ति गर्ने प्रयास केही हदसम्म भएको पाइन्छ । अहिले यस मन्दिर परिसरमा गौमुखे धाराहरू, यज्ञशाला, शिवलिंग, सन्तोषी माता, राधाकृष्ण र भगवान् गणेशको मन्दिर लगायत योगीहरूको विश्रामशाला आदिको पनि नवनिर्माण भएको पाइन्छ । पीठ, छत्रेश्वरी देवी, सुसुकोदरा योगिनी, पिशाचेश्वर महादेव उत्पन्न भई शिवशक्ति स्वरूपले रहेको पौराणिक प्रसंगसमेत जोडिएको यस पवित्र क्षेत्रमा  दर्शन गर्न आउने भक्तजनहरूको संख्या आजभन्दा भोलि बढ्दै गएको पाइन्छ । सिद्धार्थ राजमार्गसँगै जोडिएको, हिँडेर टाढा जान नपर्ने, एकै ठाउँमा विभिन्न शक्तिपीठहरूको दर्शन गर्न पाइने, सफा सुन्दर, शान्त, मनोरम र शीतल प्राकृतिक परिवेश यस ठाउँका प्रमुख विशेषता हुन् । आफ्नो परिचयको परिवेशलाई विस्तारै फैलाउँदै गएको र जिल्लाको प्रमुख व्यापारिक केन्द्र वालिङबाट ५ कि.मी. र स्याङ्जा जिल्ला सदरमुकामबाट २१ कि.मी दक्षिण दूरीमा पर्ने यो क्षेत्रको राम्रो प्रचार-प्रसार गर्न सकेमा राष्ट्रिय-अन्तर्राष्ट्रिय धार्मिक पर्यटकहरूको धार्मिक गन्तव्यस्थलका रूपमा विकसित गर्न सकिने व्यापक संभावना देखिन्छ  । भौगर्भिक वैचित्र्य समेत देखिने यहाँको प्राकृतिक शिलालाई गहिरिएर हेर्दा गौथुनहरू,

गणेशका मूर्तिहरू, नागहरू, शिवका विभिन्न स्वरूपहरू आदि देखिन्छन् । कुरा भक्तजनहरूबाट सुन्न पाइन्छ। वर्षका केही महत्वपूर्ण दिनहरूमा विभिन्न पर्व तथा मेला लाग्ने र दिनप्रतिदिन लोकप्रियता कमाउँदै गएको यस पवित्र छायाक्षेत्रमा आयोजना हुने प्रमुख पर्व तथा मेलाहरू निम्नानुसार देखिन्छन् ः

१. महाशिवरात्री मेला
२. वैशाखे सक्रान्ति
३. श्रावण सक्रान्ति/ हरिशयनी एकादशी
४. श्रावण महिनामा विशेष पर्वका रूपमा
५. तीज मेला तथा श्रीकृष्णाजन्माष्टमी
६. माघे सक्रान्ति
७ हरिबोधनी एकादशी
८. बालाचतुर्दशी
९. माताातीर्थ औंसी
१०. प्रत्येक एकादशी

अहिले स्थानीय धार्मिक तथा सामाजिक व्यक्तित्वहरू पनि यस क्षेत्रको विकासका लागि जुटिरहेको पाइन्छ। वर्तमानमा स्थानीय सक्रिय समाजसेवी व्यक्तित्व श्री पीताम्बर श्रेष्ठको अध्यक्षतामा गठित एक कार्यसमितिले यस क्षेत्रको विकास कार्यलाई अगाडि बढाइरहेको पाइन्छ । भजन-कीर्तनका लागि श्री चन्द्रबहादुर गाहा मगरको अध्यक्षतामा गठित भजन मण्डलीले मेलापर्वमा भजन गर्ने गरेको यस क्षेत्रको विकासका लागि केही भावी योजनाहरूको समेत बनाएका पाइन्छ जसमा निम्नानुसारका योजनाहरू विशेष उल्लेख्य देखिन्छन् ः

१. १०८ जलधाराको निर्माण गर्ने
२. शिवमहादेवको विशाल मूर्ति स्थापना गर्ने
३. निर्माणाधीन भवनलाई पूर्णता दिने
४. तीर्थालु भक्तजनलाई थप आवास तथा भोजनगृहको निर्माण गर्ने
५. धार्मिक कार्यक्रमका लागि सिटी हलको निर्माण गर्ने
६. पीठ स्थापना गरी यस क्षेत्रलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने ।

हालसालै २०७६ श्रावण १ देखि ३२ सम्म संचालित प्रमुख वाचक श्री प्रकाश तिवारीको वाचकत्वमा भएको शिवमहिमा तथा शिवविशेष पूजामा भक्तालु श्रद्धालुहरूको बाक्लो उपस्थितिले यसको महिमा र महत्वलाई फराकिलो बनाएको छ भन्नेमा कुनै द्विविधा छैन तर यस क्षेत्रलाई प्रमुख पर्यटकीय क्षेत्रका रूपमा विकास गर्दै नगरपालिकाको धार्मिक पहिचानलाई विस्तार गर्न हामी सबै नगरवासीहरूले अझ धेरै प्रयत्न गर्नुपर्ने आवश्यकता भने जीवितै छ।

✡✡✡✡

# हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण शिक्षक, विद्यार्थी,अभिभावक, सञ्चालक समिति,शिक्षाप्रेमी तथा सम्पूर्ण शुभ चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# जनप्रिय बहुमुखी क्याम्पस

(विश्वविद्यालय अनुदान आयोगबाट QAA मान्यता प्रप्त)

शिक्षा मन्त्रालयबाट सर्वौत्कृष्ट सामुदायिक क्याम्पस घोषित भई राष्ट्रिय शिक्षा पुरस्कार प्राप्त ।

## सञ्चालित कार्यक्रमहरू

| स्नातकोत्तर तह | स्नातक तह | कक्षा ११ र १२ |
|---|---|---|
| एम.वि.एस.(सेमेष्टर प्रणाली) | बि.एम.टि.एम. | विज्ञान |
| | वि.वि.ए. | व्यवस्थापन |
| | बि.आई.एम. | मानविकी |
| | वि.वि.एस. | शिक्षा |
| | वि.ए.(आमसञ्चार तथा पत्रकारिता) | |
| | वि.एस्सी.(शुक्ष्म जीवबिज्ञान) | |
| | वि.एड. | |

क्याम्पस प्रमुख

# जनप्रिय बहुमुखी क्याम्पस

पोखरा-८,सिमलचौर

बिस्तृत जानकारीका लागि फो.नं. ०६१-५३१८२२, ५२२२८७

ई-मेल : office@janapriya.edu.np

वेभसाईड : www.janapriya.edu.np

# मेरो आँधीखोला



**नवराज रेग्मी**
**क्याम्पस प्रमुख भद्रकाली ब.क्याम्पस**

यमुनाले आग्रा चिनाएजस्तै, हड्सनले न्यूयोर्क सम्झाएजस्तै, सुमिदाले टोकियो झल्काएजस्तै, राइनले बर्लिन र टेम्सले लण्डनको सभ्यता खुलाएजस्तै परिचयको पर्यायवाची बनेर युगौंदेखि मेरो गृहजिल्ला स्याङ्जाको छातीमा अनवरत सुसाइरहेको अर्धनदी प्रकृतिको *मेरो आँधीखोला* मेरो परिचयको प्रथम सुवास हो, मेरो गीतको पहिलो उल्लास हो र प्राकृतिक नाद-संगीतको प्रभाती आभास हो ।

जीवनको लामो उकालो उक्लिसकेर उमेरको यो बिसौनीबाट स्मृतिलाई उधिनेर ती बाल्यदिनहरूतर्फ फर्कंदा मन निकै प्रमोदित भएको छ यतिबेला । स्कूले जीवनको भौतिक यात्रा-पथ, वर्षामा धमिलो मातेर पनि शान्त सुसाएको मेरो आँधीखोला, त्यसको छातीमा वारपार खेल्ने काठे डुङ्गा र भयमिश्रित त्यसको यात्रा, यस्तै-यस्तै स्मृत-विस्मृत दृश्य-परिदृश्यहरू समेटिएको तर नलेखिएको मेरो इतिहास अनि नखोजिएको उसको इतिहास, सायद उस्तै-उस्तै । म यतिबेला मूल्यांकन गर्छु- मेरो आँधीखोला केवल मातेको पानीप्रवाह मात्रै थिएन- त्यो चुनौती सिकाउने मेरो महान् गुरु पनि थियो, हाँक हिर्काउने पहिलो पथ-प्रदर्शक पनि थियो । मलाई चुनौती दिएरै पानीमा उत्रन सिकाएको थियो उसले, हाँक हिर्काएरै खुट्टा दह्रो टेक्न सिकाएको थियो उसले र संघर्षको आँखीझ्यालबाट जीवन देख्न सिकाएको थियो उसले । ऊ पनि बगिरहेछ म जस्तै, म पनि बगिरहेछु ऊ जस्तै । थाहा छ, मेरो विश्रान्ति धेरै टाढा छैन तर ऊ युगौंयुगसम्म पनि यसरी नै बगिरहनेछ, सुसाइरहनेछ र कल्कलाइरहनेछ । हिउँद लागिसकेको मेरो जीवनमा अब बैंस-वसन्त कहिल्यै फर्केर आउँदैन भन्ने मलाई थाहा छ तर अनन्त-अनन्तसम्म उसले आफ्नो आवृत्त वर्षे बैंस देखाइरहनेछ यसरी नै, मातिरहनेछ त्यसरी नै र हिउँदे क्लान्त सुस्केरा पनि छाडि रहनेछ उसरी नै ।

आफ्नो जन्मलाई पौराणिक सन्दर्भसँग जोडेको छ उसले । दृष्टिविहीन आमाबाबुको एक्लो छोरो श्रवणकुमार, विश्वख्याति आर्जेको उसको पितृभक्ति/मातृभक्ति, आमाबाबुको तीर्थाटनको मानसिक-आध्यात्मिक प्यास, कठोर यात्रा-पथ, शारीरिक जल-प्यास, जलको खोजी, कुवामा श्रवणकुमारको भाँडो-उवाइ र त्यसको घडडड आवाज, शिकारी राजा दशरथको श्रव्य-भ्रम, वाणप्रहार, विचरो श्रवणकुमारको जीवनलीला समाप्ति, सहाराविहीन आमाबाबुका अधुरा सपनाहरू अनि उनका आँखाबाट गिरेको अश्रुधारा, बनेको अन्धाअन्धी दह र त्यसबाट भएको जलप्रवाह- आँधीखोला । हामीले यसको

जन्मसँगै सुनेको पौराणिक प्रसंग सायद यही हो । प्रागऐतिहासिक यो सन्दर्भ सत्य होला, नहोला तर यतिले मात्रै पनि पौराणिक पवित्रता पाएको छ, यो अर्धनदीले । यो पौराणिक सन्दर्भ र यससँग गाँसिएको पवित्रताको प्रचारलाई हामीले कहिल्यै प्राथमिकता दिएनौं, दिन जानानौं कि भन्ने गुनासो, अन्तर्गुनासो म आफै पनि सुनिरहेछु र सार्वजनिक गर्न पनि मन लागिरहेछ । मुक्तिनाथ पवित्रताले दिएको कालीगण्डकीको महत्व के मेरो आँधीखोलाले प्राप्त गर्न सक्तैनथ्यो होला र भन्ने प्रश्न पनि सार्वजनिक गर्न मन लागिरहेछ यतिबेला । हड्सन र राइन, सुमिदा र सरस्वती, हुग्ली र यमुना , टेम्स र टिग्रिस सिकि रहेका हाम्रा कति नेपाली भाइबहिनीहरूले मेरो महान् आँधीखोलाको नाम सुनेका होलान्, अश्रुजस्तै यसको पवित्रतालाई गुनेका होलान् ? मनभरि उज्याला प्रश्नहरू तर अँध्यारा उत्तरहरू छन्, एकदम अँध्यारा ।



अहिलको स्याङ्जा जिल्लाको डहरे देउरालीको कोखबाट जन्मेर स्याङ्जाकै मिर्मीमा कालीगण्डकीमा समाहित हुने मेरो आँधीखोला केवल पानीमात्र होइन, यो लाखौं बोटबिरूवाको जवानी पनि हो । यसले अँध्यारा खोंचहरू पनि देखेको छ, उज्याला फाँटहरू पनि भोगेको छ । यो स्याङ्जावासीहरूको घरघरको पिउने पानी पनि हो, उज्यालो बत्ती पनि हो, आफू किनाराका अग्ला भवनहरूको निर्माण स्रोत पनि हो, सयौंको आय-आर्जनको स्रोत पनि हो, अनि भनौं -के होइन ? यात्रामा आफूतुल्य र आफ्ना अनुज कयौं खोला-खोल्सीहरूलाई समेटेर यसले आफ्नो परिचय स्थापित गरे को छ, हाम्रो समग्र परिचयलाई आँधीखोले बनाएको छ अनि हाम्रा गीत र भाकाहरूलाई *आँधीखोले* को परिचयले स्थापित गरेको छ ।

अहिले आएर भने धेरै गुनासाहरू पनि सुसेलिरहेछ आँधीखोलाले- हामीले नबुझेको गुनासो, सुन्न नसकेको गुनासो, सुन्न नचाहेको गुनासो, चर्मचक्षु भएर पनि हामी अन्तरले दृष्टिविहीन बन्दै गएको गुनासो, आफ्नो छातीमा अत्यधिक दोहन भएको गुनासो, पर्खालै-पर्खालले छेकिदिएर आफ्नो प्राकृतिक प्रवाहलाई कुण्ठित गरिदिएको र खुलेर मात्न पनि नपाएको गुनासो । जे होस्, गुनासै-गुनासको पेटारो बोकेर भए पनि डहरमा पनि बगिदिएकै छ, नहरमा पनि बगिदिएकै छ अनि बगिरहेछ, बगिरहेछ, बगिरहेछ ; धर्तीको छातीलाई हराभरा बनाएर आफू निलो बगिरहेछ, हरियो बगिरहेछ, मेरो आँधीखोला-मेरो प्यारो आँधीखोला । हामी सबै मरेर जानेछौं तर यो बगिरहनेछ, बगिरहनेछ ।

(लेखक- भीरकोट न.पा.८ तारूक निवासी हुनुहुन्छ । सं. )

✡✡✡✡

# हाम्रो सनातन संस्कृति

**डा. नारायणप्रसाद अधिकारी**
**केन्द्रीय अध्यक्ष, ब्राह्मण समाज, नेपाल**



संस्कृति शव्द संस्कृतबाट नेपालीमा आएको तत्सम शव्द हो । सम् र कृति दुई शव्दको योग भई बनेको उक्त शव्दमा समायोजित सम् उपसर्गले दिने अर्थ सम्यक, राम्रो, ठीक इत्यादि हुन्छ भने कृति शव्दले दिने अर्थ काम वा कार्य भन्ने हुन्छ । यसरी शव्दार्थका दृष्टिले हेर्दा संस्कृति शव्दले दिने अर्थ सम्यक वा राम्रो काम भन्ने हुन्छ । सामान्य बोलचालमा प्रयोगमा आइरहने संस्कार, संस्कृत आदि शव्दहरू पनि संस्कृतिकै वर्गका शव्द मानिन्छन् ।

जब मानिस अस्तित्वमा आयो र चूनौतिपूर्ण जीवन-जगत्मा उभियो, उसले आफू बाँच्नका लागि अनेक कर्महरू गर्न थाल्यो । कर्महरू गर्ने क्रममा कुनै कर्म उसका लागि सुखदायी भए, हितकर भए र कुनै कर्म दुःखदायी र अहितकर भए । अनि ऊभित्रको बुद्धिले उसलाई सुख दिने र हित हुने कर्म गर्न उत्साहित बनाउन थाल्यो भने अहित हुने र दुःख दिने कर्मलाई निरूत्साहित गर्न थाल्यो । अब सुखदायी कर्म बारम्बार दोहोऱ्याउने र आफ्ना निकटस्थ व्यक्तिहरूलाई पनि त्यस्ता कर्महरू सिकाउने गर्न थाल्यो । फलस्वरूप संस्कृतिको जन्म भयो ।

मानिस अनुकरणशील प्राणी हो । उसले जीवनमा जे-जति कुरा सिक्छ र जान्दछ, ती सबैको मूल आधार अनुकरण वा नक्कल नै हो । हामीले भाषा बोल्न जान्यौं अनुकरणबाट, खान जान्यौं अनुकरणबाट, लाउन जान्यौं अनुकरणबाट नै । त्यस्तै अन्य विधिव्यवहार पनि अनुकरणबाटै सिकेर जान्ने भएका हौं र त्यसलाई समाजमा प्रयोग गर्न जान्ने भएका हौं । यी सबै संस्कृतिका अंग हुन् । हाम्रो बोलीचाली, खानपान, नाचगान, भेषभूषा, चाडपर्व हाम्रा संस्कृति हुन् । संस्कृति प्रायः परम्परामा आधारित हुन्छ । ठूलाबाट सानाले र अघिल्लो पुस्ताबाट पछिल्लो पुस्ताले सिक्दै, अनुकरण गर्दै, अनुशरण गर्दै, केही छाड्दै र केही थप्दै निरन्तर अघि बढिरहने प्रवृत्ति संस्कृतिमा हुने गर्दछ । यसरी केही थपिँदा कहिलेकाहीँ राम्रा कुरासँग नराम्रा कुरा पनि थपिन्छन् र केही छोडिँदा नराम्रा कुरासँगै राम्रा कुरा पनि छोडिन्छन् । यसले गर्दा संस्कृतिमा विकृति आउन थाल्दछ । हाम्रा सांस्कृतिक पर्वहरू तीज, तिहार, दशैं आदिमा पनि प्रशस्त विकृतिहरू छिरेका छन् । क्षमताभन्दा बढी खर्च, मादक पदार्थको सेवन, आयातित वस्तुहरूको बढी प्रयोग, जुवातास, वस्त्राभूषणमा बढी तडकभडक, स्वेच्छिक दान-दक्षिणाका ठाउँमा जबर्जस्ती चन्दा आदि कुराहरूले हाम्रा चाडपर्वहरू सर्वसाधारणहरूका लागि बोझिला बन्दै गएका छन् एकातिर भने अर्कातिर ती चाडपर्वहरूले बोकेको मूल जीवनदर्शन एवं

सामजिक सन्देशहरू विस्मृत हुँदै गएका छन् । यी विचारणीय पक्ष हुन् । संस्कृतिविद्, सामाजिक अभियन्ता र शासनतन्त्रसमेत यसप्रति सचेत हुन जरूरी छ ।

हाम्रो देश  नेपाल भौगोलिक दृष्टिले छिमेकी राष्ट्रहरू भन्दा सानो भए पनि सभ्यताका दृष्टिले संसारका प्राचीनतम् सनातन सभ्यता संवहन गर्दै आएको देश हो । त्यसैगरी संस्कृतिका दृष्टिले पनि विश्वकै समृद्ध मुलुक हो । सनातन वैदिक संस्कृति, बौद्ध संस्कृति र किराँत संस्कृतिको जन्मभूमिका रूपमा प्रतिष्ठित नेपाल ती तीनै संस्कृतिको संगम स्थल त्रिवेणी हो । अर्थात् नेपाली संस्कृति भन्नु उपर्युक्त तीनै संस्कृतिको संयुक्त रूप हो । यस माटामा उत्पन्न भएको बौद्ध संस्कृतिले पूर्वमा कोरिया, जापान, कम्बोडिया हुँदै उत्तरमा तिव्वत, चीन र दक्षिणमा श्रीलंकासम्म ढाकेको छ भने सनातन वैदिक हिन्दु संस्कृतिले समस्त भारत भूमिहुँदै युरोप र अमेरिकासम्मलाई प्रभाव पारेको छ र किराँत संस्कृति पनि नेपाल र भारतको सुदूर पूर्वसम्म फैलिएको छ । विज्ञान र प्रविधिमा नेपाल पश्चिमको चेलो भए पनि धर्म, संस्कृतिमा चाहिँ यो विश्वको गुरु हो भन्दा अन्यथा हुँदैन ।

हाम्रो संस्कृति हाम्रै पूर्वज, पूज्य देवीदेवता, भगवान्, भगवती, ऋषिमहर्षिहरूका सत्कर्मबाट प्रारम्भ भएका छन् । यही माटोमा जन्मिएका सिद्धार्थ गौतम बुद्धका सत्कार्य एवं सदुपदेशमा समग्र बौद्ध धर्म, संस्कृति आधारित छ । उनले दिएको पञ्चशीलको संस्कृति  हाम्रो धर्म/संस्कृतिको मूल आधार हो । जनैपूर्णिमा वा रक्षाबन्धन हाम्रै गोत्र प्रवर्त्तक ऋषिहरू अत्रि, कश्यप, वशिष्ठ, कौशिक, भारद्वाज, मुद्गल, गौतम आदिको सम्मान र महाराज बलिसँग सम्बन्धित छ । तीज हाम्रै पर्वतकी छोरी पार्वती र कैलाश-नन्दन शिवजीको प्रेम-प्रसंगमा आधारित छ । दशैं यही पहाडी प्रदेशमा पैदा भएकी विजयदायिनी भगवती दुर्गासँग सम्बन्धित छ । प्रसादका रूपमा चामलको रंगीन टीका र जमरा लगाउनु हाम्रै मौलिक परम्परा हो । तिहारको भैलो र देउसी पनि हाम्रो कर्णाली प्रदेशका महाराजा बलिका सत्कार्यसँग सम्बन्धित छ । हाम्रा संगिनी, मारूनी, देउडा, मालश्री जस्ता नृत्य गीतहरूको विषयवस्तु पनि राम, कृष्ण, देवी आदिका जीवनवृत्तसँग सम्बन्धित छन् । भजन, चुड्का, रोइलो, भैरवनाच, झ्याउरे, कौरा, बालन, लाखे आदिको सम्बन्ध पनि हाम्रै देवीदेवता तथा हाम्रै पूर्वजहरूका सत्कार्य र तीसँग जोडिएको हाम्रो भावनात्मक साङ्गीतिक चेतनाको रागात्मक अभिव्यक्ति हो ।

आफ्ना पूर्वजहरूको पूजा, तिनका सत्कार्य वा सत्चरित्रको सम्मान, बाबु-आमा तथा गुरूजनप्रति श्रद्धा-सम्मान, दाइभाइ-दिदीबहिनबीच स्नेह-सम्बन्ध, इष्टमित्र, कुलकुटुम्बसँगको हार्दिकता, सामाजिक मेलमिलाप र सहकार्यको भावना, पारस्परिक आस्था र विश्वासको सम्मान अनि सहिष्णुतासँग स्वस्थ मनोरन्जन हाम्रो संस्कृतिको बाहिरी पाटो हो भने असत्य, अनाचार र अज्ञानमाथि सत्य, सदाचार ज्ञानको विजय

नैतिकता र न्यायपूर्ण धार्मिक जीवन अनि आध्यात्मिक उन्नति हाम्रा सम्पूर्ण सांस्कृतिक कर्महरूको मूल लक्ष्य हो । स्वस्थ शरीर, प्रसन्न मन, समृद्ध जीवन अनि आत्मा-शान्ति त्यसको पनि चुरो हो । सनातन संस्कृतिको संरक्षण र सम्बर्द्धन र परिपालन हामी सबैको साझा दायित्व हो । अस्तु ।

(हाम्रो सनातन संस्कृति हामी भीरकोटेहरूको पनि साझा पहिचान भएकाले यसको सामान्य जानकारीका लागि यो लेख यस अंकमा समावेश गरिएको छ ।)


## हार्दिक शुभकामना

**विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक एमव् शुभ चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

# गंगोत्री फर्निचर उद्योग

**पोखरा-१४, मसिना, छिन्नेडाँडा, कास्की**

**फोन नं.०६१-५०५३२६**

**मो.९८४६१७३०८८,९८०३०५७३६९**

**हाम्रा सेवाहरू**



**प्रो.श्री उषा के.सी**

# हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम् शुभ–चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।




**भोलाप्रसाद तिवारी**

**क्षेत्रिय प्रबन्धक**

**सभागृहचोक, पोखरा**

# भीरकोटमा सम्भाव्य कृषि र मासिक कृषि कर्म तालिका



**लिलाप्रसाद पंगेनी**
**निबृत्त कृषि प्रसार अधिकृत**

गण्डकी प्रदेश, स्याङ्जा जिल्लाको भीरकोट नगरपालिका यस जिल्लाको मध्य भागमा अवस्थित नगरपालिका हो । यो नगरपालिकामा ब्राह्मण, क्षत्री, जनजाति र दलित जातिको मिश्रित बस्ती रहेको पाइन्छ। कृषि पर्यटनको प्रचूर सम्भावना बोकेको नगरपालिका भए पनि यहाँ भएको पाखो खेतीयोग्य जमिनमध्ये करिव ४५% जमिनमा खेती गर्न छाडिएको छ र त्यसको मुख्य कारणका रूपमा बढ्दो शहरीकरण, युवाहरूको विदेश पलायन, दक्ष कामदारको कमी, खेतीपातीमा बाँदर आक्रमण प्रमुख मानिन्छन् । यहाँको कृषियोग्य भूमिमा व्यावसायिक कृषिलाई अगाडि बढाउन सकेमा र आन्तरिक तथा बाह्य पर्यटकलाई होमस्टेको माध्यमबाट व्यवस्थापन गरी भित्र्याउन सकेमा यस क्षेत्रका बासिन्दाहरूको रो जगार तथा आयआर्जनमा ठूलो टेवा पुग्ने देखिन्छ। स्वरेक मैदान, महापुर, ओकादी, सानो भञ्ज्याङ्ग, ठूली भञ्ज्याङ्ग, खिलुङ चिउरीखर्क जस्ता उच्च पहाडी भागमा आलु रायो मुला, घिउसिमी जस्ता बालीको बीउ उत्पादन र स्ट्रबेरी, किवी जस्ता फलफूल उत्पादन गर्न सकिने देखिन्छ भने यस क्षेत्रमा पशुपालन व्यवसायलाई पनि अगाडि बढाउन सकिने देखिन्छ । उल्लेखित स्थानहरूको तल्लो भेग बेमौसमी तरकारी उत्पादनका लागि पनि उपयुक्त मानिन्छ ।

यस नगरपालिकाका जगतपुर, हेगडाँडा, भलुवा डाँडा, गलेमी गाउँ, बानेथोक, सामाखोरिया, धनथान, थालेखर्क, रिप, केराबारी, ललुङ्गा, जिमिरे, बलमाटा आदि ठाउँहरू व्यावसायिक रूपमा सुन्तला तथा अमिलो जातका फलफूल खेतीका लागि धेरै सम्भावना बोकेका क्षेत्र हुन् भने यी भन्दा तलका भागमा पनि एभोकाडो , मेवा, केरा आदि बली लगाई अर्थोपार्जन गर्न सक्ने देखिन्छ । बाह्रै महिना विभिन्न खालका फूल फूल्ने जंगल क्षेत्र भएको यो नगरपालिकामा मौरीपालनको लागि पनि त्यत्तिकै सम्भावना छ । एक खेती धान मात्र उत्पादन गर्न सकिने सिम जग्गालाई माछापालनका लागि प्रयोगमा ल्याएमा बढी आम्दानी लिन सकिन्छ । पकानफाँट, भारखाम फाँट, सिमलचौर फाँट, अरिवेणी फाँट, दहथुम फाँट आदि जस्ता बाह्रै महिना सिंचाइको राम्रो ब्यवस्थापन गर्न सकिने तल्लो समतल क्षेत्र व्यावसायिक रूपमा मौसमी तथा बेमौसमी तरकारी खेतीको लागि उपयुक्त छन् भने छाँया क्षेत्र वरपरका दभुङ्ग, माभखर्क, देउखर्क, तोरी डाँडा जस्ता स्थानहरू खुर्सानी, गोडभेडा खेतीका लागि उपयुक्त छन् । तिसेदी, वास्तरा, माभखर्क जस्ता क्षेत्रमा बाख्रापालनको पनि त्यत्तिकै सम्भावना देखिन्छ। बाँदरले अति

नै दुःख दिने क्षेत्रमा अदुवा, बेसार जस्ता नगदे बालीलाई बढाउन सकेमा र उचित औद्योगीकरण गरी बजार ब्यवस्थापन गर्न सकेमा अर्थोपार्जनको संभावना छ । उल्लेखित संभावनाहरूलाई मध्यनजर राखी स्थानीय सरकारबाट योजनाबद्ध रूपमा पलहकदमी भएको खण्डमा यस नगरपालिकाले कृषि पर्यटन, रोजगार र आयआर्जनमा फड्को माने देखिन्छ ।

यस नगरपालिकाभित्र सम्पन्न गर्न सकिने मासिक कृषि कर्म तालिका यस प्रकार छ :

**बैशाख**

- तीन बाली लिने ठाउँमा छिटो पाक्ने मकै लगाउने ।
- उच्च पहाडी भागमा मकै गोडमेल गर्ने ।
- चैते धानलाई सिंचाई ब्यवस्था गरी युरियाले टप ड्रेस गर्ने ।
- गहुँ कटानीपछि खाली जमिनमा माटो सुधारका लागि ढैचा वा अन्य को बाली (आकाश, प्रकाश, सुर्य) जातका बोडी लगाउने ।
- वर्षे फलफूल लगाउने योजना भएमा रेखाङ्कन गरी खाडल खनी मल माटो मिलाई खाल्टोलाई पुरी तयारी अवस्थामा राख्ने ।
- कोदोको बिउ राख्न तयारी गरौ ।
- बाली भण्डारणमा किरा नियन्त्रणका लागि स्थानीय वनस्पति नीम, बोझो, तीते पाती, बकाइनो, ज्वानो, तोरीको तेल आदि प्रयोग गर्ने ।
- तयारी अवस्थाको माछा पोखरीमा माछा राख्ने ।

**जेठ**

- उपल्लो पहाडी भागमा मकैभित्र कोदो रोप्ने ।
- सिफारिस अनुसारको धानको बीउ ब्याड राख्ने ।
- फलफूल बगैचामा मलखाद दिई सिंचाइ गर्ने ।
- गोलभेडाको बेर्ना सार्ने ।
- सुन्तला जातका फलफूल बोटको फेदमा बार्डोपेष्ट लगाउने ।
- चैते धानमा किराको प्रकोप बढ्न सक्छ व्यवस्थापन गर्ने ।
- प्लासस्टक घर छ भने मर्मत सम्भार गर्ने र प्लास्टिक राख्न तयारी अवस्थामा बस्ने।

**आषाढ**

- रहु, नैनी, कत्ला जातका माछा भूरा पोखरीमा राख्ने ।
- अगौटो काउली, बन्दाको व्यवस्थित ब्याड बनाउने ।
- ढैंचा बा अन्य कोसेबाली लगाएको भए जोतेर माटोमुनि पार्ने र १ हप्तापछि धान रोपाईं गर्ने ।

- मकै बाली भित्र्याउँदा राम्रोसंग सुकाई भित्र्याउने ।
- फलफूलका बिरूवा लगाउन तयार पारेको खाडललाई जमिनको सतहभन्दा १ फिट जति अग्लो गराई खाडलको बीच भागमा बिरूवा रोप्ने ।
- चैते धान पाक्यो कि ? थन्क्याउने । वर्षे धान रोप्ने ।
- मौरीका लागि खानेकुरा कम हुने बेला हो चिनी, चास्ने दिने ।
- पशुपालनका लागि नेपियरको सेट तथा वडहरको बेर्ना रोप्ने ।

**श्रावण**

- धान रोप्न बाँकी छ कि ? रोप्ने ।
- फलफूल बँगैचामा पानी जमेको छ कि निकासको व्यवस्था गर्ने ।
- सुन्तला जातका फलफूलमा पतेरो किराले दुःख दिन्छ त्यसमा सजगता अपनाउने ।
- आषाढमा लगाएको गोलभेडालाई सपोर्ट दिनुपर्ने छ कि हेर्ने ।
- अगौटे जातको काउली रोप्ने तर ड्याङ्ग अग्लो बढाउने ।
- ट्राउट माछाको भूरा पोखरीमा राख्ने ।
- मौरी घारको रेखदेख गर्ने । अरिङ्गालले दुःख दिन सक्छ ।
- धान बालीमा पहिलो टपड्रेस गर्ने बेला भयो कि विचार गर्ने

**भाद्र**

- अगौटे काउलीमा टपड्रेस गर्ने ।
- मकै भाँचेको पाखो बारीमा घिउसिमी आकाश/प्रकाश तथा सूर्य जातको बोडी तथा भटमास लगाउने ।
- रायो मुला लगाउने ।
- धान बालीमा गवारो किरा लाग्न सक्छ नियमित निरीक्षण गर्ने ।
- धानको गोडमेल गर्ने । टपड्रेस गर्नुपर्ने छ कि हेर्ने ?

**आश्विन**

- अलैंची लगाएको भए बाली लिने ।
- सुन्तला जातको बगैचामा प्राविधिकसंग सल्लाह गरी फेरोमेन ट्र्याप को प्रयोग गर्ने ।
- धानबालीमा पतेरोको आक्रमण छ कि हेर्ने ।
- मौसमी हिउँदे तरकारी बाली काउली, बन्दा रायो, चम्सुर, घिउसिमी मुला आदि लगाउने ।

**कार्तिक**

- अगौटे काउली बाली उत्पादन भयो होला बिक्री गर्ने ।
- धानभित्र घुसुवा बालीको रूपमा मुसुरो, केराउ जस्ता बीउ छर्ने ।
- अगौटे आलु लगाउने भए जमिन तयार पार्ने ।

- हिउँदे फलफूल रोप्न रेखाङ्कन गरी खाडल खनी मल माटो मिलाई पुर्ने ।
- मौरीघारमा महको अवस्था हेरी निकाल्ने।
- माथिल्लो भेगको पाखो जमिनमा गहुँ छर्ने ।
- बालीलाई तुषारोबाट जोगाउन तरकारी खेतीमा प्लाष्टिक टनेलको व्यवस्था मिलाउने ।

**मंसिर**

- बेमौसमी तरकारीका लागि प्लाष्टिक टनेलभित्र काँक्रो, फर्सी, भेडे खुर्सानी आदिको बीउ जमाउने ।
- बजारको मागअनुसार सुन्तला ग्रेडिङ्ग गरी फल टिप्ने र बेच्ने ।
- धान थन्क्याउनका लागि भकारी/भण्डारकक्ष सफा गरी सेल्फस चक्की, फ्युनिकेशन गर्ने ।
- गहुँ, तोरी बाली लगाउन ब्यवस्थापन गर्ने ।
- आलु लगाउने ।

**पौष**

- बेमौसमी तरकारी घिरौला, करेला, लौका, काँक्रो, फर्सी आदिको बीउ जमाउन निरन्तरता ।
- मौरीलाई चिसोबाट जोगाउन रातमा घारलाई बोराले ढाक्ने ।
- काउली, बन्दा, ब्रोकाउली लगाउँदा बोरेक्स प्रयोग नगरेको भए २ ग्राम बोरोक्स प्रतिलिटर पानीमा मिसाई स्प्रे गर्ने ।
- प्याज पनि रोप्ने ।
- आलुबालीमा उकेरा लगाई सिंचाईको व्यवस्था मिलाउने ।
- हिउँदे पतझड फलफूल बिरूवाको काँटछाँट गर्ने ।
- सुन्तलाको फल टिपिसक्ने नत्र अर्को वर्ष फल राम्रो दिँदैन । बोट कमजोर हुन्छ । बोर्डोमिश्रण छर्ने।
- गहुं छरेको २२/२४ दिन भएको छ भने चिस्यानको व्यवस्था गरी टप ड्रेस गर्ने र बेमौसमी तरकारीको बेर्ना जमाउने कार्यलाई निरन्तरता दिने ।

**माघ**

- हिउँदे फलफूल विरूवा रोप्ने ।
- पतझड फलफूलको विरूवाको काटछाँट बाँकी छ कि ? सिंचाई गरी मल र छाप्रो राख्ने ।
- गहुँमा चिस्यान कस्तो छ हेर्ने ।
- वसन्ते मकैका लागि जमिनको तयारी गर्ने।

- बेमौसमी लहरे बाली लगाउने ।

**फाल्गुण**

- मौरी गोला छुट्टयाउने बेला भयो घारको निरीक्षण गर्ने ।
- मकैबाली लगाउनका लागि तयारी रहने ।
- केराको गोडमेल गरी सकर्स मिलाउने ।
- फलफूल बँगैचामा मल पानी, छापो दिने ।
- चैते धानको ब्याड राख्ने ।
- माछा पाल्ने इच्छा भए पोखरी तयार पारी मल, पानी भर्ने ।
- असिना पर्न सक्छ, प्लास्टिक घरको प्लास्टिकलाई निकालेर सफा गरी राख्ने ।

**चैत्र**

- लेकाली आलुमा गोडमेल गर्ने ।
- रामतोरिया भण्टा, खुर्सानी, लौका, फर्सी घिरौला, आदि मौसमी लहरे बाली लगाउने ।
- बाली भण्डारणको निरीक्षण गर्ने , स्थानीय विषादि वा सेल्फस, क्वीकफस चक्की राखी किराबाट जोगाउने ।
- चैते धान रोप्ने ।
- गहुँबाली राम्रोसँग सुकाएर भण्डारण गर्ने ।

साभारः नेपाल कृषि प्राविधिक एसोसिएसन(NATA) को २०७६को क्यालेण्डर र स्वयं आफ्नो जागिरको अनुभव ।

"प्राविधिकको सल्लाहमा खेती गरौं, व्यावसायिक कृषिमा अघि बढौं । "


**दीपक थापा**
**९८२४११७५९**

**कमल के.सी**
**९८१८८८९४३१**

## श्री रानीरह होटल एण्ड रेष्टुरेण्ट
## भीरकोट–१, रानीरह

**हाम्रा सेवाहरू : अति सुविधायुक्त, मनोरम दृश्य देखिनुका साथै म:म, चाउमिन, आँधीखोलाका माछा,लोकल खसी, कुखुराको मासुसहित अर्गानिक शुद्ध खानाका लागि हामीलाई सम्झनुहोस् ।**

प्रो.बाबुराम सुनार ०६१-५४०५३४
९८०४१२७६७४
९८०६६६७२२३

## दी आँधीखोला सुनचाँदी पसल

पोखरा-८, सृजनाचोक

हाम्रा सेवाहरू : हामी कहाँ विभिन्न किसिमका गर-गहनाहरु अर्डर अनुसार तयार गरिन्छ र रेडिमेड गर-गहनाहरु पाइनुका साथै पुराना गहनासँग साटफेर पनि गरिन्छ । ज्यालामा विशेष छुटका साथ विक्री -वितरण गरिन्छ ।

दिपा शर्मा
९८४६२०८६४८
०६१-५२२९३९

भवानी अर्याल
९८५६०४७१२७

# बी एण्ड डी वेवी कलेक्शन

पोखरा न्यूरोड
(नगरपालिकाको ठिक अगाडि)

हाम्रा सेवाहरु: बच्चाका लागि सबै प्रकारका कपडा, खेलौनाका साथै ढाका सेट, सेरवानी,साइकल, झुला, वाकर,यस्तै सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक एमव् शुभ चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।







मानबहादुर परियार (गुड्डु)
९८४६२०३२०५, ९८१४१३८०४४

# GOOD–DO

(पोखरा महानगरपालिकाको दक्षिणतर्फ)

सटिङ, सुटिङका साथै
रेडिमेट सुट, सर्ट, पाइन्ट
सुपथ मूल्यमा पाइने
एकमात्र पसलका लागि
हामीलाई सम्झनुहोस् ।

# भीरकोटले जन्माएका एक नक्षत्रः ऋषिकेश शाह



**राजेन्द्र रेग्मी**

**सहायक निर्देशक, एस.ओ.एस.बालग्राम**

नेपालको बौद्धिक, शैक्षिक र कुटनीतिक वाङ्मयमा अत्यन्त आदरका साथ सम्झिइने धेरै नामहरूमध्ये अग्रपंक्तिमै पर्ने एक नाम हो- हृषिकेश शाह । बाईसे-चौबीसे राज्यकालका बेलाको एक प्रसिद्ध चौबीसे राज्य भीरकोटका अन्तिम राजा तारकबहादुर शाह र रानी मदनदिव्येश्वरी शाहको प्रथम पुत्र-रत्नका रूपमा सन् १९२५ मे १६ का दिन पाल्पामा जन्मेका शाह विश्वले चिने का थोरै नेपाली सपूतहरूमध्ये एक हुन् । आफ्नो पूरा नाम हृषिकेशकेशरी शाहलाई आफै ले छोट्याएर हृषिकेश मात्र बनाएका शाह *हुने विरूवाको चिल्लो पात* भनेझैं सानैदेखि अत्यन्त तीक्ष्ण बुद्धि र असाधारण प्रतिभाका धनी थिए भन्ने कुरा १३ वर्षको कलिलो उमेरमै म्याट्रिक पास गर्दा भारतको दार्जिलिङ जिल्ला प्रथम भएबाट पुष्टि हुन्छ ।

आफ्नो औपचारिक शिक्षाआर्जनको यात्रारम्भ दार्जिलिङको सेन्ट रोबर्टस् हाइस्कुलबाट गरेका बहुआयामिक व्यक्तित्वका धनी तथा बहुमुखी प्रतिभाले सम्पन्न हृषिकेशले भारतको कोलकाताबाट संस्कृततर्फ प्रथमा तथा मध्यमाको परीक्षासमेत उत्तीर्ण गरेको पाइन्छ भने पटना विश्वविद्यालयलबाट अङ्ग्रेजी साहित्यमा एम.ए. समेत गरेको देखिन्छ । त्यतिले मात्रै आफ्नो अध्ययन-प्यास नमेटिएपछि पुनः इलाहाबाद विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एम.ए गरेका, शिक्षा र ज्ञानका भोका शाहले त्यसपछि भने ज्ञानप्राप्तिको आफ्नो भोकलाई स्वाध्ययनबाट पूर्ति गर्दै औपचारिक शिक्षाको  बिट मारेको पाइन्छ ।

विश्वविद्यालयको अध्ययन समाप्तिपछि २० वर्षको कलिलै उमेरमा त्रिचन्द्र कलेजमा प्राध्यापनमा लागेका (सन् १९४५-१९४८) शाहले केही समय नेपालका विद्यालयहरूको प्रमुख निरीक्षकका रूपमा समेत आफ्नो सशक्त भूमिका निर्वाह गरेको पाइन्छ । अन्तर्राष्ट्रिय राजनीति र कानूनमा समेत राम्रो दख्खल राख्ने शाहले आफ्नो असाधारण बौद्धिक क्षमताकै कारण भारतको जवाहरलाल नेहरू विश्वविद्यालयलगायत अमेरिकाको बर्कले विश्वविद्यालयजस्ता प्रतिष्ठित विश्वविद्यालयहरूमा पनि प्राध्यापन गर्ने अवसर प्राप्त गरेका थिए । यति मात्र नभई उनलाई उड्रो विल्सन इन्टरनेशनल सेन्टर र इष्ट वेष्ट सेन्टरको प्रमुखको जिम्मेवारी पनि मिलेको थियो जसलाई उनले अत्यन्त प्रभावकारी रूपमा निर्वाह गरेका थिए भनिन्छ । समसामयिक कुटनीति र देश-विदेशको राजनीतिलाई अन्तर्तहबाट छाम्न सक्ने बौद्धिक सामर्थ्य राख्ने शाह Nepal Council

या World Affairs का संस्थापक तथा Human Rights Organization या Nepal का संस्थापक अध्यक्ष पनि हुन् । नेपाली र अंग्रेजी दुवै भाषामा उत्तिकै दखलता राख्ने शाहले राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीति, इतिहास र कुटनीतिसँग सम्बद्ध धेरै पुस्तकहरू लेखेको पाइन्छ र उनका कतिपय पुस्तकहरू अंग्रेजीमा समेत लेखिएका पाइन्छन् ।

जीवनको कुनै कालखण्डमा सक्रिय राजनीतिमा समेत रूचि देखाएका शाहले केही समय नेपाल प्रजातान्त्रिक पार्टीको सदस्य, नेपाली राष्ट्रिय कांग्रेसको जनरल सेक्रेटरीका रूपमा समेत काम गरेको इतिहास पाइन्छ । बी.पी. कोइरालाको प्रधानमन्त्री कालमा संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधिसमेत बनाइएका शाहले २०१७ सालको राजनीतिक परिवर्तनपछि भने सन् १९६० देखि १९६४ सम्म राजा महेन्द्रको अध्यक्षतामा गठित मन्त्रीपरिषद्मा विभिन्न मन्त्रालयको कार्यभार सम्हालेको पाइन्छ । राजा महेन्द्रकै अध्यक्षतामा रहेको तत्कालीन राष्ट्रिय योजना परिषद्का उपाध्यक्षसमेत बनाइएका शाहले सन् १९६२ मा संवैधानिक मस्यौदा समितिमा रहेर समेत काम गरेका थिए भने सोही वर्ष उनलाई परराष्ट्र मन्त्रीको जिम्मेवारी दिइएको कुरा पनि इतिहासमा पढ्न पाइन्छ । पछि नेपाल भारत सम्बन्धमा खासै सुधार ल्याउन नसकेको लगायतका कमजोरीहरू देखाउँदै परराष्ट्रमन्त्रीको जिम्मेवारीबाट हटाइएका शाह सन् १९६७ देखि १९७१ सम्म राष्ट्रिय पञ्चायतका सदस्यसमेत रहेको देखिन्छ ।

राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरूमा रहेर काम गर्दै लामो अनुभव संगालेका शाहले आफूलाई अन्तर्राष्ट्रिय कुटनीतिका क्षेत्रमा पनि अब्बल तुल्याएको देखिन्छ । अमेरिकाका लागि नेपाली राजदूत हुँदा होस् वा संयुक्त राष्ट्रसंघका लागि स्थायी प्रतिनिधि रहँदा होस् उनले आफ्नो असाधारण बौद्धिक र कुटनीतिक  क्षमताको कुशल प्रदर्शन गरेको कुरा नेपाली कुटनीतिका राम्रा जानकारहरू बताउने गर्दछन् । सन् १९६१ मा संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव ड्याग ह्यामरशोल्डको प्लेन दुर्घटनामा परेर मृत्यु भएपछिको घटना छानबिन समितिको नेतृत्व गरेका शाहको प्रतिभा र कार्यकुशलताबाट त्यतिबेला राष्ट्र संघ निकै प्रभावित रहेको र उनलाई सो संस्थाको महासचिवका लागि प्रस्तावसमेत गरिएको कुरा इतिहासमा उल्लेखित छ ।

जीवनको पछिल्लो कालखण्डमा बहुदलीय राजनीतिमा समेत आफूलाई सक्रिय बनाउन चाहेका शाहले यसमा भने खासै सफलता पाउन सकेको देखिँदैन । जीवनको उत्तरार्द्धमा दैनिक जीवनबाट अलि विचलित समेत देखिएका शाह जे भए पनि भीरकोटले जन्माएका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तित्व हुन् भन्नेमा विवाद छैन । यसरी राष्ट्रिय-अन्तर्राष्ट्रिय बौद्धिक र कुटनीतिक वाङ्मयमा जीवनभर आफूलाई लगाएका यी भीरकोट-रत्नको सांसारिक जीवनलीला सन् २००२ नोभेम्बर १३ मा सकिए पनि उनको योगदानको स्मरण नेपाली इतिहासले सदा गरिरहनेछ भन्नेमा कुनै द्विविधा छैन ।

भीरकोट-८, स्याङ्जा

# भीरकोटको वन : एक झलक



**प्रभा लम्साल रेग्मी**
**सचिव**
**भीरकोट पोखरा सामीप्य सदन**

मुलुकको दिगो विकासका लागि प्रमूख आधार स्रोत मानिने वन नेपालको पहिलो धन पनि हो । वन क्षेत्रको महत्त्वपूर्ण योगदान हिजो पनि थियो, आज त छँदै छ र भोलि पनि रहने छ ।

वन क्षेत्रबाट राष्ट्रको आयआर्जन वृद्धि हुन सक्ने, रोजगारी सृजना हुन सक्ने र मानिसका आधारभूत आवश्यकताहरूको समेत पूर्ति हुन सक्ने देखिन्छ । काठ, दाउरा, घाँसपातमात्र होइन, गैरकाष्ठ जडीबुटी र वन पैदावारको आपूर्तिको सम्भावना धेरै भएकाले कृषि, पशुपालन, सिँचाइ, पर्यटन जस्ता धेरै क्षेत्रहरू यसबाट लाभान्वित हुन सक्ने अवस्था देखिन्छ । त्यसैले वन क्षेत्र देशकै प्राथमिक विषय रहेको छ र रहनु पर्छ भन्नेमा दुईमत हुन सक्दैन । अहिले सरकारले समुदायमा आधारित वन तथा संरक्षित वन क्षेत्रको व्यवस्थापन सम्बन्धमा लिएको नीति र गरेका कार्यहरू उदाहरणीय बन्दै गएका पाइन्छन् ।

वनजङ्गलले वातावरण जोगाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । रूखले स्वच्छ हावा प्रदान गर्नुका साथै माटोलाई उर्वर बनाउँछ । निश्चित समयमा वर्षा गराउन र भूक्षय तथा बाढी-पहिरो नियन्त्रण गर्न सघाउ पुग्दछ । वनक्षेत्रले जङ्गली जनावर र चराचुरूङ्गीलाई वासस्थान दिनुका साथै हाम्रो वासस्थानलाई समेत सुन्दरता र शीतलता प्रदान गर्दछ । वनपैदावारबाट उद्योग व्यवसायका लागि कच्चा पदार्थ प्राप्त हुनुका साथै जडीबुटी उत्पादन तथा निर्यात गरी आयआर्जन समेत गर्न सकिन्छ ।

अतिक्रमण, चोरी निकासी, फँडानी, वन डढेलो, अव्यवस्थित बसो बास तथा काठ, दाउरा, घाँस, स्याउला, पत्कर आदिको वैकल्पिक व्यवस्थापन हुन नसकेका कारण वन क्षेत्रमा परिरहेको जनचाप, अन्तर्राष्ट्रिय स्तरमा गरिएका सन्धि-सम्झौता अनुरूप बनेका कानुन र नीतिनियमहरूको दिगो र स्पष्ट कार्यान्वयन हुन नसक्नु वन क्षेत्रका प्रमूख चुनौतिहरू हुन् तापनि अहिले गाउँघरतिर पनि आगोको साटो बायोग्याँस, एल .पि. ग्याँस तथा बिजुलीको प्रयोग बढिरहेकाले र स्थानीय सरकारले पनि नेपाल सरकारको नीति अनुरूप सामुदायिक वनहरू समुदायलाई नै जिम्मा दिदै संर क्षणका लागि समितिहरू बनाएकाले केही हदसम्म भए पनि वन क्षेत्र बढ्दै गएको पाइन्छ । अहिले गाउँवस्ती छोड्दै सहरतिर मानिसको बसाइँ सर्ने क्रम बढेकाले खेतीयोग्य जमिन समेत झाडी, बुट्यानले ढाकेको पाइन्छ ।

नेपालको संविधान २०७२ को धारा ३० को उपधारा १ मा हरेक नेपालीलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी उल्लेख गरेको छ । सोही बमोजिम

सरकारले विभिन्न तरिकाबाट वनजङ्गलको वर्गीकरण गरी संरक्षण समेत गरेको देखिन्छ।

स्याङ्जा जिल्लाका नवघोषित नगरपालिकाहरू मध्येको एक भीरकोट नगर पालिकामा धेरै वनहरू छन् तर यहाँ दर्ता भएका सामुदायिक वनहरूको नाम, संख्या, त्यहाँ पाइने जडीबुटी, जनावर, काठका रूपमा प्रयोग गरिने रूख र चराहरूको बारेमा मात्र जानकारी दिने काम गरिएको छ।

## वडागत सामुदायिक वनहरू

| क्र. स. | साबिक गा. वि.स. र वाड नं. | हाल भीर कोट न. पा. वाड नं | वन संख्या | जम्मा वन क्षेत्र हेक्टरमा | सामुदायिक वनका नामहरु |
|---|---|---|---|---|---|
| १ | दार्सिङ दहथुम (१, २, ३ र ५) | १ | ३ | २९५ | १) धनुवाँसे ठाँटी सामुदायिक वन<br>२) पाले असुबे सामुदायिक वन<br>३) अर्लाङ्दी सामुदायिक वन |
| २ | दार्सिङ दहथुम (४, ६, ७, ८ र ९ ) | २ | ६ | | १) खहरे हरियाली सामुदायिक वन, भारथान, दहथुम २) धनुवाँसे केघा टोल विकास संस्था<br>३) ढुङ्गेठाँटी सामुदायिक वन, केघा<br>४) पालेवन राजपानी सामुदायिक वन, धुर्वदे उराली ५) अर्लाङ्दी साउनेपानी, डाँडाकोट<br>६) कमेरेपानी सामुदायिक वन, ओसेक |
| ३ | वानेथोक देउराली (१-९) | ३ | ६ | २९७ | १) ठुलो वन २) पाले वन<br>३) चिप्लेटी गुराँसे वन ४) घोराखुरी लाखुरे वन<br>५) त्रिदेवी सामुदायिक वन<br>६) दारेगौडा सामुदायिक वन |
| ४ | छाङ्छाङ्दी (२, ३, ७, ८ र ९) | ४ | ५ | १८४ | १) लोहसे वस्यानीवनपाला सामुदायिक वन<br>२) दभौं सामादी सामुदायिक वन<br>३) साउदी सामादी सामुदायिक वन<br>४) कुँडर सालघारी सामुदायिक वन<br>५) गैनडाँडा सामुदायिक वन |
| ५ | स्वरेक (१,५, ६, ७ र ९) | ५ | ८ | १७६ | १) सुम्रे सातपत्रे वन २) थालेखर्क वन<br>३) मुसेखर्क सामुदायिक वन<br>४) फूलबारी सामुदायिक वन, चापपानी<br>५) बाँसपानी सामुदायिक वन<br>६) सृजनशील सामुदायिक वन, मैदान<br>७) समाजकल्याण सामुदायिक वन, मैदान<br>८) तिलाहर सोतिया सामुदायिक वन |
| ६ | खिलुङदेउराली (३,५,७ र ८) | ६ | ५ | ३०६ | १) खिलुङ देउराली सामुदायिक वन<br>२) देवीस्थान समुदायिक वन<br>३) सालघारी सामुदायिक वन<br>४) जामुने सामुदायिक वन<br>५) सिमलचौर सामुदायिक वन |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | खिलुङ देउराली (१, २, ४, ६ र ९) | ७ | ५ | | ६) लोसे सामुदायिक वन, जिमिरे<br>७) भ्फौरीकुना सामुदायिक वन, बलमाटा<br>८) ठाडोबाटो मर्तमास सामुदायिक वन<br>९) ओखलेपानी गगन्डाँडा सामुदायिक वन<br>१०) ओखले अर्चले सामुदायिक वन, चिउरी खर्क धोवादी |
| ८ | ढापुक सिमल भञ्ज्याङ(१-९) | ८ | १२ | ३२५ | १) काफल डाँडा सामुदायिक वन<br>२) पतभैया सालघारी वन<br>३) टन्डुगैरा सामुदायिक वन<br>४) काउलेडाँडा वृक्षारोपण सामुदायिक वन<br>५) जैसरी सामुदायिक वन<br>६) रिप सामुदायिक वन<br>७) चुत्रे गैरा सामुदिक वन<br>८) सेप गैरा सामुदायिक वन<br>९) खोरबार सामुदायिक वन<br>१०) डासा सामुदायिक वन<br>११) घैमो सामुदायिक वन<br>१२) गबु डाँडा सामुदायिक वन |
| ९ | कालिकाकोट (३, ४, ५, ६, ७ र ८) | ९ | २ | ३३.६ | १) सामथुम्का समुदायिक वन<br>२) गडहरे सामुदायिक वन |
| | जम्मा | | | १६१६.६ | |

भीरकोटमा अफै पनि ७२.७५५ घरधुरीहरूले वनमै आश्रित रहेर खाना पकाउने इन्धनको रूपमा काठ दाउरा नै प्रयोग गरेको तथ्याङ्क पाइन्छ । यस सन्दर्भमा भीरकोट नगरपालिकाले गरेको सर्वेक्षण विवरण तपसिल अनुसार छ :

| वडा नं. | काठ, दाउरा | मट्टितेल | एल.पि.ग्याँस | गुइँठा | गोबरग्याँस | बिजुली | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २४९ | ० | ५८८ | १२ | ५२ | ८ | ९०९ |
| २ | ४२३ | ० | २४१ | १ | २३ | ० | ६८८ |
| ३ | ७०३ | ० | २५ | ० | ० | ० | ७२८ |
| ४ | १८५ | ० | १०५ | १ | ३१ | १ | ३२३ |
| ५ | ६१५ | ० | ८८ | ४ | २३ | ० | ७३० |
| ६ | ४५७ | ३ | ७४ | ० | १६ | ७ | ५५७ |
| ७ | ४१० | ३ | ७६ | ० | ३३ | २ | ५२४ |
| ८ | ५६७ | १ | १०९ | ० | २४ | ८ | ७०९ |
| ९ | ५६४ | ० | ४ | ० | ० | ० | ५६८ |
| जम्मा | ४१७३ | ७ | १३१० | १८ | २०२ | २६ | ५७३६ |

(स्रोतः भीरकोट नगरपालिका)

भीरकोट नगरपालिकाको वनबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरै फाइदा लिन सकिन्छ । यहाँ हामीले पहिचान गर्न नसकेका धेरै जडीबुटीहरू छन् । यहाँका वनजङ्गलमा हामीले पहिचान गरी प्रयोगमा ल्याउन सकिने केही जडीबुटीहरू निम्नानुसार प्रस्तुत दुखिन्छन् ।

**जडीबुटीहरू**

१) पाखनबेत २) गुर्जो ३) चिराइतो ४) गुजरगानो
५) तेजपत्ता ६) अमला ७) दयालो ८) दमौरो
९) हर्रो १०) बर्रो ११) घोलटाप्रे १२) चक्रमर्द
१३) असुरो १४) ठुलोओखती १५) शिकारी लहरो
१६) धयरो १७) बेल १८) घ्यूकुमारी १९) टिमुर
२०) पारिजात २१) मगरकाँची २२) रूदिलो २३) कालसिन्की
२४) अराली २५) गाईखुरे २६) गुमपाती २७) सिमली
२८) सर्पगन्धा २९) निमपत्ता ३०)कुरिलो ३१)हलहले
३२) आकासेबेली आदि ।

भीरकोट नगरपालिकाले स्थानीय स्तरमा उपलब्ध जडीबुटीहरूको पहिचान, महत्त्व, उपयोगिता, उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्नका लागि मिति २०७६ भदौ २ गते देखि ४ गते सम्म 'स्थानीय स्तरमा उपलब्ध जडीबुटीहरूको पहिचान, महत्त्व एवं उपयोगिता' विषयक अभिमुखीकरण कार्यक्रम ( २०७६) संचालन गरेको थियो । यस कार्यक्रमको प्रभावले स्थानीय सरकारका रूपमा रहेको भीरकोट नगरपालिका पनि जडीबुटीको संरक्षण र संवर्धनमा कृयाशील रहन थालेको देखिन्छ ।

**त्यसै गरी भीरकोट नगरपालिका भित्रका वनहरूमा पाइने जनावरहरू यसप्रकार छन्** :

१) चितुवा २) मृग ३) खरायो ४) दुम्सी
५) बाँदर ६) स्याल ७) मलछाप्रो ८) वनबिरालो ९) गोहोरो आदि ।

भीरकोटका जङ्गलमा धेरै थरीका रूखहरू पाइन्छन्, जुन काठ, दाउरा तथा घाँसपातका लागि प्रयोग गर्न सकिन्छ । जसरी तरकारीमा आलु धेरैसँग मिलाउन सकिन्छ त्यसरी नै बाँस पनि अति आवश्यक र बहुउपयोगी वनस्पति हो । भीरकोट नगरपालिकामा मात्र नभई नेपालमै बढ्दै गएको बाँस खेतीबाट बाँदरको वासस्थान भने बढेको देखिन्छ । त्यसैले बाँस तथा अन्य अनावश्यक रुखका हाँगाहरू काँटछाँट गरी उचित व्यवस्थापन गर्नसके बाँदरको संख्यामा केही कमी हुने जनसमुदायको राय छ । भीरकोटका जङगलमा पाइने काठका लागि प्रयोग गर्न सकिने रूखहरू निम्नानुसार छन् :

( १) साल २) सल्ला ३) चिलाउने ४) कटुस ५) टुनी
६) मौवा ७) गडेरी ८) चाँप ९) कटहर आदि ।

यसका साथै यहाँको जङ्गलमा  कालिज, तित्रा, वनकुखुरा, ढुकुर, डाङ्गे (सारस), कोइली, काग, गिद्ध, चिल, वाज, भँगेरा, कोकलास, टुकटुके (उडपिकर), जुरेलो, चमेरा, लाटोकोसेरो, फिस्टा, न्याउली, लामपुछ्रे  आदि जस्ता पंक्षीजन्य सम्पदा पनि पाइन्छ ।

वनबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरै फाइदा हुँदाहुँदै पनि उचित संरक्षण गरी बढी भन्दा बढी फाइदा लिन भने सकिएको छैन । वनक्षेत्रको संरक्षणका लागि वन फँडानी भएका ठाउँमा नयाँ बिरूवा हुर्काउने, अनावश्यक झाडी हाँगाबिगा काँटछाँट गरी राम्रा खालका रूख र जडीबुटीलाई जोगाएर समेत वन जस्तो साझा सम्पतिलाई बचाउन सकिन्छ र बढी भन्दा बढी फाइदा लिन सकिन्छ । हामीले आफ्नो जन्मदिनको सु-अवसरमा १ बिरूवा रोप्ने अभियान चलाउन सक्यौं भने पनि वन संरक्षणमा त्यो प्रभावकारी नै देखिन्छ जस्तो लाग्दछ । भीरकोटको वन  सदाबहार राख्ने काममा हामी भीरकोटे सबैले होस्टेमा हैंसे गर्ने देखि भावी सन्ततिहरूले पनि स्वच्छ वातावरणमा स्वस्थ्व जीवन जीउन पाउने अवस्थालाई समेत जोगाई राख्नु आजको आवश्यकता बने को छ ।

जैविक विविधता, समृद्ध जलाधार विविधताले भरिएको वनको प्रयोग उद्यमशील हुने सोचमा गर्नुपर्ने देखिन्छ । यसैबाट रोजगारी सिर्जना लगायत जीविकोपार्जनको सम्भावना राम्रो हुनसक्छ । दिगो वन व्यवस्थापन, वनक्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्दि, विविधता र स्रोत संरक्षणमा हुने लाभको प्राप्ति, जलवायू परिवर्तनको नकारा त्मक प्रभाव न्यूनीकरण, विपद् जोखिमलाई क्रमशः घटाउँदै जाने, जल एवं जलस्रोतको वृद्धि, भूमिको संरक्षण, भूमिबाट उत्पादन र उत्पादकत्व वृद्धि एवं जलाधार संरक्षण र समुचित व्यवस्थापन गर्नु भीरकोट नगरपालिकाको मूलभूत उद्देश्य हुनुपर्छ ।

आदरणीय पाठक महानुभावहरू, यस दर्पणमा साविक दार्सिङ दहथुम, खिलुङ देउराली, ढापुक सिमल भञ्ज्याङ र बानेथोक देउराली गा.वि.स. का सवै वडा  साथै स्वरेक गा.वि.स. को १,५,६,७,९, छाङछाङदी गा.वि.स. को २,३,७,८ र ९ कालिकाकोट गा.वि.स. को ३,४,५,६,७ र ८ वडाहरू मिली भीरकोट नगरपालिका स्थापना भएको र यस नगरपालिकाभित्र अवस्थित वन जङ्गलका विवरण साथै जडीबुटीहरूको विवरण समावेश गर्ने पहिलो प्रयास गरिएको छ । यो लेखमा सम्पूर्ण कुराहरू नसमेटिएको हुन सक्छ, त्यसका लागि क्षमा माग्दै आगामी दिनमा अझै स्तरीय लेख प्रकाशन गर्न सुझाब र सहयोगको अपेक्षा गर्दछु । साथै यो लेखका लागि तथ्यहरू उपलब्ध गराउने भीरकोट न.पा. तथा सम्पूर्ण वडाध्यक्षज्यूहरू र समाजका आदरणीय अग्रजहरूलाई समेत हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

'जय भीरकोट'

# हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम् समस्त शुभ–चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# HELLO Baby

**Madan Shrestha**
**9846097139**

**Padam Shrestha**
**9826114322**

**Address 1:**
**Aayush Plaza**
**B.P.Chowk Pokhara- 4,Chipledhunga**
**(Near Naag ko Than)**
**Address 2: Inside Nava Lekhnath Jwellers & Unique Collection**

बच्चाका लागि आवश्यक सबै प्रकारका स्तरीय सामान सुपथ मूल्यमा प्राप्त गर्न सदैब हामीलाई सम्झनुहोस् ।

# हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, ग्राहक एवम् समस्त शुभ–चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



# भीरकोटका शक्तिपीठहरू



**टोलप्रसाद अर्याल**
**महासचिव**
**भीरकोट पोखरा सामीप्य सदन**

**पृष्टभूमिः**

स्याङ्जा जिल्लाको मध्यपहाडी भागमा समुन्द्र सतहबाट ८०० देखि १६०० मीटरसम्मको उचाइमा अवस्थित भीरकोट नगरपालिकाको कुल क्षेत्रफल ७८.२३ वर्ग किलोमीटर रहेको छ। बाइसे चौविसे राजाहरूको पालामा भीरकोट पनि एक शक्तिशाली राज्यका रूपमा रहेको कुरा इतिहासमा पढ्न पाइन्छ। यही राज्यको नामबाट नै भीरकोट नगरपालिकाको नामकरण गरिएको हो । तत्कालीन राजाहरूले राज्य सञ्चालन गर्दा काममा बाधा व्यवधान नआओस् भनेर विभिन्न शक्तिपीठहरूमा पूजाआजा गर्ने गर्दथे । लामो समयदेखि स्थानीय श्रद्धालु भक्तजनहरूको धार्मिक आस्थाको केन्द्रका रूपमा यस क्षेत्रमा धेरै शक्तिशाली शक्तिपीठहरू अस्तित्वमा रहेको पाइए पनि तिनीहरूमध्ये खिलुङकालिका, भैरवकालिका, भवानी दुर्गा मन्दिर, स्वरेक महापुर, मौलाकालिका मन्दिर र वानेथोक देउराली प्रमुख देखिन्छन्, जसको चर्चा तल गरिएको छ :

**१.खिलुङकालिकाः**

भीरकोट नगरपालिका वडा नं. ७ मा पर्ने खिलुङकालिका मन्दिर सिद्धार्थ राजमार्गको हेलु र बयरघारी बजारबाट ९ किलोमीटरको दूरीमा अवस्थित छ। तीन घण्टाको पैदलयात्राबाट पुग्न सकिने उक्त मन्दिर यस नगरपालिकाभित्रका शक्तिशाली पीठहरूमध्ये एक मानिन्छ।

बाइसे चौबीसे राजाहरूको पालामा भीरकोटका राजाको महललाई ग्रीष्मकालीन महलको रूपमा लिइएको पाइन्छ। ऐतिहासिक दृष्टिले समेत अत्यन्त महत्वपूर्ण मानिने भीरकोट दरबार राज्य सञ्चालनार्थ तत्कालीन राजा खान्चा खानले बनाएको दरबार हो भन्ने गरिन्छ। सोही बेलादेखि नै त्यहाँका शक्तिपीठहरूमा दैनिक रूपमा भगवानको पूजाआजा गर्ने प्रचलन चलको देखिन्छ। भगवानको पूजाको लागि नजिकै रहेको टाकुरो मा मन्दिर बनाई पूजा र बलि चढाउने परम्पराको शुरूवात सो बेलादेखि नै भएको पाइन्छ । सोही बेलामा निर्मित मन्दिरलाई पुनर्निर्माण गरी अहिलेको खिलुङकालिका मन्दिरको स्वरूप दिइएको हो भन्ने विश्वास गरिन्छ।

खिलुङकालिका मन्दिरको तत्कालीन व्यवस्थापनका लागि त्यतिबेलादेखि नै चौध मुख्तियारहरूको व्यवस्था गरिएको थियो भन्ने पाइन्छ। चौध मुख्तियारमध्येका सात मुख्तियारको जिम्मा एकबहादुर थापा र खाल्टे मुख्तियारको जिम्मा उदयबहादुर

रोकाहा क्षेत्रीको रहँदै आएको कुरा समाजसेवी मेघबहादुर थापा बताउनुहुन्छ । मन्दिर लाई व्यवस्थित रूपबाट सञ्चालन गर्नका लागि बयरघारी भारथान घर भएका केशब र इटरले प्रत्येक व्यक्ति व्यक्तिबाट आफूसक्य १-२ रूपैयाँ पैसा, मानापाथी धान/चामल उठाउने चलन चलाएर उठेका पैसा र जिन्सी सामानबाट ठूलो दशैंमा राँगो र चैते दशैंमा भेंडा (सरकारी मेडा) बलि दिने प्रचलनको शुरूवात गरेको पाइन्छ । यसबाट शरूदेखि नै कालिका मन्दिरको स्थायी आयश्रोत नभएको र यसको नाममा गुठी जग्गासमेत नरहे को कुरा पुष्टि हुन्छ ।

२०४६/४७ सालदेखि भने तत्कालीन गाउँ विकास समिति र वडा समितिको अध्यक्षको अध्यक्षतामा मन्दिर व्यवस्थापन समिति गठन गरी पूजा चलाउँदै आएको पाइन्छ र मन्दिरको जिर्णोद्धार तथा पुननिर्माण गर्नका लागि मन्दिर निर्माण समिति समेत गठन गरी मन्दिरमा आवश्यक पर्ने केही भवनहरूको निर्माणसमेत भएको देखिन्छ । अहिलेसम्म पनि यस मन्दिरका पुजारीका रूपमा सारु मगर, सिंजाली मगर र ब्राम्हणहरू रहने व्यवस्था कायमै देखिन्छ र उनीहरूको संयुक्त उपस्थितिमा पूजा गर्ने प्रचलन निरन्तर रहेको पाइन्छ । भक्तजनहरूको भाकल र मनोकांक्षा पूरा हुने जनविश्वासका कारण यस मन्दिरमा बडा दशैं (ठूलो दशैं) र चैते दशैंमा टाढा टाढाबाट भक्तजनहरू आई पशुहरूको बलि चढाउने परम्परा चलिआएको छ । भक्तजनहरूका अनुसार भाकल र मनोकांक्षा पूरा हुने भएकाले नै उक्त मन्दिरको प्रसिद्धि र व्यापकता रहिआएको हो । यस मन्दिरलाई अझै भौतिक रूपमा सम्पन्न र सुविधापूर्ण बनाई यसको सुसंचालन र व्यवस्थापन गर्न व्यवस्थापन समितिले तलका केही महत्वपूर्ण कामहरू गर्नुपर्ने आवश्यकता देखिएको छ :

१. आधुनिक कम्पाउण्ड, पर्खाल निर्माण
२. भक्तजनहरूलाई विश्राम स्थलको निर्माण
३. नियमित पुजारीको व्यवस्थापन
४. सार्वजनिक शौचालय
५. फोहरमैला व्यवस्थापन
६. भौतिक सम्पत्ति सुरक्षा
७. प्रचार प्रसारको व्यवस्थापन
८. पर्यटकीय वातावरण निर्माण
९. पिउने पानी, बत्तीको व्यवस्था


खिलुङ् कालिका मन्दिर

**२. मौलाकालिका मन्दिर**:

भीरकोट नगरपालिका वडा नं. २ र ३ को सीमामा पर्ने मौलाकालिका मन्दिर पनि भीरकोट नगरपालिकाको अर्को शक्तिपीठ हो । समुन्द्र सतहदेखि ११०० मीटरको उचाइमा रहेको रमणीय, सुन्दर, आकर्षक भू-बनोटले बनेको यो सुन्दर ठाउँमा स्याङ्जा

जिल्ला सदरमुकामदेखि १७ कि.मी. पक्की र ९ कि.मी. ग्रावेल गरेको ग्रामीण कच्ची सडक हुँदै ४ घण्टाको उकालो यात्रापछि पुग्न सकिन्छ। यात्रामा पर्ने बानेथोक देउरालीमा पुग्दा छुट्टै किसिमको आनन्द पनि लिन सकिन्छ। समथर भू-भाग, वनजंगलले घेरिएको आकर्षक ठाउँ र स्वच्छ हावापानी मौलाकालिका मन्दिरका विशेषता हुन्। बाईसे- चौबीसे राजाहरूकै पालामा धार्मिक महत्वले उक्त मन्दिर स्थापना भएको पाइन्छ। मौलाकालिका मन्दिरको नामले भाकल र मनोकांक्षा गरे पूरा हुने धार्मिक विश्वास अझसम्म पनि प्रबल छ। भाकल र मनोकांक्षा पूरा हुने जनविश्वासकै कारण ठूलो दशैं र चैते दशैंमा विशेष गरी (सरकारी मेडा) पञ्चवली दिने परम्परा हालसम्म पनि रहिआएको छ। उक्त मन्दिरमा औंशी, एकादशी र चौथी तिथिमा भने पूजाआजा नचल्ने भनाइ मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बताउनुहुन्छ। फूलपातीको दिन फूलपाती भित्र्याउने र सो दिनदेखि नवमीको दिनसम्म गरिने विधिपूर्वक पूजा बाईसे र चौबीसे राजाको पालादेखि नै चलिआएको जनश्रुति पाइन्छ। भीरकोटे राजाहरूले राज्य सञ्चालन गर्दा गरिने पूजा विधिले नै हालसम्म निरन्तरता पाइरहेको कुरा स्थानीय जानकारहरू बताउने गर्दछन्। उक्त मन्दिरको व्यवस्थापनका लागि केलादी चिसाखोला भन्ने ठाउँमा तत्काल राखिएका बाईस र चालीस मुरी धान खेत हाल आएर व्यक्तिको नाउँमा परिणत गरिएकाले हाल मन्दिरको आयश्रोत केही पनि नभएको भन्ने बुझिन्छ। त्यतिबेला मन्दिरको नाममा रहेको उक्त जग्गालाई मन्दिरकै नाममा फिर्ता गरी मन्दिरको आयश्रोतलाई स्थायी बनाउने माग बढिरहेकाले त्यसका लागि हाल आएर मन्दिर व्यवस्थापन समिति र स्थानीय बुद्धिजीविहरूले संयुक्त पहलसमेत गरिरहेको कुरा स्थानीय समाजसेवी शुक्रराज काफ्ले बताउनुहुन्छ। उक्त मन्दिरलाई व्यवस्थित गर्न मन्दिर व्यवस्थापन समिति जनस्तरबाट गठन भएको हुँदा उक्त समितिले निम्नानुसारका केही सुधारात्मक कार्य गर्न आवश्यक देखिन्छ :

१. स्वच्छ पिउने पानी र बत्तीको व्यवस्था
२. घेराबारको व्यवस्थापन
३. सार्वजनिक शौचालय निर्माण
४. नियमित पुजारीको व्यवस्था
५. मन्दिरको सम्पत्ति सुरक्षा
६. आकर्षक कार्ययोजना

यस मन्दिरक्षेत्रलाई पर्यटकीय धार्मिक स्थलका रूपमा विकसित गर्न सके र त्यसको व्यापक प्रचार प्रसार हुनसके समग्र नगरपालिकाको पहिचानलाई पनि त्यसले थप टेवा दिनेमा कुनै शंका देखिँदैन।

**३.दर्शन गरे मनोकामना पूरा हुने जनविश्वासरहेको स्याङ्जा भैरव कालिका मन्दिर**

स्याङ्जा जिल्लाको भीरकोट नगरपालिका-५ स्वरेक कोटमा रहेको भैरव कालिकास्थित भैरव शिलालाई उडेर आएका देवताका रूपमा पूजा गर्ने गरिएको छ। स्वरेक र आसपासका सर्वसाधारणले अत्यन्त श्रद्धा र विश्वासका साथ पूजाआजा गर्दै आएको यस तीर्थस्थलको अस्तित्व नेपालका बाईसे चौबीसे राजाका पालामा भन्दा पहिले नै रहिआएको पाइएको छ (मन्दिर परिसरमा भुरेटाकुरे राजाहरूको समयमा प्रयोग भएका इँटा समेत पाइने भएकाले तिनै ईंटाका माध्यमबाट मन्दिर र आसपासको इतिहासको अध्ययन एवम् अनुसन्धान गर्न सक्दे देखिएको छ।)। जानकारहरू उक्त मन्दिर ५ सय बर्षभन्दा पुरानो रहेको बताउने गर्दछन्।

आश्विन शुक्ल पक्ष (नवदुर्गा) र चैते दशैंका समयमा यस मन्दिरमा विभिन्न भाकलका साथ बलि एवम् सामान्य पूजाका लागि भक्तजन आउने गरेका छन्। मन्दिरमा साउन र माघ महिनाका साथै औंशी, एकादशी तिथिमा पनि बलि पूजा हुँदैन। यस तीर्थस्थलमा दर्शन गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास रहेको छ। मन्दिर परिसरस्थित भैरव शिला भूमिगत छन्। जमीनको भागबाट केही तल अवस्थित शिलालाई बाटुलो चक्राकार रूपमा देख्न सकिन्छ। प्रत्येक बर्ष सो शिला एक चक्कर लगाएर स्वस्थानमा नै बस्ने विश्वास गरिन्छ। शिला खाडलमा रहे पनि उक्त खाडलमा कहिल्यै पानी नजम्नुको कारण पनि भैरवको शक्ति नै हो भन्ने विश्वास गरिन्छ।

भैरव शिला वालिङको पेखुबाट उडेर स्वरेक आएको जनविश्वास छ। उडेर आएका भैरवलाई फर्काउन पेखुबासी स्वरेक पुगे पनि भैरव शिला झन अझै गह्रौं हुँदै जमीनमा गढ्दै गएको जनश्रुति रहेको पाइन्छ। लाखौं कोशिस गर्दा पनि शिला झन् झन् जमीनमा धसिंदै गएपछि कुनै व्यक्तिले शिलामा घन प्रहार गरेर शिला चर्काइदिएको भन्ने कथन छ। सो शिला अहिले पनि चर्केको देख्न सकिन्छ। शिलामा घन प्रहार गरेर फर्केका व्यक्तिको भने च्याउदी खोला तर्दानतर्दै मृत्यु भएको कुरा स्वरेकका जेष्ठ नागरिकहरू बताउँछन्।

सो घटना घटेको बेलादेखि नै पेखुका ठकुरीले त्यहाँस्थित धारापानीको पानी नपिउने प्रचलन पनि रहेको छ तर भैरव कालिका मन्दिरमा अहिले पनि धारापानीको पानी नल्याई पूजा चल्दैन। भुरेटाकुरे राजाहरूको समयदेखि नै स्याङ्जा भैरव कालिकाको गुठी जग्गा रहिआएको पाइन्छ। पुरानो चलन अनुसार ४२ मुरी माटो भनी क्षेत्रफल निर्धारण गरिएको सो जग्गा अहिले कटुवाल र दुई पुजारीले उपभोग गर्दै आएको पाइन्छ। मन्दिरमा खाँण र सेन थरका पुजारीले पूजाआजा गर्दै आएको देखिन्छ। धार्मिक आस्था एवं विश्वासको धरोहरकै रूपमा रहेको यस मन्दिरको धार्मिक एवम् साँस्कृतिक महत्वको प्रचार प्रसार गर्न सके यसलाई धार्मिक पर्यटनको विशिष्ट गन्तव्य बनाउन सकिने संभावना प्रशस्त देखिन्छ

तर प्याराग्लाडिङको विश्वकप समेत सम्पन्न भइसकेको स्वरेकस्थित स्याङ्जा भैरव कालिका तीर्थस्थलको प्रबर्द्धन एवम् विकासमा राज्यको ध्यान पुग्नुपर्ने सरोकार वालाहरू बताउँछन् ।

**४. राजेन्द्र भवानी दुर्गा मन्दिर, स्वरेक महापुर, भवानीथुम**

स्याङ्जा जिल्लाको भीरकोट नगरपालिका-५ भवानीथुममा अवस्थित राजेन्द्र भवानी दुर्गा मन्दिर पर्यटकीय क्षेत्र स्वरेक मैदानको अर्को धार्मिक क्षेत्र हो । स्वरेककोटमा रहेको स्याङ्जा भैरव कालिका मन्दिर जस्तै यो मन्दिर पनि भुरेटाकुरे राजाहरूको पालामै स्थापना भएको स्थानीय समाजसेवी कृष्णबहादुर थापा बताउनुहुन्छ । भुरेटाकुरे राजाको पालामा त्यहाँ राजदरबार रहेको र राजाहरूले आफू रहेको ठाउँमा मन्दिर स्थापना गरेको भन्ने जनश्रुतिसमेत सुन्न पाइन्छ ।

यस मन्दिरमा साउन, माघ महिना र एकादशी, औंशी र पेरवा तिथि बाहेक अन्यदिनमा पूजा हुने स्थानीय शिक्षक कमलप्रसाद पंगेनीको भनाइ रहेको छ । आश्विन शुक्ल पक्ष (नवदुर्गा) र चैते दशैंका समयमा यस मन्दिरमा विभिन्न भाकलका साथ बलि एवम् सामान्य पूजाका लागि भक्तजन आउने गरेका छन् । छोराछोरी नभएकाहरूले भाकल गर्दा पूरा हुने गरेको र किसानहरूले पशुपालन राम्रो होस् भनेर गरेको भाकल समेत पूरा भएको भन्दै पूजा आरधाना गर्न आउनेको संख्या बढ्दै गएको पाइन्छ । पर्यटकीय क्षेत्रपनि भएकोले यहाँका मन्दिरहरू पर्यटकका लागि अर्को राम्रो गन्तव्य पनि बन्दै गइरहेका छन् । यसरी आउने पर्यटकहरूलाई मन्दिरमा दर्शन गर्न लालयित बनाउन सके अझ मन्दिरको भविष्य उज्ज्वल देखिने त्यहाँका स्थानीय समाजसेवीहरू बताउँछन् ।

नेपालको सय गन्तव्य मध्येको एक स्वरेक मैदान नेपालमै पहिलो पटक प्याराग्लाइडिङको विश्वकप आयोजना भएको ठाउँ  हो । समुन्द्र सतहबाट १६ सय मिटर उचाइमा अवस्थित यो ठाउँ प्याराग्लाइडिङसँगै मनोरम दृश्यहरूले समेत सबैको मन जित्न सक्ने ठाउँ हो  । त्यहाँको जस्तो विचित्र भूगोल देशका अन्य ठाउँमा नरहेको जानकारहरू बताउँछन् । त्यहाँ रहेको थुम्का थुम्का परेको चौर नै यहाँको मुख्य प्राकृतिक आकर्षण हो भने गण्डकी प्रदेशकै उत्कृष्ट वनभोज स्थलको रूपमा पनि स्वरेक मैदानलाई लिन सकिन्छ । यो ठाउँ अहिले प्रदेश सरकारसँगै संघीय सरकारको नजरमा पनि पर्दै गएको छ । पर्यटकीय संभावनाका दृष्टिकोणले प्रदेशले तय गरेका ११० गन्तव्यमध्ये यो पनि पर्नुलाई महत्वपूर्ण अर्को उपलब्धिका रूपमा लिन सकिन्छ । भीरकोटको मात्रै नभएर स्वरेक अब देशकै महत्वपूर्ण पर्यटकीय गन्तव्य बनेको छ । अब यस ठाउँमा पूर्वाधार निर्माण गर्न सके सुनमा सुगन्ध हुने थियो ।

(गण्डकी टेलिभिजनका पत्रकार घनश्याम पाण्डेयको सहयोगमा तयार गरिएको)

## दरौखोला सपिङ् सेन्टर

पुतलीबजार नपा–११, हेलुबजार

हाम्रा सेवाहरू : हामीकहाँ स्तीरय फेन्सी सामानहरु सुपथ मूल्यमा उपलब्ध छन्।एकपटक सेवा गर्ने मौका दिनुहोला ।

प्रो. कमल अर्याल

मो. ९८४६२३७१३३

९८१६६३६७६३

## लक्ष्मी प्लाष्टिक एण्ड होम डेकोरेशन

भीरकोट नपा–१ , बयरघारी

हाम्रा सेवाहरू : हामीकहाँ घरायसी तथा अफिसियल होम डेकोरेशन तथा स्तरीय कार्पेट, पर्दाहरु सुपथ मूल्यमा उपलब्ध छन् । एकपटक सेवा गर्ने मौका दिनुहोला ।

प्रो. कमल चापागाईँ

मो. ९८४६६५४०७८

### हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शिक्षाप्रेमी महानुभावज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## कालिका बहुमुखी क्याम्पस

भीरकोट–७

| | |
|---|---|
| क्याम्पस प्रमूख | अध्यक्ष |
| शिवप्रसाद रेग्मी | प्रेमनारायण अर्याल |

## होटल डाफे, रेष्टुरेण्ट एण्ड लज

## भिरकोट–१,बयरघारी

हाम्रा सेवाहरू : अति सुविधायुक्त, मनोरम दृश्य देखिनुका साथै मःम, चाउमिन, आँधीखोलाका माछा, लोकल खसी, कुखुराको मासु,सहित अर्गानिक शुद्ध खानाको र वासको लागि हामीलाई सम्झनुहोस् ।

प्रो. मुकेश खड्का

९८५६०२८०५७

९८१६११०२००

# भीरकोटको भौतिक भूगोल


## वेदप्रसाद अर्याल

प्र.अ.,दहथुम मा.वि.भी.न.पा.२




नेपालको पछिल्लो राजनीतिक विभाजनले तय गरेका ७ प्रदेशहरूमध्येको एक गण्डकी प्रदेशका ११ जिल्लाहरूमध्ये स्याङ्जा जिल्लाको लगभग मध्यविन्दुमा अवस्थित भीरकोट नगरपालिका देशका नवघोषित कान्छा नगरपालिकाहरूमध्ये एक अर्धशहरी नगरपालिका हो । पूर्वमा बिरूवा गाउँपालिका र पुतलीबजार नगर पालिका, पश्चिममा पर्वत जिल्ला, उत्तरमा अर्जुनचौपारी गाउँपालिका र पुतलीबजार नगरपालिका तथा दक्षिणमा वालिङ नगर पालिकासँग आफ्नो साँध सीमाना जोडेर जम्मा ७८.२३ वर्ग कि.मी.को धरातलीय क्षेत्रफलमा आफूलाई फैलाएको यस नगर पालिकाको भौतिक भूगोलले पनि नेपालको पहाडी प्रदेशको भौगोलिक विशेषताहरूसँग साम्यता कायम गरेको पाइन्छ । पठारजस्ता देखिने भौगोलिक संरचनाहरूदेखि मझौला र अग्ला डाँडाकाँडाहरू, गहिरा खोँचहरू, भीरपाखा र खोलाहरूको किनारमा लमतन्न फै लिएका मलिला फाँटहरू भीरकोटे भूगोलका विविधताहरू हुन् भन्न सकिन्छ । अक्षांशीय दृष्टिकोणले २७ डिग्री ५२ मिनेट देखि २८ डिग्री १३ मिनेटको उत्तरी अक्षांश र देशान्तर ीय दृष्टिकोणले ८३ डिग्री २७ मिनेट देखि ८४ डिग्री ४६ मिनेटको पूर्वी देशान्तरसम्मको विस्तार पाएको यस नगरपालिकाको भूगोल समुद्र सतहबाट करिब ७१३ मी. देखि करिब १७५३ मी सम्मको उचाइमा समेटिएको देखिन्छ । आँधीखोलाको किनारमा अवस्थित मनोरम छाङ्छाङ्दी फाँट यस नगरपालिकाको सबैभन्दा कम उचाइमा रहेको भूमि हो भने यसको वार्ड नं ९ मा स्थित नारायणगिरी मन्दिर र वार्ड नं ८ मा अग्लिएको प्रख्यात तामुको लेक यसका सर्वाधिक उच्च भौगोलिक स्थलहरू हुन् । समुद्री सतहबाट करिब ७३० मी. को उचाइमा रहेको बयरघारी बजार यस न.पा.को सदरमूकाम हो । समग्रमा न बढी जाडो न बढी गर्मी हुने समशीतोष्ण खालको हावापानीले युक्त यो नगरपालिकामा न्यूनतम ५ डिग्रीदेखि ३५ डिग्रीसम्मको तापक्रम मापन गरिएको पाइन्छ । हालसम्मको मापनले देखाएअनुसार अधिकतम् २८८९ मि.मी. सम्मको वर्षा हुने गरेको यस पहाडी



नगरपालिकको फाँटिलो समथर भूमि मूलतः आँधीखोला र त्यसका केही सहायक खोलाहरूले सिंचित रहेको पाइन्छ । होचा-अग्ला डाँडाकाँडा, भीरपाखा, वनबुटेन, तथा गौचर जमिनले अधिकांश भूमि ओगटेको यस न. पा. को कुल क्षेत्रफलमध्ये ४७.८३ वर्ग कि.मी.जमीन कृषियोग्य रहेको पाइन्छ भने १९.२८ वर्ग कि.मी. जमिन जंगलले, ८.१९ वर्ग कि.मी. जमिन घाँसे क्षेत्रले, १.३८ वर्ग कि.मी. जमिन झाडी क्षेत्रले र १.०६ वर्ग कि.मी.भूमि बलौटे तथा वगर क्षेत्रले ओगटेको पाइन्छ ।

धरातलीय भौगोलिक विविधताका साथै केही उल्लेख्य भौगर्भिक संरचना पनि यस न.पा.को समग्र भौतिक भूगोलको अर्को बिर्सन नहुने पाटो हो । यस न.पा.को वार्ड नं १ मा स्थित गडरे गुफा, पर्यटकीय क्षेत्रका रूपमा प्रसिद्ध छाङ्छाङ्दीको भौगर्भिक संरचना यसका जल्दाबल्दा उदाहरणहरू हुन् भन्न सकिन्छ । त्यस्तै प्याराग्लाइडिङका लागि अत्यन्त उपयुक्त स्थलका रूपमा विकसित हुँदै गइरहेको प्राकृतिक सौन्दर्यले अभिशिक्त मैदाने भूमि, तिसेदी डाँडा आदि यस न.पा.का भौगोलिक आकर्षणका रूपमा देखिन्छन् ।

यसरी खोला किनारका समथर फाँटदेखि पठारप्रकृतिको भूमि संरचना हुँदै अग्ला-होचा डाँडाकाँडाहरू, वनबुटेनहरू, खोंच तथा भीरपाखाहरू र पहाड रसाएर कलकलाउँदै बगेका स्थायी, अस्थायी प्रकृतिका ठूला-साना खोलाहरूको समग्रताबाट बनेको भीरकोटको भौतिक भूगोल आफैमा पहाडी प्रकृतिको सुन्दर, रमणीय, विकट र विविधताले युक्त छ भन्न सकिन्छ ।

तथ्यांक स्रोत : जि. आइ. ए नक्सांकन-२०७५

प्र.अ.- दहथुम मा.वि, भीरकोट ०९, स्याङ्जा ।

✡✡✡✡


## हार्दिक शुभकामना

**विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम् शुभ चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

Regd. No: 09/074/75

Er.Prabin Kumar Shrestha
Managing Director

भीरकोट इन्जिनियरीङ कन्सल्टेन्सी
BHEERKOT ENGINEERING CONSULTANCY

बयरघारी, स्याङ्जा,
Contact: 063-400212, 9856076004
Email: stha.bheerkot123@gmail.com
parbin.shrestha54321@gmail.com

Building Design & Drawing, Supervision, Estimation,Surveying, Property Valuation & Other Civil Engineering Works.

भवन डिजाइन, सुपरभिजन, ईस्टिमेटीङ, सर्वेक्षण, धितो मुल्याङ्कन र अन्य इन्जिनियरीङ सेवाहरु

# सम्पदाहरूको आँखीझ्यालबाट बास्तरालाई चियाउँदा

सावीक बानेथोक गा.वि.स. र हाल भीरकोट नगरपालिका वार्ड नं ३ मा रहेको वास्तरा प्राकृतिक तथा सांस्कृतिक दुवै दृष्टिले सम्पन्न स्थल मानिन्छ। प्रकृतिनिर्मित प्राकृतिक सम्पदाहरूको विचित्रता र मानवनिर्मित सांस्कृतिक सम्पदाहरूको शोभामिश्रित समष्टि सौन्दर्यले युक्त वास्तरालाई चिनाउने प्रमुख प्राकृतिक-सम्पदाहरूको सूची लामै बनाउन सकिएला तर ती सम्पदाहरूको माझमा यस लेखलाई मूलतः निम्नलिखित सम्पदाहरूमा केन्द्रित रहेर त्यस भौगोलिक क्षेत्रलाई चियाउने प्रयास गरिएको छ :

**क. देउपुजे ढुङ्गा :**



वास्तारालाई चिनाउने प्रमुख प्राकृतिक सम्पदाहरूमा देउपुजे ढुंगा पनि एक हो । यस गण्डकी प्रदेश, स्याङ्जा जिल्ला भीर कोट नगरपालिकाको केन्द्र बयरघारीदेखि करिब १० कि.मी.पूर्व बानेथोक भतेरपाटामा उत्तर-दक्षिण भई फैलिएको डाँडाको बीचमा तीनतिर जंगल र एकातिर खुल्ला चौर रहे को करिव १५०० फिट उचाइमा मानववस्तीर हित जंगलको छेउमा परापूर्व कालदेखि नै कतैबाट आड नलागी जमिनमा अडिएको, माथि फुकेको र तल सुकेको आकारको करिब ३५ मी. गोलाइ र ११ मी. गोलाइको विशाल ढुंगो जसलाई मानिसहरू देउपुजे ढुंगाका रूपमा श्रद्धा र सम्मान गर्छन्, यस क्षेत्रको एक गर्विलो चिनारी हो ।

यस ढुंगामा परापूर्व कालदेखि देवीको पूजा गर्दै आइएको पाइन्छ, जसले गर्दा नै यस ढुंगाको नाम देउपूजे रहेको भनाइ यहाँ प्रचलित छ। यहाँका स्थानीयहरू यसलाई के पुल ढुंगा पनि भन्ने गर्दछन् । २०४७ सालदेखि यस ढुंगामा बालाचतुर्दशीका दिन शिव आराधना गर्ने र सद्बीज छर्ने तथा बौद्धआराधना समेत गर्ने गरिएको छ। औपचारिक रूपमा सांसद स्व. श्री कमलप्रसाद पंगनीज्यूबाट समुद्घाटन गरिएको यो पूजा हालसम्म पनि निरन्तर चलिरहेको पाइन्छ । यो स्थान पर्यटकीय हिसाबले पनि अति उत्तम छ । यस स्थानबाट उत्तरतर्फ कास्कीका केही डाँडाहरू तथा धौलागिरी, अन्नपूर्ण, माछापुच्छ्रे हिमालहरूको दृश्यपान तथा अवलोकन गर्न सकिन्छ । पश्चिमतर्फ पाल्पा, गुल्मी र पर्वतका डाँडाहरू देख्न सकिन्छ भने पूर्वतर्फ तनहुँका केही भागहरू देख्न सकिन्छ। यस स्थानमा बालाचतुर्दशीका दिन भव्य मेला लाग्ने गर्दछ। उक्त दिन वालिङ, पुतलीबजार र भीरकोट नगरपालिकाहरूका श्रद्धालु भक्तजनहरूको सद्बीज छर्न भीड लाग्ने गर्दछ भने उक्त दिन अगावै यहाँको क्लवले भलिबल खेलसमेत संचालन गर्ने गरेको पाइन्छ

। यो स्थान त्यति व्यवस्थित नभए पनि वनभोजका लागि भने आकर्षणको थलो बनेको पाइन्छ। यस स्थानमा हालसम्म मन्दिर तथा स्तुपको स्थापना नगरी यसै ढुंगामा पूजा आरधना गरिँदै आइएको छ। यस स्थानलाई वरिपरि चारैतिर पर्खालले घेरिएको छ। स्थानीय आमासमूह, क्लव, पूजासमिति तथा स्थानीय जनसमुदायको पूर्ण सहभागितामा यस ढुंगाको सरसफाइ तथा पूजा संचालन गर्ने गरिन्छ। पूर्वाधार विकासको अझै कमी रहेको यस स्थानमा सरोकारवालाहरूको दृष्टि पुग्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ।



**ख. मुल्का बराहा**

वास्तरालाई चिनाउने यो एक प्रमुख सांस्कृतिक/धार्मिक सम्पदा हो। भीरकोट नगरपालिकाको सदरमुकाम बयरघारी बजारदेखि पूर्वतर्फ १४ कि.मी.को दूरीमा समुद्र सतहदेखि करिब ८५० मी. को उचाइमा अवस्थित मुल्कामा रहेको धार्मिक स्थल नै मुल्का बराहा हो । यो वानेथोक देउरालीदेखि दक्षिणपट्टि अवस्थित छ । यसको स्थापनाको पृष्ठभूमिमा एउटा दैवी किंवदन्ती प्रचलनमा रहेको पाइन्छ । उक्त किंवदन्ती अनुसार - *वि.सं १९६० सालतिर स्थानीयवासी ललितबहादुर खत्रीलाई देउ आएर काम्दै यस स्थानमा आएको र म बराहा देवी हुँ, म चार बहिनीमध्येकी साहिँली हुँ, मलाई यस स्थानमा थान बनाई सेवाखाना गर्नू भनी भने पछि यहाँका स्थानीय वासिन्दाहरूले थान बनाई पाठा वा पाठीको बलि दिई पूजा गर्न थालेपछि यस ठाउँमा पूजा-परम्पराको थालनी भएको पाइन्छ*। श्रावण एकादशी र औंसी तिथिमा पशुबलिसहितको पूजा नहुने यस ठाउँमा त्यसबाहेकका अन्य तिथिमा भने बलिसहितको पूजा पनि हुने गरेको पाइन्छ । यस ठाउँमा विशेष गरी चैते दशैंको अष्टमीका दिन मेला लाग्ने गर्दछ। बराहाको भित्री भागमा विशाल ताल रहेको, दुईटा मुखबाट पानी निस्किएको र त्यसको माथि देवीको मन्दिर रहेको यस ठाउँमा तारेबाम, रजबाम जस्ता माछाहरू रहेको र पूजा गर्दा ती बामहरू बाहिरको तलाउमा निस्कने गरेको देख्न पाइन्छ। शुरूमा थान, स्याउलाको छानो भएको मन्दिर, त्यसपछि ढुंगाको मन्दिर हुँदै हाल यहाँ देवीको पक्की मन्दिर निर्मित छ र तत्कालीन गा.वि.स. र स्थानीय वासीहरूको सहयोगबाट दुई वटा तलाउ, एक सय आठ गौमुखे धारा, दुई वटा गेट र प्रतीक्षालय समेत निर्माण भएको देखिन्छ। यस मन्दिरमा आई भाकल गरेमा वाक्य नफुटेका बालबच्चाहरूको वाक्य फुट्ने, भकभक गर्नेहरूको भकभक हराउने गर्दछ भन्ने विश्वास समेत रहेको पाइन्छ । कुनै बेला लामो समय पानी नपरी खडेरीले हैरान भएका बेला यहाँ आई पानी माग्दा

पानीसमेत परेको भन्ने जनश्रुति पनि यहाँ सुन्न पाइन्छ । ज्याग्दी खोलाको शिर रहेको यस बराहादेवी मन्दिरमा मूलतः एकादशी र सक्रान्तिमा स्नान गर्न आउनेहरूका भीड लागे को पाइन्छ । मन्दिरसम्म पुग्नलाई ग्रामीण कच्ची सडकको सुविधा रहेको यस धार्मिक स्थलमा मूलतः कास्की, तनहुँ, पर्वत र पाल्पादेखिका श्रद्धालुहरू पूजाआजाका लागि आउने गरेको देखिन्छ । अहिले आवश्यक प्रचार-प्रसारको अभावले गर्दा ओझेलमा परेको यस स्थलको व्यापक प्रचार-प्रसार गर्न सकेमा यसलाई पनि धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने संभावनाहरू प्रशस्त देखिन्छन्, जसका लागि सम्बन्धित निकायहरूको ध्यान पुग्नु भने आवश्यक छ ।

**ग. कोखे छहरा**

यो भीरकोट नगरपालिका वार्ड नं ३ वानेथोक देउरालीस्थित वास्तराको अर्को प्राकृतिक आकर्षण हो । नगरपालिकाको केन्द्र बयरघारी बजारदेखि करिब १४ कि.मी. पूर्वी भू-भागमा सामदीखोलाको पुछारमा रहेको रमणीय झरना नै कोखे छहराका रूपमा प्रख्यात छ । समुद्र सतहदेखि ८०० मी. को उचाइमा सामदी र कोखे खोलाको बीचमा रहेको यो छहरा यस ठाउँलाई चिनाउन सक्ने एक प्राकृतिक सम्पदा हुन सक्ने प्रशस्त संभावना दे खिन्छ। वरिपरि कोखे, सामदी र गोकेस गाउँहरूलाई लिएर नित्य प्रवाहित यस छहरामा बन्जीजम्प, क्यानोनिङ र कायोकिङजस्ता सहासी खेलहरूको आयोजना गर्न सकिने भौगोलिक अवस्थिति रहे को छ । तल गएपछि मुकुन्दवारी खोलामा मिसिएर आफ्नो छहरा-अस्तित्व तुरेको यस छहरासम्म पुग्नका लागि ग्रामीण सडकको सुविधा छ । गो केस गाउँबाट समेत राम्रोसँग अवलोकन गर्न सकिने



यो छहरा पनि प्रचार-प्रसारको पर्खाइमा छ भन्न सकिन्छ । यसको अद्भूत सौन्दर्यलाई विभिन्न माध्यमबाट प्रचार-प्रसार गर्न सकेमा यसलाई पनि यस क्षेत्रको एक प्रमुख चिनार ीका रूपमा विकसित गर्न सकिन्छ र पर्यटकहरूको एक गन्तव्य स्थलका रूपमा यसको उन्नयन गर्न सकिन्छ भन्नेमा द्विविधा छैन तर यसका लागि हामी सबैको साझा प्रयासको आवश्यकता भने टड्कारो छ ।

यसरी माथि उल्लेखित प्राकृतिक तथा मानवनिर्मित धार्मिक/सांस्कृतिक सम्पदाहरूको आँखीझ्यालबाट चियाउँदा भीरकोट नगरपालिका वार्ड नं ३ स्थित वास्ताराको भूमि निकै मनमोहक र भाग्यमानी छ भन्नमा हिच्किचाउनु पर्ने देखिँदैन । (वार्ड नं ३ का वार्ड अध्यक्ष श्री बाबुराम श्रेष्ठलगायत स्थानीय युवाहरूबाट प्राप्त सूचनाका आधारमा तयार गरिएको । सं.)

# हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम् शुभ- चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Prayag Raj Regmi
Managing Director

**Kumari Lodge**

Ammat-6, Lakeside, Pokhara
Tel.: 00977-61-464384
Mobile : 9846068125
E-mail : prayag_56@hotmail.com
Website: www.kumarilodge.webs.com

THE HOTEL OFFERS YOU MANY SERVICES

* Attached and comfortable rooms.
* 24 hr. hot and cold shower.
* Enchanting garden, Laundry services available.
* Delight Mountain view, sunrise & sunset from hotel.
* Trekking guide and porter.
* Rafting & Jungle Safari.
* Ticketing (Bus, Train, Air)
* Telephone service (STD)
* Free WI FI
* Friendly staff and homely environment.
* Our hospitalities is a tradition.
* Clean & quiet place.
* Parking facilities, free luggage store.



# हार्दिक शुभकामना

विजया दशमी, शुभ दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण कार्यसमितिका पदाधिकारीज्यूहरु, सदस्यज्यूहरु एवम् समस्त शुभचिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।




राजकुमार गुरुङ
तथा
आँधीखोला
पिसयुथ क्लव परिवार

मोवाईल नं.९८५६०५५७३८

# रहस्यमै रहेको गडहरे गुफा

## भीमबहादुर गुरुङ



गुफालाई पृथ्वीको आन्तरिक हलचलका कारण निर्मित भौगर्भिक/भौगोलिक संरचना मानिन्छ । पृथ्वीको अन्तरधरातलीय संरचनाको एक विशेष प्रकृति मानिने गुफाहरू आदिम कालदेखि नै मानव-आश्रयस्थलका रूपमा रहेका कुराहरू पढ्न पाइन्छ भने आजको आधुनिक मान्छेका लागि यस्ता गुफाहरू पृथ्वीको संरचना बुझ्ने सामग्री मात्र बनेको नभई आफ्ना लाखौं वर्षअधिका पूर्खाको संचित इतिहास केलाउने माध्यम पनि बनेका छन् भन्नेमा दुई मत होलाजस्तो लाग्दैन । नेपाल अनौठो अन्तरधरातलीय संरचना मानिने गुफाहरूका लागि पनि चर्चित देश हो । त्यसमा पनि गण्डकी प्रदेशलाई अत्यन्त भाग्यमानी प्रदेश मान्नुपर्ने देखिन्छ । कास्की जिल्लाका महेन्द्र गुफा, चमेरे गुफा, गुप्तेश्वर गुफादेखि पर्वतको गुप्तेश्वर गुफा यस प्रदेशका चर्चित गुफाहरू हुन् भने यसै शृंखलामा जोडिन आइपुगेको तर त्यति चर्चामा आउन नसकेको अर्को गुफा हो - स्याङ्जा जिल्ला भीरकोट न.पा. वार्ड नं ९ मा रहेको गडहरे गुफा ।





भौतिक, आर्थिक विकासका दृष्टिले त्यति सबल नभए पनि प्राकृतिक सौन्दर्यले भन्ने धप्प बलेको गाउँ हो, भीरकोट नगरपालिकाको वार्ड नं ९ मा पर्ने ठूली भन्ज्याङ । नगरपालिकाको केन्द्रबाट करिब १० कि.मी. को पश्चिमी दूरीमा रहेको र गुरूङ जातिको बहुलताभित्र अन्य जातीय संरचनालाई पनि समेटेको यस गाउँको करिब ५०० मी. पूर्व-दक्षिणमा रहेको गुफा, जो अझैसम्म पनि ओझेलमा छ, प्रचार-प्रसारको खोजीमा छ र आफूलाई रहस्यमयी नै बनाएर मानव जिज्ञासालाई चुनौती दिइरहको छ, नै गडहरे गुफा हो, एक प्राकृतिक रहस्य । आजभन्दा करिब ३०-३५ वर्ष अगाडि एक जना गोठालाले पत्ता लगाएको भनिने यस गुफाका सन्दर्भमा अहिलेसम्म पनि धेरै विवरणहरू प्रकाशित हुन सकेका पाइँदैनन् । स्थानीय गाउँबासी बूढापाकाहरूका अनुसार बर्षाको समयमा एउटा गाई बाढीले बगाएर ल्याउँदा गुफाभित्र खसेको र त्यस गाईको उद्धार गर्न जाँदा उक्त गुफा भेटिएको थियो भन्ने मानिन्छ । यो गुफाको फैलावट यत्ति नै छ, अर्थात् यसको क्षेत्रफल यत्ति नै छ भनेर हालसम्म थाहा पाउन नसकिए पनि यसको अन्तरलाई थोरै-थोरै

छाम्ने प्रयास भने आजकल अलिअलि हुन थालेको पाइन्छ । पूर्णतः प्राकृतिक रूपमै निर्मित यस गुफाको अन्तरलाई चियाउँदा त्यसभित्र भिन्न-भिन्न किसिमका मूर्तिहरूको स्वरूप देख्न सकिन्छ, जसमा मूलतः शिवलिङ्ग र शिव-पार्वतीका मूर्तिहरू विशेष स्पष्ट देखिन्छन् । बीच-बीचमा पानीका पोखरीहरू समेत देख्न सकिने यो गुफा चमेराहरूको राम्रो आश्रयस्थल रहेछ भन्ने कुरा ५/७ हजारको संख्यामा देख्न सकिने चमेराहरूबाट पुष्टि हुन्छ । हरेक साँझ गुफाको बाहिरी क्षेत्रमा उडिरहेका चमेराहरूका विशाल झुण्ड देख्दा त लाग्छ- यो अर्को चमेरे गुफा हो ।

स्थानीय प्राकृतिक, सांस्कृतिक, भौगोलिक-भौगर्भिक सम्पदाहरूको खोजी-पहिचान र तिनको प्रचार-प्रसारमार्फत् स्व-पहिचानको अन्तर्चेतना मानिसमा जाग्दै जान थालेको वर्तमान युगमा स्थानीय सरकारका रूपमा रहेको भीरकोट नगरपालिकाले पनि यस दिशामा देखाएको चासोका कारण मिति २०७६/१/१ मा नगरपालिकाकै सहयोगमा यस गुफाको अध्ययन-अवलोकन भएबाट यसले अब प्रचारको तीव्रता प्राप्त गर्ने आशासंचार भएको छ भन्न सकिन्छ । बिहान १० बजेदेखि साँझ ५ बजेसम्मको घुमाइबाट पनि यसको अन्तिम बिन्दु पत्तालगाउन नसकेपछि यो गुफा नेपालका ठूला गुफाहरूमध्ये एक हुन सक्ने, अझ सबैभन्दा ठूलो गुफा हुनसक्ने अनुमान पनि गर्न थालिएको पाइन्छ । निश्चय नै यस्ता सम्पदाहरूले आफै आफूलाई चिनाउँदैनन्, पहिला हामीले चिन्नुपर्छ र चिनाउनुपर्छ । हामीले यिनलाई चिनायौं भने पछि हामीलाई यिनले चिनाउनेछन् । यस गुफाको व्यापक प्रचार-प्रसार गर्न सकेमा यस क्षेत्रका अन्य धार्मिक, सांस्कृतिकसम्पदाहरूको माझमा सम्पदाको अर्को आयाम थपिनेछ र समग्र नगर पालिकाको पर्यटकीय संभावनालाई वृद्धि गर्नमा यसले ठूलो सहयोग पुऱ्याउनेछ भन्ने मा कुनै शंका छैन । विचरो यो गुफा पनि आफ्नो अन्तरभित्र धेरै रहस्यहरूलाई छिपाएर त्यसकै प्रतीक्षामा छ, चिनारीको प्रतीक्षामा छ ।

वार्ड अध्यक्ष-०९

✡✡✡✡


## हार्दिक शुभकामना

**विजया दशमी, शुभ-दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक तथा शुभ-चिन्तक महानुभावज्यूहरुमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**श्री जी.वी.स्टोर्स, किराना पसल**

**घरायसी प्रयोजनका सम्पूर्ण सामानहरु सुपथ मूल्यमा पाइन्छ**

**पोखरा -११ , फूलवारी**

**फोन नं.०६१-५३८८३५, ९८४६०७७९४६**

# आस्थाकी देवी: पतलादेवी



**अमृत अर्याल**

हालको गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, भीरकोट नगर पालिका वडा नं ८ स्थित पखेरेमा अवस्थित छन्, श्री पतला देवीमन्दिर र पतला देवीको गुफा। वि.स. २०४७ सालमा आश्चर्यजनक तरिकाले पत्तालागेको उक्त गुफाको अलग्गै ऐतिहासिक पृष्ठभूमि रहेको पाइन्छ। यस मन्दिरको स्थापनामा एउटा लोकश्रृति/जनश्रृति क्षेत्रमा निकै प्रचलित छ। उक्त जनश्रृति अनुसार - *वि.स. २०४७ सालको चैत्र महिनामा स्थानीय नुलबहादुर गुरुङ घरको आँगनमा बसिरहेकै बेला स्यालले कुखुरा उठाएर लग्यो। त्यो देख्नासाथ नुलबहादुर कुखुरा खोस्न स्याल धपाउदै पछि लाग्दै गए। घरबाट करिब ४ सय मीटर पर पुगेपछि कुखुरा लतार्दै दुम्सी लुक्ने जत्रै प्वालभित्र स्याल पस्यो। तर पनि नुलबहादुरले हार मानेनन्, कुखुरा खोस्ने प्रयासमा उनी निरन्तर लागि रहे। उनी घर फर्केर कोदालो र टर्चलाइट लिई फेरी त्यहीँ फर्के, जहाँ स्यालले कुखुरा लगेको थियो। पातलो ज्यान भएका नुलबहादुर कोदालाको सहायताले छे उछाउको माटोका ढिस्का पन्छाएर गुफाभित्र प्रवेश गरे। लगभग २० मीटरको गहिराइमा पुगेपछि गुफाको चौडा भेटियो, जहाँ उनी मजाले उभिन सक्थे। उनले गुफाभित्र कुखुरा जिउँदै समात्न सफल भए। त्यसपछि टर्चलाइटको सहायताले उनले वरपर नियाल्दै गर्दा छुट्टै प्रकारको झिलिमिली र मानवनिर्मित झैँ लाग्ने आश्चर्यजनक प्राकृतिक आकृतिहरू देखे। त्यो सबै देखेपछि उनी तुरून्त गुफाबाट निस्किए र सबै वृतान्त गाउँलेहरूलाई सुनाए। गाउँलेहरूको पनि एकपछि अर्को गर्दै गुफा प्रवेश गर्ने क्रम जारी भयो।*




करिब ४० मीटर लम्बाइ रहेको गुफाभित्र प्राकृतिक रूपले बनेका शिवलिङ्ग, विभिन्न देवीहरू, गुरुङहरूको वेदमा प्रयोग हुने ढ्याङ्ग्रो, हिमालयन पर्वतलगायतका विभिन्न मनोरम आकृतिहरू देख्न सकिन्छ। गुफाभित्र ऐतिहासिक महत्त्व बोकेका यस्ता आकृतिहरू देखेपछि स्थानीयहरू उक्त गुफालाई व्यवस्थित गर्नतर्फ एकजुट भएको

स्थानीयहरू बताउँछन् ।

स्थानीयहरूका अनुसार गुफा निर्माण गर्नुअघि धार्मिक रूपले त्यसको संरचनाबारे बुझ्न स्व. टेकबहादुर गुरुङको नेतृत्वमा धामी डाकियो र गुफाको पहिलो पूजा सुरु भयो । पूजा चल्दैगर्दा धामीमा देवी चढेपछि धामीले आफ्नो शिरमा बालाकन्यादेवी रहेको र उनको नाम पतला देवी भएको भनी बताए । धामीमार्फत् देवीले आफूलाई प्रत्येक चैते दशैंको पूर्णिमा र वडा दशैको पूर्णिमामा पूजा गर्नुपर्ने र आफ्नो नाममा मन्दिर स्थापना गर्नुपर्ने भनी आदेश दिएको कुरा पनि स्थानीय बूढापाकाहरू बताउने गर्दछन् । देवीले धामीमार्फत् मन्दिर निर्माण गर्ने आदेश दिएपछि स्व. हिमानसिं गुरुङको अध्यक्षतामा तत्कालीन मन्दिर निर्माण समिति गठन गरियो । मन्दिर स्थापनाका निम्ति समितिका हैमाया गुरुङ, टबि गुरुङ लगायत सम्पूर्ण गाउँले हरू आर्थिक सङ्कलनतर्फ लागे । त्यति बेला गाउँमा कुनै कोष थिएन । तत्काल मन्दिर स्थापनाका लागि आर्थिक अभाव झेल्दै गरेका स्थानीयले २०४८/४९ सालमा दुईवटा देउसी-भैलो तथा विभिन्न सांस्कृतिक कार्यक्रमबाट सङ्कलित रकम सहित स्थानीयको सहयोगमा ०४९ साल पुषमा मन्दिर स्थापना सुरु गरियो । साथै स्व. शाहबहादुर गुरुङको सक्रियतामा गुफा प्रवेशद्वारलाई पनि फराकिलो बनाइयो । मन्दिर निर्माणपछि ०४९ को चैते दशैंमा मन्दिर उद्घाटनको तयारी भयो । मन्दिरका लागि देवीको नयाँ मूर्ति र गजुर खरिद गरी मन्दिर प्रवेश गराइयो र भव्य रूपमा उद्घाटन गरियो ।

त्यति बेला करिब एक लाखको लागतमा तयार भएको मन्दिर अहिले जीर्ण हुँदै गएको छ । उचित व्यवस्थापन र प्रचार-प्रसारको अभावका कारण मन्दिर ओझेलमा पर्दै गएको हो । पतलादेवीको मन्दिर बडा दशैको पूर्णिमा र चैते दशैको पूर्णिमा गरी बर्षको दुई पटक खुला गरिन्छ भने पतला देवीको गुफा जसलाई शिवगुफा पनि भनिन्छ, हरेक दिनका लागि खुला गरिन्छ । कुनै बेला बर्षको दुई पटक खुला गर्दा भक्तजनहरूको भरिभराउ हुने उक्त मन्दिरमा अहिले सीमित भक्तजनहरू मात्र पूजा गर्न आउने गरेको पाइन्छ र गुफा पनि प्रायजसो बन्द नै रहने गरेको देखिन्छ ।

चरम आर्थिक अभावले गर्दा समयानुकूल मन्दिरको भौतिक संरचनाको विकास गर्न नसकेकै कारण मन्दिरमा भक्तजनहरूको आकर्षण घट्दै गएको समाज सेवी सु. दुधबहादुर गुरुङ बताउनुहुन्छ । मन्दिरमा झण्डै १० वर्षअघिसम्म भक्तजनको घुइँचो लाग्ने गर्दथ्यो । अहिले भौतिक संरचनाको विकास गर्न नसकेका कारण भक्तजन पनि घटेका छन् । मन्दिरमा गएर देवीको पूजा तथा दर्शन गरे आफूले चाहेको कुरा पूरा हुन्छ भन्ने जनविश्वास रहे तापनि प्रचार-प्रसार र आवश्यक संरक्षणको अभावमा यस मन्दिरले भक्तजनहरूको विश्वास जित्न भने सकेको देखिँदैन । यो मन्दिर भीरकोट नगर

पालिकाकै धार्मिक सांस्कृतिक सम्पदा हो । गाउँ-गाउँ र बस्ती-बस्तीमा धर्म परिर्वतनको लहर चलेकै कारण सो मन्दिरमा भक्तजनहरू आउन छाडेको स्थानीयहरूको भनाइ छ । मन्दिरको धार्मिक र ऐतिहासिक महत्त्वको बारेमा जनस्तरमा प्रचार-प्रसार नहुनु, मन्दिरको भौतिक संरचनाको विकास गर्न नसकिनु मन्दिर ओझेलमा पर्नुको मुख्य कारण रहेको मन्दिरको स्थापना देखिनै संरक्षकको रूपमा रहनु भएका भक्तबहादुर बुढाथोकी मगर बताउनु हुन्छ ।

भीरकोट नगरपालिका कृषिमा आधारित पर्यटकीय क्षेत्रको रूपमा विकास भइरहे को नगर हो । पर्यटनको प्रचूर सम्भावना रहेको उक्त स्थानबाट उत्तरमा माछापुछ्रे, अन्नपूर्ण, धवलागिरीलगायतका हिमशृङ्खला, तामुको लेक, स्याङ्जा जिल्लाकै पहिलो पर्यटकीय गाउँ सिरूबारीलगायत लामडाँडा, ढापुक जस्ता ठुप्रै ठाउँहरू स्पष्ट अवलोकन गर्न सकिन्छ । यहाँबाट पूर्वतर्फ स्याङ्जा जिल्लाकै सबैभन्दा ठूलो फाँट र सोही फाँटको मध्य भाग हुँदै खेल्ने आँधीखोला, पाल्पा र गुल्मीका केही भू-भागहरू देख्न सकिन्छ । त्यसैगरी दक्षिणतर्फ मैदानका मनोरम दृश्य र प्याराग्लाइडिङ खुल्ला खेलहरूका साथै देउरालीका मन्दिरहरू प्रष्ट देख्न सकिन्छ भने पश्चिमतर्फ भञ्ज्याङका हरियाली मनोरम दृश्यहरू समेत अवलोकन गर्न सकिन्छ ।

सो मन्दिरको व्यवस्थापन गर्न सके पखेरेलाई पनि धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिनेमा विश्वास गर्न सकिने प्रसस्त आधारहरू छन् । पखेरेमा धार्मिक पर्यटकीय क्षेत्रको रूपमा ऐतिहासिक पृष्ठभूमि बोकेका अरू पनि थुप्रै धार्मिक स्थलहरू छन्, जसमध्ये अर्को मन्दिर हो, बालाकन्यादेवी मन्दिर जुन पखेरेबाट ३ किलोमीटर पश्चिममा अवस्थित छ । उक्त मन्दिर पनि भौतिक संरचनाको संरक्षण र विकासको प्रतीक्षामा रहेको देखिन्छ। धार्मिक विविधताले विश्वमा नै नेपाल आफैँमा सुन्दर र धनी देश मानिए तापनि भावी पुस्ताहरूमा सो बारे चासो घट्दै जानु र राजनीतिक अस्थिरताका कारण हाम्रा मठ-मन्दिरहरू ओझेलमा पर्दै गएकाले धार्मिक पर्यटकीय क्षेत्र विकासका थुप्रै सम्भावनाहरू न्यून हुँदै गएका हुन् कि भन्नेप्रति चिन्तन र मनन गर्दै यसको जगेर्नाका निम्ति राष्ट्रिय स्तरबाटै पहलकदमी चाल्न आवश्यक देखिन्छ ।

(लेखक वालोदय अङ्ग्रेजी मा.वि.का प्र.अ.तथा *पब्लिक आवाज* साप्ताहिकका सम्पादक हुनुहुन्छ । सं.)

# हार्दिक शुभकामना

**विजया दशमी, शुभ– दीपावली, छठ तथा इद पर्व २०७६ को उपलक्ष्यमा सम्पूर्ण ग्राहक एवम् शुभ– चिन्तकज्यूहरूमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**




फोन : ०६१-६९१०६०
मोबाईल : ९८४६०४०८९८

# न्यू बेबी मन्टेश्वरी

पोखरा–१, बगर, भिमकालिपाटन
( शिक्षाकार्यलय नजिक सँस्कृत मा. वि.को गेटमा)
स्थापित : २०७०






**यहाँ Play group देखि Nursery, L.K.G, U.K.G हुदै कक्षा १, २ र ३ सम्मको पठनपाठन गराईन्छ ।**

**हाम्रा विशेषताहरूः**

- स्वच्छ तथा पारिवारीक वातावरण ।
- भूकम्परहित भवनमा ।
- दक्ष तथा तालिम प्राप्त शिक्षकहरूबाट अध्यापन गराइने ।
- प्रयाप्त मन्टेश्वरी सामाग्रीहरूको ब्यवस्था
- बालबालिकाको मनोविज्ञान अनुसार अध्यापन गराइने ।
- पोखरा भरी यातायातको सुबिधा भएको ।
- यहाँ शुद्ध खाने पानीको ब्यवस्था छ ।
- १२ रै महिना भर्नाको सुमिधा भएको ।

प्रबन्ध निर्देशक
अशोक अधिकारी

# भीरकोट मौलाकालिका मन्दिर : एक चिनारी र पूजा विधि

## सूचना श्रोतः स्थानीय युवाहरू र मन्दिरका पूजारी

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, भीरकोट नगरपालिका ३ र २ नम्बरको सीमामा रहेको भीरकोट बडामौलाकालिका भीरकोट नगरपालिकाको एक धार्मिक चिनारी हो । पूर्वमा भीरकोट नगरपालिका -३ को बानेथोक, पश्चिममा भीरकोट न.पा.-२ को ठूलो गाउँ, उत्तरमा साविक न.पा.-२ को सारूथोक र केघा गाउँको भौगोलिक सीमाभित्र दक्षिणी भेगमा पर्ने भीरकोट न.पा-२ को डाँडाकोट गाउँमा समुद्र सतहदेखि ११०० मी. उचाइमा यो मन्दिर रहेको छ। स्याङ्जाको सदरमुकाम स्याङ्जा बजारबाट १७ कि.मी पक्की र ९ कि.मी. कच्ची गरी जम्मा २६ कि.मी.को पूर्वी दूरीमा यो मन्दिर अवस्थित रहेको पाइन्छ। यहाँबाट वालिङ बजार १२ कि.मी.को दूरीमा पर्दछ भने बयरघारी बजार कच्ची सडक ९ कि.मी र पैदल ५ कि.मी. दूरीमा पर्दछ। यो मन्दिरमा विशेष गरी ठूलो दसैंको नवमीको दिन र चैते दसैंको नवमीमा पञ्चबलि, पाठो ,कुखुरा, हाँस लिएर वा खाली दर्शन गर्न आउनेका भीड लाग्छ। अन्यत्र शक्तिपीठमा नवमीको दिन पूजाआजा, काट्मार नहुने भएता पनि किंवदन्तीअनुसार अघि पूर्वजहरूको पालामा लडाइँ हुँदै जाँदा अष्टमीको दिनसम्म लडाइँ नै भएको हुँदा नवमीको दिन पूजाआजा संचालन गर्न परेकाले यस मन्दिरमा नवमीको दिन पूजाआजा संचालन गर्ने गरिएको भनाइ छ। यस मन्दिर मा ठूलो दशैंमा घटस्थापनाको दिनदेखि सरकारी पूजा संचालन गरिन्छ। यस मन्दिरमा तीन किसिमका पूजारी रहने चलन छ। संकल्प भन्ने ब्राह्मण, समाउने अधिकारी क्षेत्री र पूजाआजामा सघाउने पूजारी सारू मगर यस मन्दिरका पूजारीका रूपमा रहने चलन छ। यस मन्दिरको उत्तरतर्फ सिरानमा रहको कोठामा घटस्थापनाको दिन एक घडालाई सिँगारी घडामाथि तामाको पालामा बत्ती बाली सो बत्ती दशमीको दिन विसर्जन नहुँदासम्म दिनरात बाली राख्ने चलन यहाँ रहेको पाइन्छ । सो बत्तीको रेखदेखमा मगर पूजारी खटिएका हुन्छन् । सोही दिन महाकाली, महालक्ष्मीको स्थापना गरिन्छ । पौराणिक कालदेखि मानी आएको तरबारलाई ठूलो टपरीमा चामल राखी चामलमा तरबार अडाई नयाँ सुतीको साडीले छोपी राख्ने, अष्टमीको दिन एक शक्तिपीठ, बाँकी एक तरबार र एक घडा थप्ने तथा घडा तरबारमाथि स्थापना गरेझैं गर्ने अनौठो चलन पनि यस मन्दिर मा रहेको पाइन्छ।

दशैंको द्वादशीको दिन यस मन्दिरमा रहेको सिरानको बीच कोठामा चण्डी पाठ

गर्नेका लागि एक मण्डप तयार गरिन्छ । मन्दिरको तल्लो तलामा रहको उत्तरतर्फको कोठामा विभिन्न हातहतियार, शंख, घण्ट, मूर्ति राखी पञ्चवली पाठो, कुखुरा पूजा गर्न आउने सर्वसाधारणका लागि खुला गरिएको छ । आफूले आँटेको, मागेका भाकलहरू माग गरी धूप अक्षेता अर्पण गर्ने चलन परम्परादेखि नै चल्दै आएको पाइन्छ ।  मन्दिर को तल्लो तलाको पूर्वपट्टिको कोठामा प्रतिपदादेखि चौथीको दिनबाहेक दशमीसम्म एक पाठोले संकल्प गरी भाकल चलाउने चलन छ भने अष्टमीको दिनदेखि मौलामा पूजा संचालन हुन्छ । सरकारी राँगा मौलामा पूजाआजा गरी विधिअनुसार काटिएपछि मौलामा सर्वसाधारणका लागि पूजा खुलाउने गरिन्छ । पञ्चबलि, ठूलो दशैंको अष्टमी र नवमी तथा चैत्रे दशैंको नवमीमा मात्र मौलामा काट्मार गरिन्छ । मौला मन्दिरको पूर्वपट्टि पटाहमा राखिएको छ । यी तीन दिनमा लगाइएका पञ्चवलीका मेडामात्र मौलामा बली दिने चलन छ भने अन्य पाठा, कुखुरा, हाँस मन्दिरको दक्षिणपट्टिको पटाहमा बलि दिने चलन छ । यी तीन दिनबाहेक पूजा हुने दिनमा आएका मेडाहरू दक्षिणतर्फको ढोकाको पटाहमा बलि दिने गरिन्छ ।



